
# लेखापरीक्षण प्रतिवेदन
# झापा
## २०७२।७३




## महालेखापरीक्षकको कार्यालय
### काठमाडौं, नेपाल

# *Serving the Nation and the People*

## दूरदृष्टि (Vision)

जनहितका लागि जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हुन प्रयत्नशील रहने ।

(We strive to be a credible institution in promoting accountability, transparency and integrity for the benefit of the people)

## गन्तव्य (Mission)

सरोकारवालालाई सार्वजनिक कोषको दक्षतापूर्ण उपयोग सम्बन्धमा आश्वस्त पार्न स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।

(Provide independent and quality audit service to assure our stakeholders that the public funds are efficiently used)

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | (Integrity) |
| स्वतन्त्रता | (Independence) |
| व्यावसायिकता | (Professionalism) |
| पारदर्शिता | (Transparency) |
| जवाफदेहिता | (Accountability) |

# प्राक्कथन

नेपालको संविधानले महालेखापरीक्षकलाई संघीय, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखापरीक्षण गर्ने जिम्मेवारी सुम्पेको छ । महालेखापरीक्षकले संविधान, प्रचलित कानून र लेखापरीक्षणका मान्य सिद्धान्त बमोजिम सार्वजनिक स्रोत साधनको परिचालन, विकास निर्माण एवं सेवा प्रवाहमा रहेका कमी कमजोरी र आर्थिक अनियमितता पहिचान गरी सुधारका लागि सुझावसहित प्रतिवेदन गर्दै आएको छ ।

सार्वजनिक प्रशासनलाई स्वच्छ, निश्पक्ष, पारदर्शी र जवाफदेही बनाई सुशासनको प्रत्याभूति गर्न राज्यका क्रियाकलाप निर्देशित हुने संवैधानिक व्यवस्था छ । जिम्मेवार व्यक्तिले सरकारी आम्दानी वा खर्च गर्दा नियमसम्मत, मितव्ययी, दक्ष, प्रभावकारी र औचित्यपूर्ण तवरले गर्नुपर्ने र आफूले गरेको आर्थिक कारोबारको आन्तरिक जाँच गरी वा गराई ठीक छ भन्ने कुरामा विश्वस्त हुनुपर्ने कानूनी व्यवस्था छ । यसबमोजिम आर्थिक कारोबार नभएबाट नै बेरुजू सिर्जना हुने गरेको छ ।

पारदर्शी आर्थिक कारोबारले जवाफदेहिता, विश्वसनियता र आर्थिक अनुशासन कायम राख्न मद्दत पुऱ्याउँदछ । आफ्नो कामप्रतिको निष्ठा, पेशागत इमान्दारिता र जिम्मेवारीको बोध हुन सकेमा मात्र सरकारी आर्थिक कारोबार सुदृढ हुन सक्दछ । यसका निमित्त आर्थिक कारोबार गर्ने कार्यालय, नियमनकारी निकाय तथा सरोकारवाला सवैको ध्यान पुग्नु जरुरी छ । यस क्रममा आन्तरिक नियन्त्रण र लेखापरीक्षणको भूमिका उत्तिकै महत्वपूर्ण रहने हुनाले यसमा पनि प्रभावकारिता ल्याउनुपर्दछ ।

लेखापरीक्षणमा जोखिमको पहिचान गरी कार्यालयको छनौट, योजना/कार्यक्रम तर्जुमा, प्रबेश बैठक, स्थलगतरुपमा परीक्षण गरी प्रमाण सङ्कलन, मस्यौदा उपर छलफल पश्चात् कार्यालयगत रुपमा लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन उपलव्ध गराइएको छ । कानूनबमोजिम ३५ दिनभित्र फछ्र्यौट नभई बाँकी रहेका ब्यहोरा मिलान गरी प्रतिवेदनमा समावेश गरिएको छ ।

बहुजनहितायको मान्यता अवलम्बन गर्दै प्रतिवेदनमा सहज पहुँच पुऱ्याई सरोकारवालालाई सुसुचित गर्ने उद्देश्यले यो प्रतिवेदन प्रकाशित गरिएको छ । यसबाट आगामी दिनमा संघीय, प्रदेश र स्थानीय तहको जनचासो सम्बोधन गरी प्रतिवेदन गर्न सहयोग मिल्ने विश्वास लिइएको छ । प्रतिवेदन तयार गर्न योगदान पुऱ्याउनु हुने सबैमा कार्यालय आभार व्यक्त गर्दछ । साथै प्रतिवेदनलाई कार्यान्वयनमा ल्याई सरकारी आर्थिक कारोबारमा पारदर्शिता र जवाफदेहिता प्रवर्द्धन गर्न सबै पक्षबाट सहयोग प्राप्त हुने अपेक्षा गरिएको छ । यो प्रतिवेदन कार्यालयको वेभसाइट *www.oagnep.gov.np* मा समेत राखिएको छ ।

# विषय सूची


| सि.नं. | | विषय | पृष्ठ |
|---|---|---|---|
| १. | | लेखापरीक्षणको उद्देश्य, क्षेत्र र पद्धति | १ |
| २. | | लेखापरीक्षण र बेरुजूको स्थिति | २ |
| ३. | | कार्यालयगत लेखापरीक्षण व्यहोरा | ३ |
| | ३.१. | आन्तरिक राजस्व कार्यालय | ३ |
| | ३.२. | कन्काइ सिचाई व्यवस्थापन डिभिजन | ९ |
| | ३.३. | खाद्य क्वारेन्टाइन प्रयोगशाला, काकडभिट्टा | १० |
| | ३.४. | खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय | १० |
| | ३.५. | चन्द्रडांगी विउविजन तथा दुग्ध आयोजना | १४ |
| | ३.६. | जनताको तटवन्ध कार्यक्रम फिल्ड कार्यालय | १५ |
| | ३.७. | जल उत्पन्न प्रकोप नियन्त्रण डिभिजन | १७ |
| | ३.८. | जिल्ला आयुर्वेद कार्यालय | १८ |
| | ३.९. | जिल्ला कारागार कार्यालय | १८ |
| | ३.१०. | जिल्ला कृषि विकास कार्यालय | १९ |
| | ३.११. | जिल्ला प्राविधिक कार्यालय | २० |
| | ३.१२. | जिल्ला प्रशासन कार्यालय | २१ |
| | ३.१३. | जिल्ला प्रहरी कार्यालय | २२ |
| | ३.१४. | जिल्ला पशु विकास कार्यालय | २४ |
| | ३.१५. | जिल्ला वन कार्यालय | २४ |
| | ३.१६. | जिल्ला विकास समितिको कार्यालय | २८ |
| | ३.१७. | जिल्ला भू संरक्षण कार्यालय | ३६ |
| | ३.१८. | जिल्ला जनस्वास्थ्य कार्यालय | ३८ |
| | ३.१९. | जिल्ला शिक्षा कार्यालय | ४० |
| | ३.२०. | जिल्ला हुलाक कार्यालय | ४२ |
| | ३.२१. | डिभिजन सडक कार्यालय | ४३ |
| | ३.२२. | डिभिजन सहकारी कार्यालय | ४७ |
| | ३.२३. | नापि कार्यालय, चन्द्रगढी | ४८ |
| | ३.२४. | नापि कार्यालय, दमक | ४८ |
| | ३.२५. | पर्यटन कार्यालय | ४८ |
| | ३.२६. | पूर्वाञ्चल क्षेत्रीय सडक निर्देशनालय | ५० |
| | ३.२७. | व्यवसायिक तथा सिप विकास तालिम केन्द्र | ५० |
| | ३.२८. | मालपोत कार्यालय,चन्द्रगढी | ५१ |
| | ३.२९. | मालपोत कार्यालय, दमक | ५२ |
| | ३.३०. | मेची अंचल अस्पताल | ५४ |
| | ३.३१. | मेची बहुमुखी क्याम्पस | ५६ |
| | ३.३२. | मेची भंसार कार्यालय | ५७ |
| | ३.३३. | यातायात व्यवस्था कार्यालय मेची | ६१ |
| | ३.३४. | राष्ट्रिय चिया तथा कफी विकास वोर्ड | ६१ |
| | ३.३५. | स्थानीय विकास कोषको सचिवालय | ६२ |
| | ३.३६. | सशस्त्र प्रहरी वल पाथिभरा गण लखनपुर | ६२ |

| | | |
|---|---|---|
| | ३.३७. सशस्त्र प्रहरीवल सीमा सुरक्षा कार्यालय | ६२ |
| | ३.३८. सिचाइ विकास डिभिजन चन्द्रगडी | ६३ |
| ४. | आन्तरिक लेखापरीक्षण | ६५ |
| अनुसूची १ : लेखापरीक्षण गरिएका कार्यालय र लेखापरीक्षण अङ्क | | ६६ |
| अनुसूची २ : बेरुजूको स्थिति | | ६८ |
| अनुसूची ३ : जिल्ला विकास समितिको कार्यालयको आय व्यय विवरण | | ७० |
| अनुसूची ४ : जिम्मेवार पदाधिकारीको नामावली | | ७१ |

# लेखापरीक्षणको उद्देश्य, क्षेत्र र पद्धति

१. **संवैधानिक तथा कानूनी व्यवस्था :** संविधानको धारा २४१ मा महालेखापरीक्षकले संघीय, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालय र कानुनद्वारा तोकिएका अन्य संस्थाको लेखा कानून बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी लेखापरीक्षण गर्नु पर्ने व्यवस्था छ। लेखापरीक्षण (संशोधन सहित) ऐन, २०४८ ले महालेखापरीक्षकले लेखापरीक्षण गर्ने निकायको सबै वा कुनै ईकाइ मात्र छनौट गरी आर्थिक कारोबारको विस्तृत वा आंशिक रुपमा परीक्षण गर्ने गरी लेखापरीक्षणको तरिका, क्षेत्र र अवधि तोकी लेखापरीक्षण गर्न, प्राप्त तथ्यहरु दर्साउन, त्यसमा आलोचना गर्न र राय सहितको प्रतिवेदन गर्न सक्ने व्यवस्था छ। संविधान, लेखापरीक्षण ऐन र अन्य कानुनद्वारा प्रदत्त व्यवस्था अनुरुप लेखापरीक्षण गरिएको छ।

२. **उद्देश्य** : सार्वजनिक आर्थिक कारोबारमा स्वच्छता, पारदर्शिता, जवाफदेहिता, विश्वसनियता र अनुशासन प्रबर्धन गराउनु लेखापरीक्षणको प्रमुख उद्देश्य रहेको छ। लेखापरीक्षण गर्दा देहायका विषयको परीक्षण एवं विश्लेषणमा केन्द्रित गरिएको छ :

- विनियोजन, राजस्व र धरौटीको लेखा तोकिएको ढाँचामा राखेको र यथार्थ स्थिति चित्रण गरेको,
- स्वीकृत कार्यक्रम, बजेट र अख्तियारीको सीमा भित्र रही तोकेको कार्य र प्रयोजनमा खर्च गरेको,
- राजस्व लगायत समस्त आम्दानी, असूली एवं दाखिला र धरौटी आम्दानी कानुन सम्मत रहेको,
- सरकारी सम्पत्तिको अभिलेख, सुप्रबन्ध र संरक्षणको पर्याप्त व्यवस्था गरेको,
- नगदी, जिन्सी तथा सरकारी सम्पत्ति एवं स्रोतको हानि नोक्सानी र दुरुपयोग हुन नपाउने गरी आन्तरिक नियन्त्रण व्यवस्था गरेको,
- आर्थिक कारोबार गर्दा प्रचलित कानुनको पालना गरेको एवं पुष्ट्याई गर्ने प्रमाण यथेष्ठ राखेको,
- स्वीकृत कार्यक्रम अनुसार निर्धारित समय भित्र प्रगति हासिल गरेको,

३. **क्षेत्र** : यस जिल्ला स्थित अनुसूची १ मा उल्लिखित सरकारी कार्यालय र समितिको २०७२।७३ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरिएको छ।

४. **पद्धति :** संविधान, लेखापरीक्षण ऐन, सर्वोच्च लेखापरीक्षण संस्थाहरुको अन्तर्राष्ट्रिय संगठन (इन्टोसाई) द्वारा प्रतिपादित सिद्धान्त र असल अभ्यासको अनुसरण गरी लेखापरीक्षणको क्रममा देहायका मानदण्ड एवं मार्गदर्शन प्रयोग गरिएको छ।

| | |
|---|---|
| • सरकारी लेखापरीक्षण नीति मानदण्ड,<br>• वित्तीय लेखापरीक्षण मार्गदर्शन,<br>• महालेखापरीक्षकको लेखापरीक्षण सम्बन्धी निर्देशन तथा परिपत्र,<br>• संयुक्त लेखापरीक्षण टोली सम्बन्धी निर्देशन,<br>• गुणस्तर आश्वस्तता निर्देशिका,<br>• आयोजना हिसाबको लेखापरीक्षण मार्गदर्शन,<br>• राजस्व लेखापरीक्षण मार्गदर्शन, | • सार्वजनिक खरिद व्यवस्थाको लेखापरीक्षण मार्गदर्शन,<br>• प्रशासकीय खर्चको लेखापरीक्षण मार्गदर्शन,<br>• जिल्ला विकास समिति लेखापरीक्षण निर्देशिका,<br>• जोखिममा आधारित लेखापरीक्षण निर्देशिका,<br>• लेखापरीक्षकको आचारसंहिता,<br>• सार्वजनिक संस्थाका लेखापरीक्षकको लागि निर्देशन, |

वार्षिक योजना र कार्यक्रमको अधीनमा रही स्थलगत रुपमा लेखापरीक्षण गरी प्रतिवेदन गरिएको छ। लेखापरीक्षणको गुणस्तर अभिवृद्धिका लागि कार्यान्वयन चरणमा निरीक्षण, सुपरिवेक्षण तथा आचारसंहिता पालनाको अनुगमन गरी गुणस्तर आश्वस्तताको निमित्त सम्पादित कामको पुनरावलोकन गर्ने गरिएको छ।

लेखापरीक्षण गरिने निकाय र कारोबारको छनौट गर्दा जोखिम मूल्याङ्कनको आधारमा स्वीकृत योजना र कार्यविधि अबलम्बन गरी अनुसूची १ बमोजिम ५२ कार्यालयको विस्तृत र २३ कार्यालयको आन्तरिक लेखापरीक्षण तथा केन्द्रीय आर्थिक विवरणको आधारमा लेखापरीक्षण सम्पन्न गरिएकोछ।

# लेखापरीक्षण र बेरुजूको स्थिति

१. **लेखापरीक्षणः** यस जिल्ला स्थित ७५ सरकारी कार्यालयको बिनियोजन, राजस्व, धरौटी र अन्य कारोबार समेत रु.२२ अर्ब १६ करोड ३८ लाख को लेखापरीक्षण सम्पन्न गरिएको छ। लेखापरीक्षण गरिएका कार्यालय र लेखापरीक्षण अङ्क अनुसूची १ मा उल्लेख छ।

२. **बेरुजूः** आर्थिक कार्यविधि ऐन, २०५५ अनुसार प्रचलित कानुन बमोजिम पुऱ्याउनुपर्ने रीत नपुऱ्याई कारोबार गरेको वा राख्नुपर्ने लेखा नराखेको तथा अनियमित वा बेमनासिब तरिकाले आर्थिक कारोबार गरेको भनी लेखापरीक्षण गर्दा औंल्याइएको वा ठहऱ्याएको कारोबारलाई बेरुजूको रुपमा परिभाषित गरिएको छ।

यस वर्ष ४० कार्यालयको प्रारम्भिक प्रतिवेदनवाट कूल दफा ५५३ र रु.४७ करोड ८ लाख ७ हजार बेरुजू देखिएकोमा ३५ दिनभित्र फछ्र्यौट गरी सम्परीक्षण गराउन सम्बन्धित कार्यालयहरुलाई जानकारी गराइएको थियो। प्रतिवेदन अबधिसम्म ३३ कार्यालयको प्रतिक्रियाबाट फछ्र्यौट र समायोजन भएका १६३ दफा र रु.१५ लाख ९८ हजार मिलान गरी ४० कार्यालयको दफा ३९० र रु.४६ करोड ९२ लाख ९ हजार बेरुजू बाँकी रहेको छ। लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदनमा उल्लेख भएको दफा संख्यामा प्रतिकृयाबाट फछ्र्यौट एवं समायोजन गरी बाँकी दफा संख्या कायम गरिएको छ। लेखापरीक्षणको क्रममा रु.७ लाख २५ हजार असुल भएको छ।

बाँकी बेरुजू मध्ये असुल उपर गर्नुपर्ने रु.८ करोड ६३ लाख ६९ हजार, अनियमित रु.२१ करोड १४ लाख ९४ हजार र पेश्की रु.१७ करोड १३ लाख ४६ हजार रहेको छ। यस सम्वन्धि विवरण अनुसूची २ मा उल्लेख छ।

३. **सुझावः** तोकिएको प्रक्रिया अपनाइ समयमै बेरुजू फछ्र्यौट गर्ने दायित्व जिम्मेवार व्यक्तिको हो। प्राप्त अख्तियारीबमोजिम कार्यसञ्चालन गर्ने, जिम्मा लिने, खर्च गर्ने, लेखा राख्ने, बेरुजू फछ्र्यौट गर्ने गराउने, सरकारी नगदी जिन्सी असुलउपर गर्ने गराउने तथा दाखिला गर्ने र सरकारी कामको जिम्मा लिने व्यक्तिलाई कानुनले जिम्मेवार व्यक्ति तोकेको छ। बेरुजू औंल्याइएका कार्यालय र जिम्मेवार पदाधिकारीको नामावली अनुसूची ४ मा दिइएको छ।

आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ९८ अनुसार असुलउपर गर्नुपर्ने देखिएको बेरुजू जिम्मेवार व्यक्तिबाट समयमै असुलउपर गरी फछ्र्यौट गर्नुपर्दछ।

अनियमित बेरुजूको हकमा आर्थिक कार्यविधि ऐन, २०५५ को दफा २१(२) र नियम १००(३) बमोजिम सरकारी हानि नोक्सानी भए नभएको यकिन गरी प्रचलित कानुनको रीत पुऱ्याउनुपर्नेमा रीतसम्म नपुगेको तर सरकारी हानि नोक्सानी नभएको अवस्थामा यथेष्ठ प्रमाण र मनासिब कारणसहित नियमित गरेर फछ्र्यौट गर्नुपर्दछ। तर सरकारी नगदी जिन्सीको हानि नोक्सानी भएको अवस्थामा जिम्मेवार व्यक्तिउपर नियमानुसार कारबाहीसहित हानि नोक्सानी भएको रकम असुलउपर गरी अनियमित बेरुजू फछ्र्यौट गर्नुपर्दछ। प्रमाण पेश नभएको अनियमित व्यहोरा सम्बन्धमा प्रमाण कागजात पेश गरी फछ्र्यौट गर्नुपर्दछ।

पेश्की बेरुजू अन्तर्गत म्याद नाघेको पेश्की आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ७९ अनुसार कारबाही गरी र म्याद बाँकी रहेको पेश्कीको हकमा सम्झौता वा कबुलियतनामामा अनुसार फछ्र्यौट गर्नु गराउनुपर्दछ।

# कार्यालयगत लेखापरीक्षण व्यहोरा

## आन्तरिक राजस्व कार्यालय

१ **आय विवरण :** आयकर ऐन, २०५८ को दफा ९६ मा प्रत्येक व्यक्तिले आय वर्ष समाप्त भएको तीन महिना भित्र म्याद थप भएकोमा सो म्याद भित्र) आय विवरण दाखिला गर्नुपर्ने व्यवस्था छ । यो वर्ष आय विवरण दाखिला गर्नुपर्ने ४८८३२ करदातामध्ये ४६५३४करदाता ले मात्र आय विवरण दाखिला गरेको छन् । जसमध्ये डे१का विवरण ३१८३२ र डे३ का १४७०२ विवरण रहेका छन । कानुनमा तोकिएको समयमा आय विवरण दाखिला नगर्ने २२९८करदाताको खोजि गरी आय विवरण दाखिला गर्न लगाउने कार्य भएको नदेखिदा कार्यालयको पहल हुनु पर्दछ ।

२ **मुल्य अभिवृद्धि कर विवरण :** मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १८ मा करदाताले प्रत्येक महिना आफूले बुझाउनु पर्ने कर रकम स्वयं निर्धारण गरी सो महिना समाप्त भएको २५ दिन भित्र कर विवरण बुझाउनु पर्ने व्यवस्था छ । कार्यालयमा मूल्य अभिबृद्धि करमा दर्ता भएका ६१२५करदाताहरुमध्ये ५५ ले बन्द गरेको, बांकी ६०७० ले मूल्य अभिबृद्धि कर विवरण बुझाउनु पर्नेमा ३१२ ले डेबिट विवरण, १३०६. ले क्रेडिट विवरण, ३४५६ ले शुन्य विवरण पेश गरेको र ९९४ ले विवरण पेश गरेको देखिन्छ । यसबाट डेबिट विवरण बुझाउने करदाताको संख्या न्युन देखिएकाले बजार अनुगमन गरी यस्ता विवरणको छानवीन बढाउनु पर्दछ ।

३ **राजश्वको आर्थिक विवरण :** यो वर्ष विभिन्न करदाताबाट असुल भएको मूल्य अभिवृद्धि कर रु. ७४०१६१९७ लाई हसवली आम्दानीमा देखाएको छ । कार्यालयले असुल गर्ने सम्पूर्ण राजस्व रकम आर्थिक विवरणमा समावेश गर्नुपर्नेमा मूल्य अभिवृद्धिकरतर्फ २८८ करदाताको २०७२ आषाढ मसान्त सम्मको वक्यौता रु.१२२५४९४९५। आर्थिक विवरणको लगतमा समावेश गरेको देखिएन । साथै कर परीक्षण गरी रु.७९०६०००। मूल्य अभिबृद्धि कर निर्धारण गरेकोमा माग किताबमा चढाई लगत बांकीमा नदेखाएकोले उक्त रकम आर्थिक विवरणमा समावेस हुनुपर्दछ ।

४ **वक्यौता फछर्यौट :** कर फछर्यौट आयोग २०७१ संग भएको सम्झौता र निर्णयानुसार विगत देखि २०७३ आषाढसम्मको आयकर तथा मुल्य अभिबृद्धि कर बक्यौता रहेका करदाताको निर्धारण भएको आयकर तथा मुल्य अभिबृद्धि करको तिर्नुपर्ने बक्यौता रकममा आयोगले कर बक्यौता रकम दाखिला गराउर्ने र बांकी मिन्हा दिने सहमति भएकोमा अधिकांश रकम मिन्हा दिई न्यून रकम मात्र दाखिला भएको देखिन्छ । कर रकमको सावा पनि छुट दिई सम्झौता हुँदा सुरुमा निर्धारण भएको रकम पनि असुल भएको देखिएन ।

५ **मूल्य अभिवृद्धि कर क्रेडिट :** कार्यालयमा दर्ता रहेका करदाताहरुले २०७१।४।१ देखि २०७२।३।३१ सम्म १३०६ वटा क्रेडिट कर विवरण पेश गरेकोमा ती करदातालाई रु.३१८१०४२१।– नेपाल सरकारले मूल्य अभिबृद्धि कर फिर्ता दिनु पर्ने संभावित दायित्व देखिएकोमा सो रकमलाई आर्थिक विवरणमा देखाएको छैन । क्रेडिट कर विवरण पेश गर्ने करदाताहरु मध्ये १२ महिनाभन्दा बढि अवधि देखि निरन्तर क्रेडिट हुने करदाता छनौट गर्दा १२२ रहेका छन । सो मध्ये सबैभन्दा बढि अवधिदेखि निरन्तर क्रेडिटमा रहेका करदाताहरु ७ रहेका छन् । मुल्य अभिबृद्धि करमा क्रेडिट देखाई विवरण पेश गर्ने यस्ता करदाताहरुको कारोवारका सम्बन्धमा बिषेश निगरानी राखी वास्तविक क्रेडिटको अवस्था एकिन गरी मु.अ.कर डेबिटमा ल्याउन प्रभावकारी पहल गर्नु पर्दछ ।

६ **वक्यौता मिन्हा** : आर्थिक ऐन २०७२ को दफा २२ बमोजिम रु **२००००।००** भन्दा घटी वक्यौता हुने करदाताहरुको वक्यौता मिन्हा हुने व्यवस्था बमोजिम २०७२।०८।१८ को निर्णय अनुसार ५४३ करदाताहरुको रु १७४९४३५।- मिन्हा दिएको देखिन्छ ।

७ **मूल्य अभिवृद्धि कर** : मूल्य अभिबृद्धि कर ऐन, २०५२ को दफा १९ मा करदाताले प्रत्येक कर अवधिको कर सो अवधि समाप्त भएको मितिले पच्चीस दिनभित्र बुझाउनु पर्ने र नबुझाएमा बांकी रहेको कर रकममा वार्षिक दश प्रतिशतका दरले थप दस्तुर लाग्ने व्यवस्था रहेकोमा दर्ता रहेका करदाताहरुमध्ये २०७२ आषाढ मसान्त सम्म २२३ करदाताको कर वापत रु.१२,२५,४९,४९५।- थप दस्तुर सहित असुल हुनुपर्दछ ।

८ **आयकर र अन्य** : कार्यालय अन्तरगत रहेका करदाताहरुमध्ये विभिन्न करदाताहरुसंग मिति २०७२ आषाढ मसान्तसम्म आयकर रु.२१,३१,५९,८१९।– अन्त:शुल्क रु.२९,७१,५४०।- पारिश्रमिक कर रु.८८,३११।– बहाल कर रु.१,८७,३१७- बिकीकर रु.९३,४३८।- विशेष शुल्क कर रु.४,४७,९४०।– गरी रु.२१,६०,४८,३६५।– असुल गर्न बांकी रहेकोले असुल हुनुपर्दछ ।

९ **विवादित कर** : आयकर ऐन, २०५८ को दफा ११५(८) मा निवेदन परेको साठी दिनभित्र विभागले निर्णय दिई सक्नु पर्ने व्यवस्था रहेको छ ।आर्थिक वर्षको अन्तमा असुल गर्न बांकी आयकर तथा अन्त:शुल्क (मूल्य अभिबृद्धि कर बाहेक) वक्यौता राजस्व रु.२१,६०,४८,३६५।– मध्ये १ करदाताहरुको रु.८,६५,७९७-का सम्बन्धमा आन्तरिक राजश्व विभागमा प्रशासकीय पुनरावलोकनका लागि निवेदन परेको कारणबाट कर रकम विवादित रहेको पाईयो ।

१० **वक्यौता असुली** : करदाताको कारोवार एवं चल अचल सम्पत्ति रोक्का गरेर वक्यौता असुल गर्न सकिने कानूनी व्यवस्था रहेतापनि वक्यौता असुली कार्य प्रभावकारी हुन सकेको छैन । आयकर ऐन, तथा मूल्य अभिवृद्धि कर कानूनको व्यवस्था अनुसार करदाताले दाखिला गर्नुपर्ने कर तोकिएको अवधिभित्र दाखिला नगरेमा बक्यौता असुल गर्न करदाताहरुको खोजतलास गरी टुङ्गो लगाउने, सम्पत्ति तथा कारोबार रोक्का गर्ने जस्ता कारबाही गर्नसक्ने कानूनी व्यवस्थाको पालना गरी वक्यौता असुलीलाई प्रभावकारी वनाउनुपर्दछ ।

११. **राजश्व लेखा प्रणाली** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ९ देखि १८ सम्म राजश्व दाखिला र राजश्वको लेखा सम्बन्धमा व्यवस्था गरिएको छ । यसका लागि महालेखा नियन्त्रक कार्यालयले राजश्व लेखा निर्देशिका जारी गरेको छ भने आन्तरिक राजश्व विभागले राजश्वको लेखा राख्न एवं प्रतिवेदन जारी गर्न विद्युतीय कर प्रणालीमा राजश्व लेखाप्रणाली सम्बन्धि अलग पोर्टलको व्यवस्था गरेको छ । कार्यालयमा नगद वा बैंक भौचरको रुपमा प्राप्त भएको राजश्व रकम आम्दानी रसिद काटी बुझ्नु पर्ने, जम्माकर्ताले राजश्व खातामा जम्मा गरेको मितिले एक वर्ष भित्र सम्बन्धित कार्यालयमा राजश्व भौचर पेश गर्नु पर्ने, बैंकले प्रत्याभुत गरेको चेक वा ड्राफ्ट वापत प्राप्त रकम नगद आम्दानी सरह मान्ने म.ले.प.फा.नं. क्रमश: ११, १०८क, १०८ख, १०, १०८, २३, ९, १५क र १९३ अनिवार्य रुपमा राख्नु पर्नेमा दोस्रो प्रति भौचरको आधारमा राजश्वको लेखा नराखेको बैंकबाट प्राप्त विवरणको आधारमा राजश्वको आम्दानी देखाउने गरेको वैंक हिसाव मिलान फारामको कुनै प्रयोजन नरहेको, राजश्व लेखा प्रणालीले स्वीकृत ढाँचाहरु स्वचालित रुपमा सृजना नगरेको सबै म.ले.प.फा.नं.हरु स्वचालित रुपमा प्रशोधन गरी प्रतिवेदनहरु तयारी गरेको देखिएन । आर्थिक विवरण स्वीकृत ढांचाभन्दा फरक ढांचामा तयार गरेको तथा भौचरको भिडान विवरण तयार नगरेको जस्ता व्यहोरा देखिएकोले त्यसमा सुधार हुनुपर्दछ ।

१२ **मूल्य अभिवृद्धि कर कोष** : मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ५१ अनुसार भंसार विन्दुमा संकलित सम्पूर्ण कर रकम मूल्य अभिवृद्धि कर कोष खातामा दैनिक रुपमा जम्मा गर्नुपर्ने र सो को विवरण भंसार कार्यालयले तीन दिन भित्र नजिकको आन्तरिक राजस्व कार्यालयमा पठाउनु पर्ने, यसरी कोषमा जम्मा हुन आएको रकमबाट विभागले आदेश दिएको रकम फिर्ता दिई वांकी रहने रकम दैनिक रुपमा तोकिएको राजस्व खातामा जम्मा गर्नुपर्ने व्यवस्था छ । मूल्य अभिबृद्धि कर फिर्ता गर्नको लागि यस वर्ष रु.३,१८,१०,४२१।- माग भएकोमा रु.२,०३,९५,०५१।- फिर्ता भएको छ ।

मूल्य अभिबृद्धि कर फिर्ता दिनको लागि नेपालको अन्तरिम संविधान, २०६३ को धारा ९३ बमोजिम पेश हुने बजेटमा खर्च शीर्षक २८२११ मा बजेटको व्यवस्था गरी निकाशा र खर्च गर्नुपर्नेमा बजेटमा समावेश नगरी खर्च गरेकोले वजेट व्यवस्थाको कार्यान्वयन हुनुपर्दछ ।

१३ **कारोवार खुल्ने दर्ता अभिलेख** : आन्तरिक राजश्व कार्यालयले करदातालाई स्थायी लेखा नम्बर प्रदान गर्दा करदाताको कारोबार वा पेशा वा व्यवसायको प्रकृति खुल्ने गरी स्थायी लेखा नम्बर (एस.आई.टि.सी.कोड) दिने गरेको छैन । जसले गर्दा दर्ता यस कार्यालयको कार्यक्षेत्रभित्र दर्ता भएका भएका प्राइभेट फर्म, सहकारी संस्था, पेशागत संस्था (लेखापरीक्षक, कानून व्यवसायी, स्वास्थ्य व्यवसायी आदि), शैक्षिक संस्था, स्वास्थ्य संस्था, प्राइभेट कम्पनी आदिले स्थायी लेखा नम्बर लिए नलिएको अनुगमन गर्न सकिने अवस्था छैन । अत: आन्तरिक राजश्व विभागको करदातालाई प्रदान गरिने स्थायी लेखा नम्बरको वर्गीकरण प्रकृया (SITC Code) मा सुधार हुनु पर्दछ ।

१४ **अनुमानित करको विवरण** : आयकर ऐन, २०५८ को दफा ९४ मा किस्तावन्दीमा कर दाखिला गर्ने र दफा ९५ मा दाखिला गर्नुपर्ने अनुमानित करको विवरण बुझाउनु पर्ने व्यवस्था रहेकोमा यस कार्यालय अन्तर्गत आयकरतर्फ दर्ता भएका करदाताहरुमध्ये अनुमानित आय विवरण दाखिला गर्ने करदाताको अभिलेख अद्यावधिक गरेको पाइएन । अनुमानित कर विवरण पेश गर्नुपर्ने करदाताले समयमा पेश गरे नगरेको सम्बन्धमा अभिलेख राखी अनुगमन कार्यलाई प्रभावकारी बनाउनु पर्ने देखिन्छ ।

१५ **पूर्ण कर परीक्षण** : आयकर ऐन, २०५८ अनुरुप पेश भएका आय विवरणमध्ये पूर्ण कर परीक्षणका लागि गत वर्षहरुमा छनौट भएकामध्ये परीक्षण हुन बांकी रहि जिम्मेवारी सरेका २१० र यो वर्ष आय विवरण पेश गरेका २०,६४० कर दाताहरुमध्ये ९० समेत ३०० करदाताको यो वर्ष पूर्णकरपरीक्षण गर्नुपर्नेमा १७६ कर परीक्षण हुन सकेको देखियो । पेश भएका आय विवरण मध्ये ५४ प्रतिशत र डे३ पेश गर्ने करदाताहरुमध्ये २७ प्रतिशत करदाताहरुको मात्र कर परीक्षण भएको छ । यसबाट ज्यादै कम करदाताका फाइल कर परीक्षण गर्न छनौट गर्ने र छनौट भएका मध्ये पनि कम करदाताको मात्र कर परीक्षण हुने गरेको पाइयो । अत: आय विवरण पेश गरेका सबै करदाताहरुको चार वर्षभित्र कर परीक्षण गर्ने नीति अवलम्बन गर्न आवश्यक सुधार गर्दै लानु पर्ने देखिन्छ ।

१६ **न्यून कर परीक्षण** : कर परीक्षणबाट निर्धारण भएको आयकर, मूल्य अभिवृद्धि कर र अन्त:शुल्क समेत रु.१,३१,७२,०००।- सञ्चित नोक्सानी घटाइएको मासिक कार्यसम्पन्न प्रतिवेदनबाट देखिन्छ । यसबाट दर्ता भएका सबै आय विवरणहरुको कर परीक्षण गर्ने नीति अवलम्बन गरिएमा नेपाल सरकारको राजश्वमा थप योगदान हुने भएकाले जोखिमका क्षेत्र पत्ता लगाई करपरीक्षणको दायरा बढाउनु पर्दछ ।

१७ **ऋण पूंजीको अनुपात र आर्थिक कारोवार** : करदाताको वासलातमा रहने पूंजीको स्रोत मध्ये शेयर, ऋण मुख्य रहेका हुन्छन् । ऋण र शेयर पूंजीको अनुपात परीक्षण गर्दा अधिकृत पूंजीको तुलनामा न्यून मात्रामा चुक्ता पुंजी जुटाई व्यवसायमा स्रोतको अभाव देखाई वैंकवाट ऋण लिएर व्याज खर्च कट्टी गर्ने गरेको देखियो । कर दायित्वमा प्रत्यक्ष असर गर्ने ऋण पूंजी र शेयर पूंजीको अनुपात अर्न्तराष्ट्रिय अभ्यास हेर्दा ३:१ सम्म रहेको देखिए तापनि यस कार्यालयको क्षेत्राधिकारका करदाताको अवस्था निम्नानुसार १०.९९:१ सम्म देखिएकोले पूंजी न्यून संकलन गरेर ऋण लिई व्याज खर्च लेख्दा आयकर राजस्वमा परेको प्रभाव, यस सम्वन्धमा कानुनी व्यवस्था नभएकोले ऋण र पूंजीको अनुपात निर्धारण गर्न कठिनाई परेको अवस्थालाई दृष्टिगत गदै अर्न्तराष्ट्रिय मान्यता अनुरुप ऋण पूंजी अनुपात सम्वन्धमा कानूनी व्यवस्था गर्नु पर्दछ ।

१८ **स्वास्थ्य सेवा कर** : आर्थिक ऐन, २०७१को दफा ७ मा नेपाल सरकारले प्रदान गर्ने स्वास्थ्य सेवा र सामूदायिक अस्पतालहरुले प्रदान गर्ने स्वास्थ्य सेवा बाहेकका अन्य निकायहरुले प्रदान गर्ने स्वास्थ्य सेवाहरुमा जारी विजक मूल्यको पांच प्रतिशतका दरले स्वास्थ्य सेवा कर लगाई असुल गरिने व्यवस्था छ । यो वर्ष कार्यालयको रु.१,९७,२२ हजार शुल्क असुल गर्ने लक्ष्य रहेकोमा रु. ३,०४,३१ हजार असुल गरेको छ । कार्यालयको अभिलेखबाट ७ अस्पतालले स्थायी लेखा नम्बर लिएको देखिन्छ । यस जिल्लामा कारोबार स्थल राखी सम्बन्धित निकायमा दर्ता भएका निकायले स्थायी लेखा नम्बर लिए नलिएको र आय विवरण एवं शुल्क दाखिला गरे नगरेको सम्बन्धमा कार्यालयलले विद्युतीय माध्यममा अभिलेख राखी प्रभावकारी रुपमा अनुगमन नगरेकोले यसमा सुधार हुनुपर्दछ ।

१९ **सामाजिक सुरक्षा कर** : आर्थिक ऐन, २०७२ को दफा २८ मा आयकर ऐन, २०५८ को अनुसूची-१ को दफा १ बमोजिम एकल प्राकृतिक व्यक्तिको वार्षिक दुई लाख पचास हजार रुपैयासम्म रोजगारीको आय भएमा उक्त आयमा एक प्रतिशतका दरले र दम्पत्तीको हकमा वार्षिक तीन लाख रुपैयासम्म रोजगारी आय भएमा एक प्रतिशतका दरले कर लाग्ने, यस्तो कर रकम भुक्तानीका बखत स्रोतमा कट्टी गरी असूल गरिने र असूल गरिएको रकम छुट्टै राजस्व खातामा जम्मा गरिने व्यवस्था रहेको छ । यस वर्ष सामाजिक सुरक्षा कर वापत रु.९,७३,०७,५६७।- असुल भई नेपाल सरकारको राजश्व खातामा दाखिला भएको छ । सामाजिक सुरक्षा कोष (व्यवस्थापन तथा सञ्चालन) नियमावली, २०६७ अनुसार सामाजिक सुरक्षा कोषले योगदानकर्ताहरुलाई परिचयपत्र जारी गर्ने व्यवस्था समेत रहेको छ । करदाताहरुले आय विवरण पेश गर्दा करदाताले धेरै जना कर्मचारी वा कामदार देखाई उनीहरुलाई यस्तो कर लाग्ने रकमको सीमासम्म तलब भुक्तानी भएको देखाउने गरेको पाइयो । यस्तो करलाई व्यवस्थित गर्न कर दाखिला गर्दा कोषबाट जारी भएको परिचयपत्र नम्बर अनिवार्य रुपमा उल्लेख गर्न लगाउने वा कामदार तथा कर्मचारीलाई विभागले व्यक्तिगत स्थायी लेखा नम्बर लिन अनिवार्य गर्नु पर्ने देखिन्छ ।

२० **मूल्य अभिबृद्धि कर** : मूल्य अभिबृद्धि कर ऐन, २०५२ को दफा ७ मा नेपालभित्र आपूर्ति भएका वस्तु वा सेवामा, नेपालभित्र आयात गरिएको वस्तु वा सेवामा तथा नेपालबाहिर निर्यात गरिएको वस्तु वा सेवामा १३ प्रतिशतको एकल दरले तथा सोही ऐनको अनुसूची २ मा उल्लिखित वस्तु वा सेवाको कारोबारमा शून्य दरमा कर लाग्ने व्यवस्था अनुसार रु.५१,८६,९१,०००।- हजार मूल्य अभिबृद्धि कर असुल गर्ने लक्ष्य राखेकोमा रु.५१,५०,२७,०००।- हजार असुल गरेकोले लक्ष्य प्राम्तिमा पहल हुनुपर्दछ ।

२१ **अन्त:शुल्क** : अन्त:शुल्क ऐन, २०५८ को दफा ३ मा अन्त:शुल्क लाग्ने वस्तु वा सेवा प्रतिष्ठानबाट उत्पादन गरी निष्काशन गर्दा, पैठारी गर्दा र सेवा विक्री गर्दा अन्त:शुल्क लाग्ने व्यवस्था रहेको छ भने दफा ४ बमोजिम अन्त:शुल्क असुली गर्नुपर्ने व्यवस्था रहेको छ । यस प्रयोजनका लागि

दफा ९ अनुसार इजाजत लिनु पर्ने व्यवस्था गरिएको छ। यस वर्ष कार्यालयले रु.६१,७६,७२,०००।- र अन्त:शुल्क असुल गर्ने लक्ष्य राखेकोमा रु.४८ करोड २५ लाख ३४ हजार (लक्ष्यको ७८.१२ प्रतिशत) असुल भएकोले लक्ष्य प्राप्तिमा पहल हुनुपर्दछ।

२२ **एक आयल सप्लायर्स, २०६९।७०** : पेट्रोलियम पदार्थको खरिद तथा बिक्रीमा तोकिएबमोजिमको Shrinkage तथा Working loss बापत निश्चित परिणाम खर्च कट्टी लिन पाउने व्यवस्था रहेको छ। नेपाल आयल निगम लिमिटेड २०६९।५।१५ को पत्रअनुसार Shrinkage loss डिजेलको खरिदमा ०.३ प्रतिशत र पेट्रोलमा ०.५० प्रतिशत रहेको उल्लेख छ। तर ३ करदाताले डिजल र पेट्रोलमा Shrinkage loss भनी ०.५५ र ०.६३ प्रतिशतका दरले लिएकोले फरक परेको परिणामलाई तत्कालीन बजार मूल्यको आधारमा बिक्री कायम गरी उक्त बिक्री रकम रु.१२,६४,४९४/- लाई आयकर ऐन, २०५८ को दफा ७ बमोजिम आयमा समावेश गरी उक्त ऐनको अनुसूची १ बमोजिम २५ प्रतिशतले लाग्ने कर रु.३,१६,१२२/- तथा दफा १२०(ख) बमोजिमको शुल्क र ऐनको दफा ११९ अनुसारको ब्याज समेत असुल गर्नुपर्दछ।

२३ **एक हार्डवेयर आ.व:२०७१/७२** : करदाताले बिक्रीको लागत खर्च दावि गर्दा खरिद रु.२०,१९,३८,९६८/- दावि गरि प्रत्यक्ष खर्च रु.४५,८३,३६०/- दावि गरेको छ। उक्त खर्च दावि गर्दा अन्तिम मौज्दात र खरिदमा प्रत्यक्ष खर्चलाई समानुपातिक रुपमा बाँडनु पर्नेमा रु.२,३४,८८,९८२/- अन्तिम मौज्दात कायम गर्दा सो प्रत्यक्ष खर्च रु.४५८३६०/- लाई समानुपातिक रुपमा रु.३,९४,०३९/- अन्तिम मौज्दातमा समावेश नगरि आयकर ऐन २०५८ को दफा १५ बमोजिम बढि लागत खर्च दावि रु.३,९४,०३९।- लाई अमान्य गरि अनुसूचि १ बमोजिम कर रु.९८,५१०/- तथा शुल्क व्याज र जरिवाना समेत असूल गर्नुपर्दछ।

२४ **एक मेसिनरी आ.व.२०६९/७०** : करदाताले २०६६।३।१० मा मूल्य अभिवृद्धि कर सहित रु.२८,५०,०००/- मा खरिद गरेको गाडि हाल एकमुष्ट रुपमा ह्रास कटा गरी रु.१३,६१,९२०/- मा खरिद गरेको देखियो। मू.अ. कर, नियमावली, २०५३ को दफा ४१ बमोजिम खरिद गरेको सवारी साधनमा ४० प्रतिशत मात्र मूल्य अभिवृद्धि कर समायोजनपाउनेमा सम्पूर्ण रकम नै खर्च दावि गरेको देखिएकाले बढि दावि रु.१,७१,०००/- असूल गर्नुपर्दछ।

२५ **एक इन्टरप्राइजेज आ.व.२०७१।७२** : करदाताले यस वर्ष ऋण रु.३,३३,३६,०००/- तथा गत वर्ष रु.६,५०,००,०००/- वितिय विवरण पेश गरि रु.७९,६९,५७२/- व्याज खर्च दावि गरेको देखियो। करदाताले सञ्चालक सापटी बापत रु.१,०७,५०,०००/- लिएकोमा रु.७,५०,०००/- व्याज खर्च दावि गरेको छैन। तर करदाताले यस वर्ष औषत १६.२० प्रतिशत व्याज खर्च लिएकोमा प्रचलित व्याज दर अनुसार रु.६,२०,०००/- व्याज नपुग भएको देखिन्छ। तसर्थ आयकर ऐन, २०५८ को दफा १४ बमोजिम रु.६,२०,०००/- लाई व्याज खर्च कट्टि नदिई सोमा ऐनको अनुसूची १(क) बमोजिम कर रु.१,५५,०००/- शुल्क व्याज र जरिवाना सहित असुल गर्नुपर्दछ।

२६ **एक ट्रेडर्स, आ.व.२०७१/७२** : करदाताले पेश गरेको मूल्य अभिवृद्धि कर विवरणमा रु.२३,७५,६६,१११/- को आयात देखाएकोमा भन्सार कार्यालयबाट प्राप्त विवरण अनुसार रु.२३,५३,४३,८५४/- आयात देखिएको छ। आयातभन्दा रु.२२,१२,२५७/- मूल्य अभिवृद्धि कर विवरणमा बढि दावि गरेको सम्बन्धमा करपरीक्षणमा केही उल्लेख छैन भने निजले फरक सम्बन्धमा हिसाव मिलान समेत पेश नभएकोले बढि खर्च दावि रु.२२,१२,२५७/- लाई आयकर ऐन, २०५८ को दफा बमोजिम लागत खर्च नदिई अनुसूची १ बमोजिम कर रु.५,५३,०६४/- असुल गर्नुपर्दछ।

२७ **एक पसल २०७१/७२** : करदाताले वासलातमा नगद तथा बैंक मौज्दात रु.१८,१७,२०५/- देखाएकोमा पेश गरेको वितिय विवरणको नगद प्रवाह विवरणमा चालु सम्पतितर्फ र मौज्दात छुट्टै गरी दुई पटक अन्तिम मौज्दात गत वर्षको रु.८,२०,३२०/- र यस वर्षको रु.२७,१२,३२०/- देखाई नगदको वाह्रय प्रवाह रु.१८,९२,०००/- देखाई रु.१८,९२,०००/- बैंक मौज्दात देखाएको पाइयो । तसर्थ निजको आर्थिक वर्षको अन्त्यमा हुनुपर्ने नगद तथा वैंक मौज्दात रु.३७,०९,२०५/- नदेखाई घटि देखाएको रु.१८,९२,०००/- लाई आयकर ऐन, २०५८ को दफा ४० बमोजिम निषर्ग मानि सो मा अनुसूची १(क) बमोजिम कर रु.४,७३,०००/- शुल्क व्याज र जरिवाना समेत असुल गर्नुपर्दछ ।

२८ **एक हस्पिटल प्रा.लि. आ.व.२०७०/७१** : करदाताले पेश गरेका वितिय विवरणमा लाभांश व्यवस्था वापत रु.४८,४०,०००/- को व्यवस्था गरेकोमा सो रकमको आयकर ऐन, २०५८ को दफा ८८ बमोजिम ५ प्रतिशतले हुने रु.२,४२,०००/- कर कट्टा गरी असुल गरेको नदेखिदा कट्टा गरी राजस्व दाखिला गर्नुपर्दछ ।

२९ **एक मेडिकल कलेज हस्पिटल एण्ड रिसर्च सेन्टर, २०७१/७२**

२९.१ मु.अ. कर ऐन, २०५२ को दफा ८(३) अनुसार रु.५० लाखभन्दा बढीको संरचना निर्माण गर्दा दर्ता नभएको व्यक्तिबाट निर्माण गरेको भए तापनि मू.अ. कर असुल गर्नुपर्ने व्यवस्था छ । यस वर्ष रु.२५,९३,००,०००।-को सम्पत्ति पूंजीकरणमा गरेकोमा निजले पेश गरेको अनुसूची-१० अनुसार रु.१३,१८,५९,४६८।-को मात्र मू.अ. कर योग्य खरिद देखिएकोले रु.१२,८०,४०,५३२।-को १३ प्रतिशतले हुने मू.अ. कर रु.१,६६,४५,२६९।- असुल गरी राजस्व दाखिला गरेको नदेखिएकोले छानबिन गरी असुल गर्नुपर्दछ ।

२९.२ करदाताले पेश गरेको वित्तिय विवरणमा यस बर्ष रु.२५९९०००००। स्थिर सम्पति थप भएको करदाताको आय विवरण बाट देखिन्छ । यस बर्ष व्याज खर्च रु.१३,८३,२९,५०९।- समेत (WIP मा व्याज समेत) दावि गरेकोमा निजको ऋण रु.९४,३२,०९,३३९।- ब्याज को औषत प्रतिशत १४.६६ देखियो । स्थिर सम्पत्ति चैत्रपछि पूंजीकरण गरि चैत्रपछि एक तिहाई रु.४३,३१,६६६।- ह्रास खर्च दावि गरेकोले सो समयसम्म स्थिर सम्पत्तिको लागि प्रयोग भएको ऋणको व्याजदर १४.६६ प्रतिशत अनुसार स्थिर सम्पत्तिको लागि रु.३,८१,०१,३४०।- व्याज प्रयोग भएको देखियो । सो अनुसार चैत्र मसान्त पछि सम्पत्ति पूंजीकरण गरेकोले सो समयसम्म उपरोक्त व्याजको दुई तिहाई रु.२,५४,००,८९३।- व्याज सम्पत्तिमा पूंजीकृत गर्नुपर्नेमा नगरेकोले सो रकम आयकर ऐन, २०५८ को दफा १४ बमोजिम खर्च कट्टी नदिई नोक्सानीबाट घटाउनु पर्ने देखिन्छ ।

३०. **मिसम्याच**

३०.१ विभिन्न ८ करदाताको कारोबार रकममा आय वर्ष २०७१।७२ मा मिसम्याच देखिएको भनी अन्य कर कार्यालयबाट छानबिन गर्न पत्राचार गरिएको देखियो । ती करदाताले खरिद/बिक्री कम देखाएकोमा कम खरिद/बिक्री देखाएको रु.३,८७,६१,८४९/- सम्बन्धमा छानबिन गरी आयकर ऐन, २०५८ को अनुसूची-१ बमोजिम कर रु.९६,९०,४६२/- तथा शुल्क, ब्याज र जरिबाना समेत यकिन गरी असुल गर्नुपर्दछ ।

३०.२ आयकर ऐन, २०५८ को दफा ४(४) मा नेपालमा स्रोत रहेको व्यवसायबाट मात्र आय वर्षमा रु.२० लाखसम्म कारोबार र रु.२ लाखसम्म कारोबार हुने प्राकृतिक व्यक्तीले डे १ विवरण भर्नुपर्ने व्यवस्था छ । ६ करदाताले विभिन्न कर दाताबाट सोभन्दा बढी रकमको कारोबार गरेको अवस्थामा पनि डे १ विवरण भरी आय विवरण पेश गरेको देखिएकोले वास्तविक कारोबार लुकाई विवरण पेश गरेको देखिदाँ छानविन गरी आयकर ऐन, २०५८ को अनुसूची-१(क) बमोजिम लाग्ने कर रु.७४,९४,३७७/- र शुल्क तथा ब्याज समेत असुल हुनुपर्दछ ।

३१ **आन्तरिक लेखापरीक्षणको प्रभावकारिता** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ९६ मा कार्यालय प्रमुखले आफ्नो कार्यालयको राजस्व, धरौटी तथा विनियोजन तर्फको आय व्यय तथा प्रचलित कानूनबमोजिम खडा भएको कार्य सञ्चालन तथा अन्य सार्वजनिक कोषको आन्तरिक लेखा परीक्षण सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयबाट गराउनु पर्ने व्यवस्था रहेकोमा कार्यालयले राजश्व एवं मूल्य अभिबृद्धि कर कोषबाट भएको खर्चको आन्तरिक लेखापरीक्षण नगराएकोले नियमावलीको पालना हुनुपर्दछ ।

## कंकाई सिचाई व्यवस्थापन डिभिजन कार्यालय

१ **आन्तरिक नियन्त्रण प्रणाली** : कार्यालयले प्रचलित ऐन नियमको पालना गरी आन्तरिक नियन्त्रण व्यवस्था भरपर्दो र प्रभावकारी बनाउनुपर्दछ। आन्तरिक नियन्त्रण व्यवस्थाको मूल्याङ्कन गर्दा वार्षिक खरिद योजना अनुसार खरिद नगरी सोझै खरीद गरेको, कर्मचारीहरुको कार्य विवरण तयार नगरेको, जस्ता कमिकमजोरी देखिएका छन् । प्रचलित ऐन नियमको पालना गरी आन्तरिक नियन्त्रण सुदृढ गर्नुपर्दछ ।

२ **चौमासिक र आषाढ महिनाको खर्चको स्थिति** : कार्यालयले वार्षिक बजेट तथा स्वीकृत कार्यक्रमका आधारमा चौमासिक लक्ष्य अनुसार खर्च गरी कार्यक्रम सञ्चालन गर्नुपर्दछ । कार्यालयको विकास निर्माणको बजेट कूल खर्च ५,०८,७३,०३३।- मध्ये तेश्रो चौमासिकमा रु.३,६५,१६,०९९।- (कूल खर्चको ७२ प्रतिशत) र आषाढ महिनामा रु.२,०३,४५,०६०।- (४० प्रतिशत) खर्च गरेको छ । बर्षान्तमा बढी खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्ने देखिन्छ ।

३ **बीमा** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११२(१) अनुसार दश लाख रुपैयाभन्दा वढी मुल्यको निर्माण कार्य गर्ने निर्माण व्यवसायीले बीमा गराउनु पर्ने उल्लेख छ । कार्यालयले कन्काई मूल नहर लाइनिङ्ग तथा स्ट्रक्चर प्रोटेक्सन र हेडवर्क्स सम्बन्धी निर्माण कार्यको बीमा गराएको नदेखिएकोले नियमको कार्यान्वयन हुनुपर्दछ ।

४ **म्याद थप** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२० मा म्याद थप गर्न सकिने व्यवस्था छ । कन्काई सिंचाइको कलभर्ट निर्माण कार्य २०७२।३।१० सम्ममा सम्पन्न गर्ने गरी २०७०।१२।१२ मा खरिद सम्झौता भएकोमा २०७३।२।१५ सम्म म्याद थप भएको छ। थप समयसम्म पनि कार्य सम्पन्न नभएकोले बाँकी कार्य सम्पन्न गर्न बढी आर्थिक व्ययभार पर्ने हुँदा सम्झौताको कार्यान्वयन हुनुपर्दछ ।

५ **कन्टीन्जेन्सी खर्च** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १०(७) मा निर्माण कार्यको लागत अनुमान तयार गर्ने ढाँचा व्यवस्था गरेको र सो अनुसार ५ प्रतिशतसम्म कन्टिजेन्सी खर्च गर्न सकिने व्यवस्था रहेकोमा कार्यालयले कार्यक्रम खाता र सोको कन्टिजेन्सी अभिलेख नराखेबाट अन्य रकम नम्वरहरुमा भएका खर्च शीर्षकमै रु.१३,५८,९१८।- कन्टिजेन्सी खर्च गरेको र पूँजीगत प्रकृतिका खर्च नगरेको विवरण दिएको छ। विगतको कन्टिजेन्सीको अभिलेख पेश नभएकोले कार्यक्रम खाता तयार गरी सो अनुसारको कन्टिजेन्सी अभिलेख अद्यावधिक गर्नुपर्दछ ।

६ **कर विजक बेगर भुक्तानी** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३(१) मा विल वा विजकको भुक्तानीमा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ विल वा आवश्यक कागजात पेश गर्नुपर्ने व्यवस्था रहेकोमा कार्यालयले वृहत सरकारी सिचाई योजना पुनस्थापना तथा व्यवस्थापन हस्तान्तरणका एक निर्माण व्यवसायीलाई विमा वापतको रु.२,३६,७७५।- भुक्तानी गरेकोमा रनिङ विल तथा कर विजक पेश गरेको छैन। नियमावलीले व्यवस्था गरेका कागजात बेगर भुक्तानी भएको रु.२,३६,७७५/- को प्रमाण पेश हुनुपर्दछ ।

७ **पेश्की बाँकी** : आर्थिक बर्षको अन्त्यसम्म कन्काई सिंचाई प्रणाली हेर्डवर्क्स निर्माणका एक निर्माण व्यवसायीको नाममा रु.९५,००,०००।- पेश्की बाँकी रहेकोले नियमानुसार फछ्र्यौट गर्नुपर्दछ ।

## खाद्य क्वारेन्टाइन प्रयोगशाला

१ आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ६८(१) बमोजिम धरौटी रकमको कारोवार अनुसूची-१० र ११ मा तोकिएको ढाँचामा राख्नुपर्ने व्यवस्था भएकोमा प्रयोगशालाले सो वमोजिमको अभिलेख नराखेकोले धरौटी कारोबार रकमको आम्दानी खर्च र मौज्दातको यथार्थ स्थिति यकिन गर्न सकिएन ।

## खानेपानी तथा सरसफाई डिभिजन कार्यालय

१ **आन्तरिक नियन्त्रण प्रणाली** : कार्यालयले प्रचलित ऐन नियमको पालना गरी आन्तरिक नियन्त्रण व्यवस्था भरपर्दो र प्रभावकारी बनाउनुपर्दछ। आन्तरिक नियन्त्रण व्यवस्थाको मूल्याङ्कन गर्दा जिन्सी निरीक्षण प्रतिवेदनमा लिलाम, मर्मत र मिन्हा गर्नुपर्ने तथा मूल्य खुलाउनुपर्ने व्यहोराको कार्यान्वयन नभएको कर्मचारीहरुको कार्य विवरण तयार नगरेको, न्यून प्रतिस्पर्धामा खरिद भएको जस्ता व्यहोरा देखिएका छन् । प्रचलित ऐन नियमको पालना गरी आन्तरिक नियन्त्रण सुदृढ गर्नुपर्दछ ।

२ **अख्तियारी** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३(२) मा स्वीकृत वार्षिक कार्यक्रम र खर्च गर्ने अख्तियारी तालुक निकायले आर्थिक वर्ष सुरु भएको १५ दिनभित्र सम्बन्धित कार्यालयमा पठाउनु पर्ने व्यवस्था भएकोमा कार्यालयको कूल अख्तियारी रु.२८,९७,५८,५००।- मध्ये रु.८,९४,७८,०००।- (कुल अख्तियारीको ३०.८८ प्रतिशत) आषाढ महिनामा पठाएको देखियो । तालुक निकायबाट समयमा नै अख्तियारी प्रदान गर्नुपर्दछ ।

३ **आधारभूत स्तरको स्वच्छ खानेपानी उपलब्धता** : सन् २०१७ भित्र सबै जनतालाई आधारभूत स्तरको स्वच्छ खानेपानी उपलब्ध गराउने राष्ट्रिय नीति रहेकोमा २०६८ को जनगणना अनुसार जिल्लाको ८२ प्रतिशत जनसंख्यालाई आधारभुतस्तरको स्वच्छ खानेपानी उपलब्ध गराएको देखियो । राष्ट्रिय नीति पूरा गर्नेतर्फ कार्यालयले प्रयास गर्नुपर्ने देखिन्छ ।

४ **चौमासिक र आषाढ महिनाको खर्चको स्थिति** : कार्यालयले वार्षिक बजेट तथा स्वीकृत कार्यक्रमका आधारमा चौमासिक लक्ष्य अनुसार खर्च गरी कार्यक्रम सञ्चालन गर्नुपर्ने व्यवस्था भएकोमा पूँजीगततर्फ कूल खर्च रु.२५,१०,५१,८१४।- मध्ये तेश्रो चौमासिकमा रु.१७,३०,४०,८८७।- र आषाढ महिनामा रु.१०,८१,९७,३५७।- खर्च गरेको छ । बर्षान्तमा बढी खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

५ **लक्ष्य प्रगति** : कार्यालयले स्वीकृत वार्षिक लक्ष्य अनुरुप प्रगति हासिल गर्नुपर्दछ । डिभिजनवाट प्राप्त वार्षिक प्रगति प्रतिवेदन अनुसार राष्ट्रिय सूचना व्यवस्थापन आयोजनाको कार्यक्रम सञ्चालन नै नभएको र विभिन्न ५ खानेपानी आयोजनामा ५४ प्रतिशतदेखि ७५ प्रतिशतसम्म पनि प्रगति भएको देखियो । वार्षिक कार्यक्रम अनुसार प्रगति हासिल गर्नुपर्दछ ।

६. **कन्टीन्जेन्सी खर्च** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १०(७) मा निर्माण कार्यको लागत अनुमान तयार गर्ने ढाँचा अनुसार ५ प्रतिशतसम्म कन्टिजेन्सी खर्च गर्न सकिने व्यवस्था रहेकोमा डिभिजनले यस वर्ष रु.१,००,००,३७२।- कन्टिजेन्सी खर्च गरेको विवरण प्राप्त भएको छ । सोमध्ये सवारी साधन खरिदको लागि विभागमा पठाएको रु.३२,०८,०००।- को लेखापरीक्षण गरिएको छैन । डिभिजनले उपर्युक्त प्रकृतिका खर्च गर्दा खर्चको निर्देशिका तथा लागत अनुमान तयार गरी खर्च गरेको देखिएन । खर्चलाई व्यवस्थित गर्न खर्च सम्वन्धी निर्देशिका तथा लगत इष्टिमेट तयार गरी सो अनुसार गराउनु पर्दछ ।

७. **बीमा** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११२ अनुसार दश लाख रुपैयाभन्दा वढी मूल्यको निर्माण कार्य गर्ने निर्माण व्यवसायीले मेशिन, औजार, श्रमिकको विमा गराउनु पर्दछ । कार्यालयले विभिन्न ५ खानेपानी आयोजनाहरुको ठेक्काको बीमा गराएको छैन । नियमको पालनामा ध्यान पुऱ्याउनु पर्दछ ।

८. **मूल्य समायोजन** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११९ वमोजिम निर्माण व्यवसायीलाई मूल्य समायोजन वापतको रकम भुक्तानी दिंदा नेपाल राष्ट्र बैंकको अन्तिम मूल्यसूचीलाई आधार मानी भुक्तानी दिनुपर्दछ। चन्द्रगढी सहलगानी खानेपानी आयोजनाको संरचना निर्माण कार्यको यस वर्ष तेस्रोदेखि छैठौं बिलसम्म मूल्य समायोजन वापत रु.८,२०,२०६।- भुक्तानी दिंदा प्रोभिजनल मूल्यसूचीको आधारमा भुक्तानी दिएको छ । राष्ट्र बैंकको अन्तिम मूल्यसूची प्राप्त गरी मूल्य समायोजन गरिनुपर्दछ ।

९. **पेश्की नघटाई मूल्य समायोजन** : सार्वजनिक निकायले निर्माण व्यवसायीसंग खरिद सम्झौता गर्दा मोविलाइजेशन पेश्की कटाई मूल्य समायोजन  दिने गरि सम्झौता गर्नुपर्दछ । चन्द्रगढी सहलगानी खानेपानी आयोजनाको एक निर्माण व्यवसायीसंग रु.९,४७,६०,३८२।- सम्झौता गर्दा मोविलाइजेश पेश्कीको समेत मूल्य समायोजना दिने गरी खरिद सम्झौता गर्दा रु.८४,६८८।८५ बढी व्ययभार पर्न गएको देखियो । यसरी सरकारलाई बढी व्ययभार पर्ने गरी सम्झौता गरिनु हुँदैन ।

१०. **जनसहभागिता** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(३) मा उपभोक्ता समूहले गर्नुपर्ने योगदानको बारेमा व्यवस्था गरिएको छ । कार्यालयले विभिन्न ८ खानेपानी आयोजनाहरुमा वार्षिक कार्यक्रममा उल्लेख भएअनुसार उपभोक्ता समूहहरुले रु.२६,५०,०००/- योगदान गरेको नदेखिएकोले कार्यक्रम अनुसार उपभोक्ता समूहबाट योगदान पूरा गर्नु गराउनु पर्दछ ।

११. **खपत एबं जडान** : खानेपानी तथा ढल निकासा विभागको  २०६३।१।३१ को परिपत्रानुसार सम्वन्धित योजनाको नाममा खरिद गरिएका फिटिङ्गहरु आयोजनामा जडान खपत भईसकेपछि सो को आधारमा जिन्सी मौज्दात कट्टी गर्नुपर्ने प्रकृया तोकिएको छ। कार्यालयले यस वर्ष जिन्सी खातावाट खर्च जनाई सम्वन्धित योजनाका लागि निकासा गरिएका विवरणमा उल्लेख भए अनुसारका विभिन्न ४ खानेपानी आयोजनाहरुको रु.२८,८९,२१८।-का फिटीङ्ग सामग्रीहरु सम्वन्धीत योजनाहरुको नापी किताबमा खपत जडान गर्नुपर्नेमा गरेको देखिएन ।

१२. **लागत अनुमान स्वीकृति** : सार्वजनिक खरिद नियमावली, २०६४ नियम १०(१) अनुसार योजनाको लागत अनुमान स्वीकृत गरी खानेपानी योजनाहरु सञ्चालन गर्नुपर्ने व्यवस्था रहेकोमा यस वर्ष सञ्चालित ७ खानेपानी आयोजनाहरुको लागत अनुमान स्वीकृत वेगर सञ्चालन भई यस आ.व.मा मात्र रु.३,४७,११,०००।- तथा हालसम्म रु.१४,८६,४१,०००।- खर्च भएको देखिएकोले नियमको पालना हुनुपर्दछ ।

१३. **सीमाभन्दा बढीको कार्य गराएको** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ (१) अनुसार ६० लाख रुपियासम्म लागत अनुमान भएको निर्माण कार्य वा सो सम्बन्धी सेवा उपभोक्ता समितिबाट गराउन सकिने व्यवस्था छ। कार्यालयले यस वर्ष ६० लाख रुपैयाभन्दा बढी लागत अनुमान भएको वेल्टार गुणस्तर सुधार र धुलावारी खानेपानी आयोजनाको निर्माण कार्य गराई भुक्तानी दिएको छ। यस्तो कार्य नियमसम्मत् नदेखिएको हुँदा नियन्त्रण हुनुपर्दछ ।

१४. **म्याद थप** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२०(१) अनुसार कावु वाहिरको परिस्थिति परी म्याद थप गर्नुपरेमा उपनियम (२) मा उल्लेखित कारण मनासिव देखिएमा अवधि थप गर्न मिल्ने व्यवस्था छ। कार्यालयले २ खानेपानी आयोजनाका ४५० घ.मि. क्षमताको ओभरहेड टैंकी निर्माण कार्यको २०७३ आषाढ मसान्तसम्म अवधि थप गरे तापनि कार्य सम्पन्न भएको देखिएन। समयमै कार्य सम्पन्न गर्ने गराउनेतर्फ पहल गर्नुपर्दछ।

१५. **कार्य सम्पन्न नभएको** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ता समिति वा लाभग्राही समुदायवाट काम गराउने कार्यविधिमा तोकिएअनुसार सम्झौता मितिमा कार्यसम्पन्न गर्नुपर्ने व्यवस्था रहेको छ। कार्यालयले धुलावारी खानेपानी उपभोक्ता समितिसंग २०७२।१।१३ मा र कैदले खानेपानी उपभोक्ता समितिसंग २०७२।३।३० मा सम्पन्न गर्ने गरी सम्झौता गरेकोमा उक्त

अवधिमा कार्यसम्पन्न नगरी २०७२।०७३ मा क्रमशः रु.१,७७,८१०।- र रु.५१,८५,६६४।- को निर्माण कार्यको भुक्तानी गरेको देखियो । नियममा भएको व्यवस्था पालना गर्नुपर्दछ ।

१६ **अधुरो योजना** : लागत अनुमान रु.६६ करोड ३ लाख ९३ हजार भई २०५६।५७ देखि शुरु गरी योजनाको म्याद थप गर्दै २०७४।७५ सम्ममा सम्पन्न गर्ने लक्ष्य रहेका विभिन्न १२ खानेपानी योजनाहरुको डिजाईन पिरीयडको आधाभन्दा वढी समय व्यतित भैसक्दा पनि योजनाहरु अधुरा नै रहेको देखियो । उक्त योजनाहरुमा हालसम्म रु.४ करोड ८७ लाख ८० हजार मात्र खर्च भएको देखिन्छ। यही गतिमा प्रगति भएमा योजना निर्धारित समयमा नै सम्पन्न हुन सक्ने अवस्था देखिदैन ।

१७. **दोस्रो साना शहरी खानेपानी आयोजना, काकडभिट्टा** : एसियाली विकास वैंकको ऋण सहयोगमा खानेपानीतर्फ ५०.५० प्रतिशत र सरसफाईमा ८५.१५ प्रतिशत क्रमशः नेपाल सरकार र एशियाली विकास वैंकको लागत साझेदारीको मोडालिटीमा सञ्चालन भएको यस आयोजनाको १४ जुलाई २०१४ सम्ममा सम्पन्न गर्ने गरी रु.३१,०७,००,३०३।- को खरिद सम्झौता एक निर्माण व्यवसायीसंग भएकोमा निर्धारित समयमा कार्यसम्पन्न भएको देखिएन । यस वर्ष १८ औं रनिङ्ग बिलबाट रु.४५,०९,०६७।- गरी यस रनिङ्ग बिलसम्म कूल रु.३४,९०,८८,४८२।- खर्च भएकोमा नेपाल सरकारको रु.१८,५४,७१,७४०।- भुक्तानी भएको देखिन्छ। सम्झौताको कार्यान्वयन हुनुपर्दछ।

१८. **लेखापरीक्षण नभएको** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ मा सरकारी रकम खर्च सम्बन्धी कार्यविधि र उपनियम (३) मा खर्च गर्दा खर्चको बिल भरपाई सहित लेखा राख्नुपर्ने व्यवस्था भए तापनि नगर विकास कोष र स्थानीय उपभोक्ता समितिको १८ औं रनिङ्ग बिलको रु.२२,५४,५३३।- तथा दोश्रो सानो शहरी खानेपानी आयोजना दमकको नगर विकास कोष र स्थानीय उपभोक्ता समितिबाट भएको यस वर्षको रु.१,७१,७३,२३६।- भुक्तानी अन्तरिम भुक्तानी प्रतिवेदनको आधारमा भएको रकमको विल पेश नभएबाट लेखापरीक्षण गरिएको छैन। विल पेश गरी लेखापरीक्षण गराउनु पर्दछ।

१९. **दोस्रो साना शहरी खानेपानी आयोजना दमक** : एसियाली विकास वैंकको ऋण सहयोगमा खानेपानीतर्फ ५०.५० र सरसफाईतर्फ ८५.१५ प्रतिशत क्रमशः नेपाल सरकार र एसियाली विकास बैंकको लागत साझेदारीको मोडालिटीमा संचालन भएको यस आयोजनाको २९ जनवरी २०१४ सम्ममा सम्पन्न गर्ने गरी रु.२७,२८,६४,९२२।- को खरिद सम्झौता एक निर्माण व्यवसायीसंग भएकामा निर्माण चरणको कार्यसम्पन्न भए तापनि खानेपानीतर्फ ४४२ घरमा धारा जडान लगायत विभिन्न १२ कार्यहरु र सरसफाईतर्फ शौचालय लगायत ३ कार्य बाँकी रहेको र निर्माण भइसकेका ३ कार्यमा मर्मत सुधार गर्नुपर्ने गरी सवसेन्सीयल कम्प्लेक्शन रिपोर्ट दिई सञ्चालन सम्भारको चरणमा रहेकोले सम्झौताको कार्यान्वयन हुनुपर्दछ।

२०. **सोझै भुक्तानी खर्च** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २७ मा वैदेशिक सहायता वजेट विवरणमा समावेश गर्नुपर्ने व्यवस्था भएतापनि कार्यालयले २२ औं र २३ औं रनिङ्ग बिलबाट आयोजना व्यवस्थापन कार्यालयको सिफारिसका आधारमा रु.१,४५,७४,२९४।- को सोझै भुक्तानी खर्च लेखी खर्चको अभिलेखाङ्कन गरेबाट सो रकमको वास्तविक अभिलेखाङ्कनको स्थिति यकिन नभएकोले सोको आधार पेश हुनुपर्दछ।

२१ **घटी अभिलेखाङ्कन** : २१ औं रनिङ बिलको पार्ट सी को पाइपलाइनको सी २ को आइटम नम्बर जे मा ५० एम.एम.डाई एचडिपी पाइप ४८,६१३ रनिङ मिटरको परिमाण २६,६४३ भएकोमा २२ औं रनिङ बिलमा १६,३५६ रनिङ मिटर भएकोले घटी परिमाण १०,२८७ रनिङ मिटरको प्रतिरनिङ मिटर १३८.४७ ले रु.१४,२४,४४१।- को यथार्थ परिमाणका आधारमा अभिलेखाङ्कन हुनुपर्दछ।

२२ **मर्मत सम्भार कोष** : खानेपानी नीति, २०६० मा खानेपानी आयोजना निर्माण तथा सञ्चालन सम्वन्धमा उपभोक्ता समितिसंग सम्झौता गर्दा नीति अनुसार अनिवार्य रुपमा सम्झौता रकमको १

प्रतिशतले हुन आउने रकम मर्मत सम्भार कार्य सञ्चालन कोषमा जम्मा गरेपछि मात्र कार्यालयले उपभोक्ता समितिसंग निर्माण खरिद कार्यको सम्झौता गर्नुपर्नेमा सो गरेको पाइएन । नीतिगत व्यवस्था पूरा गरी मात्र खानेपानी आयोजना सम्झौता गरी सञ्चालन हुनुपर्दछ ।

२३ **खुल्ला दिसामुक्त स्थिति** : कार्यालयले यस वर्ष वातावरणीय सरसफाईमा रु.२९,५०,४२९।- निकासा एवं खर्च गरेको छ । कार्यालयको वातावरणीय सरसफाई कार्यमा २०६८ को जनगणना अनुसारको जनसंख्या सरसफाई सेवा पुगेको जनसंख्या ७८ प्रतिशत रहेको देखियो । जिल्लालाई खुल्ला दिशामुक्त क्षेत्र बनाउन आवश्यक पहल गर्नुपर्ने देखिन्छ ।

२४ **कार्य सञ्चालनमा अस्पष्टता** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ११४ मा आफ्नो मन्त्रालय अन्तर्गत सञ्चालित आयोजना वा कार्यसंग सम्बन्धित आर्थिक कारोबारलाई सुव्यवस्थित ढङ्गबाट सञ्चालन गर्नको लागि मन्त्रालयले यी नियमहरुको अधिनमा रही अर्थ मन्त्रालयको सहमति लिई आर्थिक कार्यविधि सम्बन्धी आन्तरिक निर्देशिका बनाई लागू गर्ने व्यवस्था रहेको छ । खानेपानी तथा सरसफाई मन्त्रालयले नियमको व्यवस्था बमोजिम आन्तरिक निर्देशिका बनाई लागू गर्नुपर्नेमा सो गरेको पाइएन । खानेपानी तथा ढल निकास विभागको पूर्ण सरसफाई कार्यक्रम सञ्चालन मार्ग निर्देशिका, २०७२ अनुसार खुल्ला दिसामुक्त जिल्ला घोषणा गर्न आन्तरिक निर्देशिका बनाई अर्थ मन्त्रालयको सहमति लिई खर्च गर्नु गराउनु पर्ने देखिन्छ ।

२५. **कार्यसम्पादन जमानत** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११० (४) मा कार्य सम्पादन जमानतको मान्य अवधि खरिद सम्झौतामा उल्लेखित मालसामान आपूर्ति वा हस्तान्तरण गर्नुपर्ने अवधि वा निर्माण कार्यको त्रुटी सच्याउने दायित्व अवधिभन्दा कम्तीमा एक महिना बढी अवधिको हुनुपर्ने व्यवस्था रहेको छ । विभिन्न २ खानेपानी आयोजनाले २ वर्ष ४ महिना र ७ महिना २८ दिन घटी अवधिको रु.११,०३,३१०।- कार्य सम्पादन जमानतमा राखेको देखियो । निर्माण कार्यसम्पन्न भए पश्चात १३ महिनासम्म म्याद रहने गरी कार्य सम्पादन जमानत राखेको नदेखिएकोले कार्य सम्पादन जमानत पेश गर्नुपर्दछ ।

२६ **कार्यक्रम बजेटभन्दा बढी खर्च** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३५(२) अनुसार रकम स्वीकृत बजेटभित्र र सम्बन्धित खर्च शीर्षकमा पर्छ र खर्च गर्न बाँकी छ भने मात्र खर्च गर्ने व्यवस्था रहेको छ । कार्यालयले विभिन्न ४ खानेपानी योजना एवं कार्यक्रममा रु.९,६३,५८९/- खर्च गर्दा निर्धारित कार्यक्रममा तोकिएभन्दा बढी खर्च गरेको देखिएकोले यस्तो खर्चमा नियन्त्रण हुनुपर्दछ ।

२७. **अग्रिम आयकर** : आयकर ऐन, २०५८ को दफा ८९(१) अनुसार ठेक्का वा करार बापत रु.५०,०००।- भन्दा माथिको रकम भुक्तानी दिंदा १.५ प्रतिशत अग्रिम आयकर कट्टा गर्नुपर्ने व्यवस्था छ । यस कार्यालयले ४ उपभोक्ता समूह मार्फत विभिन्न आपूर्तिकर्ताबाट सामग्री आपूर्ति गरेकोमा ऐन अनुसार १.५ प्रतिशत अग्रीम कर कट्टी गरेको नदेखिएकोले सम्बन्धित आपूर्तिकर्ताहरुबाट रु.५४,९०४/- असुल गर्नुपर्दछ ।

२८. **सम्झौताभन्दा बढी भुक्तानी** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(३) अनुसार खर्च गर्दा खर्चको बिल भरपाई सहितको लेखा राख्नुपर्दछ । सार्वजनिक शौचालय निर्माण गरामुनीको लागि रु.१,९२,०२०।- को लागत अनुमान तयार गरी रु.१,९१,९१९।- को खरिद सम्झौता गरेकोमा रु.२,१४,६८८।- को कार्यसम्पन्न गरेको भनी रु.२२,७६९।- सम्झौता रकमभन्दा बढी भुक्तानी दिएको पाइयो । यसरी बढी भुक्तानी भएको रु.२२,७७०/- असुल गर्नुपर्दछ ।

२९. **पाईप जडान** : नेपाल सरकार (सचिव स्तर) को २०६२।११।८ को निर्णय तथा खानेपानी तथा ढल निकास विभागको २०६३।१।३ को परिपत्रानुसार पाइप तथा फिटिङ्स/औजार खरिद गर्ने सम्बन्धमा गत विगतको मौज्दातको ख्याल गरी सोको उपयोग गर्ने, अत्यावश्यक भएमा मात्र खरिद गर्ने तथा

नापी किताबमा जडान देखिए अनुसार जिन्सी खाताबाट मौज्दात घटाउनु पर्ने व्यहोरा उल्लेख छ। कार्यालयले यस वर्ष जिन्सी खाताबाट खर्च जनाई सम्वन्धित योजनाको लागि निकासा गरिएका विभिन्न ६ खानेपानी योजनाका पाइपहरु सम्वन्धित योजनाहरुको नापी किताबमा खपत जडान गरेको नदेखिएकोले रु.१,२०,०९,६७४.८० एच.डि.पि.ई. तथा जि.आई. पाइपहरु सम्बन्धित योजनामा जडान गरेको प्रमाण अभिलेख पेश हुनुपर्ने देखिन्छ।

३०. **पेश्की बाँकी :** आर्थिक बर्षको अन्त्यमा ३ निर्माण व्यवसायीको रु.३६,७६,०००।- पेश्की बाँकी रहेको देखिएकोले सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११३ अनुसार फछ्र्यौट गर्नुपर्दछ।

३१. **युनिसेफतर्फ :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ५(२) र नियम १२(३) मा उल्लेख भएअनुसार वार्षिक कार्यक्रम बनाई सो कार्यमा लाग्ने लागत समेत खुलाई स्विकृत गरी वार्षिक कार्य योजनाको आधारमा कार्यक्रम सञ्चालन गर्नुपर्ने व्यवस्था छ। कार्यालयले युनिसेफ तर्फको जिम्मेवारी समेतबाट प्राप्त गरेको रु.२२,७३,९८७- मा यस आ.व.मा रु.२२,५०,८००।- खर्च गरेकोमा वातावरणीय सरसफाईको क्षेत्रमा हालसम्म गरिएको प्रगति स्थिति स्पष्ट रुपमा खुल्न आएन। वार्षिक कार्य योजना र सो को प्रगति समिक्षा गरी कार्यक्रम संचालन गर्नुपर्दछ। जिल्लाको नियमित वातावरणीय सरसफाई कार्यक्रम र युनिसेफ तर्फको वातावरणीय सरसफाईको कार्यक्रम र खर्च एकै प्रकृतिका हुने हुँदा दुवै क्षेत्रको खर्च तथा कार्य योजना र प्रगति स्थितिको छुट्टै विवरण तयार गर्नुपर्दछ।

## चन्द्रडाँगी वीऊ विजन तथा दुग्धविकास समिति

१. **आन्तरिक नियन्त्रण प्रणाली :** कार्यालयले प्रचलित ऐन नियमको पालना गरि आन्तरिक नियन्त्रण व्यवस्था भरपर्दो र प्रभावकारी बनाउनुपर्दछ। आन्तरिक नियन्त्रण व्यवस्थाको मूल्याङ्कन गर्दा विभिन्न पदको ४ पदपूर्ति नभएको, कोष तथा लेखा नियन्त्रक कार्यालयवाट आन्तरिक लेखापरीक्षण नभएको, वार्षिक आय भन्दा व्यय वढी गरेको जस्ता व्यहोरा देखिएका छन्। प्रचलित ऐन नियमको पालना गरी आन्तरिक नियन्त्रण सुदृढ गर्नुपर्दछ।

२. **वार्षिक कार्यक्रम र खर्च गर्ने अख्तियारी :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३(२) अनुसार अख्तियारी पठाउनु पर्ने व्यवस्था छ। विभागले समितिलाई २०७३।३।१४ मा रु.७,२०,०००।- को वजेट खर्च गर्ने अख्तियारी पठाएको देखियो। समयमै अख्तियारी पठाई नियमको पालना गर्नु पर्दछ।

३. **ज्याला खर्चको नर्म्स :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० अनुसार स्वीकृत नर्मसको आधारमा लागत अनुमान तयार गरी कार्य गराउनु पर्दछ। समितिले यो वर्ष वंगुर, गाई, गोरु, रागांको, हेरचाह गर्न घाँस र घासको विउ उत्पादन कार्य धान गहुँ लगायतका खाद्यान्न बालिको विऊ तथा अनुसन्धानका लागि ज्यामीहरु परिचालन गरी ज्यामी ज्याला वापत आन्तरिक श्रोततर्फ रु.३,६३,४२५।- जग्गा सुदृढिकरणतर्फ रु.२,६६,०००।- र बाली विकास कार्यक्रमतर्फ रु.९,९४,०००।- समेत रु.१६,२३,४२५।- खर्च लेखेको छ। उपर्युक्त काममा ज्यामी लगाउँदा नर्म्स स्वीकृत नगरी सिधै डोर हाजिर मार्फत ज्यामी लगाई भुक्तानी गर्ने गरेकोले नियमको पालना हुनुपर्दछ।

४. **मौज्दात :** समितिले यस वर्ष धान, गहुँ, मकै, माछा जैघास दलहन, आलु, साग सव्जी, पराल, दाउरा आदि बिक्री गरी रु.४०,२२,८२८।- आम्दानी गरेको छ। उपरोक्त अनुसारका सामान गत वर्षको जिम्मेवारी समेत गरी ९४,४०१ के.जी आम्दानी गरेकोमा यस वर्ष ६७,४७२.५० के.जी बिक्री गरी विभिन्न जातका धान २०,४६८.५० के.जी र गहुँ ६,४६० के.जी समेत गरी जम्मा २६,९२८.५० के.जी मौज्दात रहेको देखिन्छ। विभिन्न प्रकारका सामग्रीको गत वर्षको विक्री मूल्य, यस वर्ष उत्पादित सामग्रीको मूल्य र बिक्री देखिने अभिलेखाङ्कन गरेको छैन। समितिमा मौज्दात देखिएको धान २०,४६८.५० के.जी र गहुँ ६,४६० के.जी समयमै बिक्री हुनुपर्दछ।

५. **अग्रिम कर** : आयकर ऐन, २०५८ को दफा ८९(१) अनुसार पचास हजारभन्दा बढीको भुक्तानीमा १.५ प्रतिशत अग्रिम कर कट्टा गर्नुपर्दछ । विभिन्न ४ फर्महरुवाट गोवरमल तथा रासायनिक मल खरिद गरी भुक्तानी दिंदा अग्रिम कर कट्टा गरेको नदेखिएको हुंदा रु.५३६६/- असुल गरी राजस्वमा दाखिला गर्नुपर्दछ ।

## जनताको तटवन्ध कार्यक्रम फिल्ड कार्यालय नं. १,

१ **आन्तरिक नियन्त्रण प्रणाली** : कार्यालयले प्रचलित ऐन नियमको पालना गरी आन्तरिक नियन्त्रण व्यवस्था भरपर्दो र प्रभावकारी बनाउनुपर्दछ। आन्तरिक नियन्त्रण व्यवस्थाको मूल्याङ्कन गर्दा जिन्सी निरीक्षण प्रतिवेदनमा लिलाम, मर्मत र मिन्हा गर्नुपर्ने तथा मूल्य खुलाउनुपर्ने व्यहोराको कार्यान्वयन नभएको कर्मचारीहरुको कार्य विवरण तयार नगरेको, जस्ता व्यहोरा देखिएका छन् । प्रचलित ऐन नियमको पालना गरी आन्तरिक नियन्त्रण सुदृढ गर्नुपर्दछ ।

२ **अख्तियारी** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३(२) मा स्वीकृत वार्षिक कार्यक्रम र खर्च गर्ने अख्तियारी तालुक निकायले आर्थिक वर्ष शुरु भएको १५ दिनभित्र सम्बन्धित कार्यालयमा पठाउनुपर्ने व्यवस्था छ । कार्यालयमा रु.३२,१९,७७,०००।- को अख्तियारी प्राप्त भएकोमध्ये रु.१३,४४,७७,०००।- (कुल अख्तियारीको ४२ प्रतिशत) आषाढ महिनामा प्राप्त भएको देखियो । तालुक निकायबाट समयमा नै अख्तियारी प्रदान गर्नुपर्दछ ।

३ **चौमासिक खर्चको स्थिति** : कार्यालयले वार्षिक बजेट तथा स्वीकृत कार्यक्रमका आधारमा चौमासिक लक्ष्य अनुसार खर्च गरी कार्यक्रम सञ्चालन गर्नुपर्दछ । कार्यालयको कूल पूँजीगत खर्च २,९५,६९४,०००।- भएकोमा तेश्रो चौमासिकमा रु.२४,८३,६९,०००।- र आषाढ महिनामा रु.१,२८,१६०,०००।- (४३ प्रतिशत) खर्च गरेको छ । बर्षान्तमा बढी खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

४ **लक्ष्य प्रगतिको स्थिति** : कार्यालयले उपलब्ध गराएको वार्षिक कार्यक्रम तथा प्रगति विवरण अनुसार कमला नदी नियन्त्रणमा सर्भेक्षण लागत अनुमान तथा गुरु योजना तयारी, रतुवा मावा नदी नियन्त्रणमा तटबन्ध निर्माण, रिभरच्यानालाईजेशन, विरिङ नदी नियन्त्रणमा योजना अद्यावधिक, कमल वनियानी खोला नियन्त्रणमा तटवन्ध निर्माण कार्य र कन्काई नदी नियन्त्रणमा अध्ययन कार्य भएको देखिएन । वार्षिक कार्यक्रम अनुसार प्रगति हासिल गर्नेतर्फ कार्यालयको ध्यान पुग्नुपर्दछ ।

५. **खरिद सम्झौता** : रतुवा/मावा नदी नियन्त्रणका लागि बोलपत्र आव्हान भएकोमा सवैभन्दा कम कबोल रु.१२,६१,३८,८९०।- को (३७.५२ प्रतिशत घटी) एक निर्माण व्यवसायीको बोलपत्र स्वीकृति गरी सम्झौताका लागि २०७३।३।१२ मा पत्र पठाएकोमा बोलपत्रको कूल रकममा निर्माण व्यवसायी र कार्यालयवीच विवाद भई कार्यालयले २०७३।८।१२ मा नेपाल वङ्गलादेश वैंक लिमिटेड कर्पोरेट शाखा काठमाडौलाई जमानत राखेको रकम रु.६३,०७,०००।- कोष तथा लेखा नियन्त्रक कार्यालय झापा मार्फत आफ्नो खातामा पठाइदिन अनुरोध गरेपछि निर्माण व्यवसायीले उच्च अदालत विराटनगर, इजलास इलाममा जमानत फिर्ताको विरुद्धमा उत्प्रेषण परमादेशको निवेदन दिएकोमा २०७३।९।४ मा कार्य सम्पादन जमानत फिर्ताको पत्र कार्यान्वयन नगर्नु नगराउनु भनी कार्यालयको नाममा अदालतवाट अन्तरिम आदेश जारी भई निर्माण कार्यको सम्झौता हुन सकेको छैन ।

६. **खर्चको सार्वजनिकीकरण** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ (७) वमोजिम उपभोक्ता समिति वा लाभग्राही समुदायले आफुले प्रत्येक किस्तामा गरेको खर्चको सूचना सार्वजनिक स्थानमा टांस गरी खर्चको सार्वजनिकीकरण गर्नुपर्ने व्यवस्था भएकोमा विभिन्न ७७ नदी नियन्त्रण उपभोक्ता समुहवाट भएको ७७ स्थानमा खर्च रु.१९,५९,७६,३२९।- को सार्वजनिकीकरण नगरी खर्च गरेको देखियो । यस्तो कार्यमा नियन्त्रण गरिनुपर्दछ ।

७. **कन्टीन्जेन्सी खर्च** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १०(७) मा निर्माण कार्यको लागत अनुमान तयार गर्दा ५ प्रतिशतसम्म कन्टिजेन्सी खर्च गर्न सकिने व्यवस्था गरेको छ । कार्यालयले कार्यक्रम खाता र योजनागत, ठेक्कागत कन्टिजेन्सी खर्चको अभिलेख राखेको देखिएन । यस वर्ष रु.१,७१,४९,६६७- कन्टिजेन्सी खर्च गरेको विवरण प्राप्त भएको छ । यसमध्ये सवारी साधन एक, मोटरसाइकल एक खरिद गरी रु.३१,३९,७९९।- खर्च गरेको र रु.७५,००,०००।- विभागमा पठाएको छ । विभागमा विस्तृत आयोजना प्रतिवेदन स्वीकृतिको लागि पठाएकोमा स्वीकृति भई नआएकोले सञ्चालित कार्यक्रमहरु सालवसाली रुपमा गर्दै आएबाट विगतको कन्टिजेन्सीको अभिलेख नभएको जवाफ प्राप्त भएको छ । कन्टीजेन्सी अभिलेख अद्यावधिक गरिनु पर्दछ ।

८. **लगत अद्यावधिक** : जनताको तटवन्धको गुरु योजना स्वीकृत गराई के कति कार्य कुन कुन स्थानमा गर्नुपर्ने, के कति कार्यको कार्य सम्पन्न भयो र के कति कार्य गर्न वांकी छ, सो खुल्ने इन्भेन्टरी सर्भे एवं आयोजनाको कुल क्रियाकलापको लगत अद्यावधिक नगरेकोले अभिलेख अद्यावधिक गरिनु पर्दछ ।

९. **समन्वयको अभाव** : चुरे भावर क्षेत्र उदगमस्थल भएका यस जिल्लाका रतुवामावा, कन्काई, विरीङ र अन्य नदी तथा खोलाहरुवाट हुने क्षतिलाई नियन्त्रण गर्न जिल्ला भुसंरक्षण कार्यक्रम, जनताको तटवन्ध कार्यक्रम, वनतर्फ राष्ट्रपति चुरे संरक्षण कार्यक्रम जल उत्पन्न प्रकोप नियन्त्रण जस्ता कार्यक्रमहरु अलग अलग निकायको रुपमा संचालित भएका र केही हदसम्म सिचाई विकास डिभिजनहरु र जिल्ला विकास समितिमा पनि यस्ता कार्यक्रम राखी संचालन भएको देखिन्छ । यस्ता कार्यक्रमहरु सञ्चालनको व्यवस्थित अभिलेख नरहने हुनाले सालवसाली रुपमा सम्पादन हुने र निकायहरु वीच कार्यगत एकताको अभावमा कार्य गुणस्तयुक्त, समयमा सम्पन्न र नदोहोरिने गरी सम्पादन भएकोमा एकिन हुने व्यवस्था हुनुपर्दछ ।।

१०. **निर्माण कार्यको अभिलेख सम्बन्धमा** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३(१) बमोजिम कार्यालयले उपभोक्ता समितिहरु मार्फत् र ठेक्कामा निर्माण गरेका संरचनाहरु निर्माण कार्यको अभिलेखाङ्कन नगरेको देखिएकोले उक्त अभिलेख अद्यावधिक गरिनुपर्दछ ।

११ **म्याद थप** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२० मा ऐनको दफा ५६ वमोजिम म्याद थप गर्न सकिने व्यवस्था छ । रतुवा मावा नदी नियन्त्रण कार्यका लागि एक निर्माण व्यवसायीसंग २०७२।३।३० सम्ममा कार्य सम्पन्न गर्ने गरी २०७२।२।९ मा सम्झौता भएकोमा दोश्रो पटक २०७३।३।१९ सम्म म्याद थप दिइएको छ । विभिन्न कारण देखाई २०७३।९।१९ सम्मको म्याद थप माग गरे तापनि निर्णय भएको छैन । नियमको व्यवस्था अनुसार समयमा नै कार्य सम्पन्न गर्नुपर्ने व्यवस्था गरिनुपर्दछ ।

१२. **सम्झौता बमोजिम कार्य नभएको** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ (१०) अनुसार उपभोक्ता समिति वा लाभग्राही समुदायले काम गर्न सक्ने व्यवस्था छ । कार्यालयले कंकाई नदी नियन्त्रण तथा व्यवस्थापन कार्यको रु.५९,९१,७८४।- को लागत अनुमान स्वीकृत गरी २०७३।३।२० मा कार्यसम्पन्न गर्न २०७३।२।९ मा रु.५०,५६,१६२।- को उपभोक्ता समितिसंग सम्झौता गरेकोमा उपभोक्ता समितिले रु.८,०९,४१९।- मात्र कार्य गरी विल पेश गरेकोमा सोही कार्यलाई फरफारक गरेको देखियो । कार्यस्थल दक्षिणी सिमा क्षेत्रमा परेको, निरन्तर बर्षाको कारणले पानीको सतह बढी कार्य गर्न नसकिएको र उपभोक्ता समितिसंगको सम्झौतामा म्याद थप गर्ने प्रावधान नभएकोले सम्पन्न कार्य परिमाणलाई नै नापजाँच गरी भुक्तानी दिएको भन्ने जवाफ रहेको छ । सम्झौताबमोजिम कार्यसम्पन्न गर्न पहल हुनुपर्दछ ।

१३. **मूल्य अभिवृद्धि कर** : मूल्य अभिवृदि कर नियमावली, २०५३ को नियम १७(१) बमोजिमको ढाँचामा कर विजक जारी गर्नुपर्ने व्यवस्था रहेको छ । कार्यालयले भुक्तानी दिदा हातले लेखेको कर विजकको

क्रम संख्याको कर विजकको आधारमा एक निर्माण सेवालाई मूल्य अभिवृदि कर वापत रु.५४,७९२।- भुक्तानी गरेकोले कर समायोजन प्रमाण पेश गर्नुपर्दछ ।

१४. **पेश्की बाँकी** : आर्थिक बर्षको अन्त्यमा विभिन्न ७ खरिद सम्झौताको ४ निर्माण व्यवसायीको पेश्की बाँकी रहेको देखिएको छ । कुल पेश्की मध्ये आ.ब.को अन्त्यमा ९४.९५ प्रतिशत दिएको देखियो । यसले गर्दा कार्य समयमा नै सञ्चालन भएको देखिएन । उक्त पेश्की भुक्तानीमा विभिन्न ३ निर्माण व्यवसायीलाई मूल्य अभिवृदि कर समेतको गणना गरी पेश्की भुक्तानी भएकोले नेपाल रु.३५,२४,९३४।- सम्झौताभन्दा बढी पेश्की दिएको देखियो । उक्त पेश्की रु.३५,२४,९३४।- तुरुन्त असुल गर्नुपर्दछ । हालसम्म पनि फछ्र्यौट भएको नदेखिएको रु.३,८६,६९,०००/- पेश्की रकम सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११३ अनुसार फछ्र्यौट गर्नुपर्दछ ।

## जल उत्पन्न प्रकोप नियन्त्रण डिभिजन

१ **आन्तरिक नियन्त्रण प्रणाली** : कार्यालयले प्रचलित ऐन नियमको पालना गरी आन्तरिक नियन्त्रण व्यवस्था भरपर्दो र प्रभावकारी बनाउनुपर्दछ । आन्तरिक नियन्त्रण व्यवस्थाको मूल्याङ्कन गर्दा कर्मचारीहरुको कार्य विवरण तयार गरेको देखिएन । प्रचलित ऐन नियमको पालना गरी आन्तरिक नियन्त्रण सुदृढ गर्नुपर्दछ ।

२. **खर्चको सार्वजनिकीकरण** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(७) वमोजिम उपभोक्ता समिति वा लाभग्राही समुदायले आफुले प्रत्येक किस्तामा गरेको खर्चको सूचना सार्वजनिक स्थानमा टांस गरी खर्चको सार्वजनिकीकरण गर्नुपर्ने व्यवस्था रहेकोमा । कार्यालयले नदी नियन्त्रणका लागि विभिन्न ३ उपभोक्ता समितिवाट ६ स्थानमा रु.२,९६,४०,२४२।- सार्वजनिकीकरण नगरी खर्च गरेको देखियो । यस्तो कार्यमा नियन्त्रण गरिनुपर्दछ ।

३. **समन्वयको अभाव** : चुरे भावर क्षेत्र उदगमस्थल भएका यस जिल्लाका रतुवामावा, कन्काई, विरीङ र अन्य नदी तथा खोलाहरुवाट हुने क्षतिलाई नियन्त्रण गर्न जिल्ला भू-संरक्षण कार्यक्रम, जनताको तटवन्ध कार्यक्रम, जल उत्पन्न प्रकोप नियन्त्रण, वनतर्फ राष्ट्रपति चुरे संरक्षण कार्यक्रम जस्ता कार्यक्रमहरु अलग अलग निकायको रुपमा संचालित भएको र केही हदसम्म सिचाई विकास डिभिजन र जिल्ला विकास समितिमा पनि यस्ता कार्यक्रम राखी सञ्चालन भएको देखिन्छ । यस्ता कार्यक्रमहरु संचालनको व्यवस्थित अभिलेख नरहने हुनाले सालवसाली रुपमा सम्पादन हुने र निकायहरु विच कार्यगत एकताको अभावमा कार्य गुणस्तयुक्त, समयमा र नदोहोरिने गरि सम्पादन भएकोमा एकिन हुने व्यवस्था हुनुपर्दछ ।

४. **कण्टिन्जेन्सी खर्च** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १०(७) मा निर्माण कार्यको लागत अनुमान गर्दा ५ प्रतिशतसम्म कन्टिजेन्सी खर्च गर्न सक्ने व्यवस्था रहेको छ । कार्यालयले यस वर्ष २ उपशीर्षकबाट जम्मा रु.६३,७७,५९६।- खर्च गरेको विवरण दिएको छ। उक्त खर्च मध्ये मोटर साइकल, कम्प्युटर, फर्निचर र भवन मर्मत कार्यमा रु.४२,०१,१०८।- र सवारी साधन खरिदको लागि विभाग पठाएका रु.१५,००,०००।- पूंजीगत प्रकृति काममा खर्च गरेको र रु.६,७६,४८८।- चालु प्रकृतिको काममा खर्च गरेको छ । कार्यक्रमगत र योजनागत खर्च खाता नराखेबाट कन्टिजेन्सी रकमको सीमा नाघे ननाघेको यकिन गर्न सकिएन ।

५. **अख्तियारी** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३(२) मा स्वीकृत वार्षिक कार्यक्रम र खर्च गर्ने अख्तियारी सम्वन्धित तालुक निकायले आर्थिक वर्ष सुरु भएको १५ दिन भित्र सम्वन्धित कार्यालयमा पठाउनु पर्ने व्यवस्था छ । यस कार्यालयमा प्राप्त कूल अख्तियारी रु.१७,०१,०६,०००।- मध्ये आषाढ महिनामा रु.९,००,०४,०००।- प्राप्त भएको देखियो । विभागबाट समयमा नै अख्तियारी प्रदान गर्नुपर्दछ ।

६. **चौमासिक खर्चको स्थिति** : कार्यालयले वार्षिक बजेट तथा स्वीकृत कार्यक्रमका आधारमा चौमासिक लक्ष्य अनुसार खर्च गरी कार्यक्रम सञ्चालन गर्नुपर्दछ । कार्यालयको कूल पूँजीगत खर्च १४,८९,८२,४२६।- मध्ये तेश्रो चौमासिकमा रु.१३,५१,०४,८३१।- र आषाढ महिनामा रु.९,६३,१२,२६९।- खर्च गरेको छ । बर्षान्तमा बढी खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्ने देखिन्छ ।

७. **मूल्य अभिवृद्धि कर भुक्तानी** : मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १४ अनुसार मूल्य अभिवृद्धि कर जारी भएको अवस्थामा मात्र मूल्य अभिवृद्धि कर भुक्तानी दिनुपर्दछ । उपभोक्ता संस्थाहरु मूल्य अभिवृद्धि करमा दर्ता नहुने हुनाले त्यस्ता संस्थालाई मूल्य अभिवृद्धि कर भुक्तानी दिन मिल्ने देखिदैन । कार्यालयले वस्तिटा संरक्षण धुर्विसे पंचमी उ.मा.वि. खेल मैदान संरक्षण कार्य फाक्तेप-५ पाचथर उपभोक्ता समितिलाई खरिदको स्वीकृत जिल्ला दररेटमा मूल्य अभिवृद्धि कर थप गरी लागत अनुमान दर निर्धारण र सोही दरमा सम्झौता गरी उपभोक्ता समितिलाई मूल्य अभिवृद्धि कर समेत भुक्तानी दिएको देखियो । यसरी ऐनले तोके विपरीत उपभोक्ता समितिलाई तार खरिदको विजक वेगर गरिएको रु. ५,९२८/- भुक्तानी सम्वन्धित उपभोक्ता समितिवाट असुल गर्नुपर्दछ ।

८. **विजक पेश नभएको** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम (२) अनुसार निर्माण व्यवसायीले अस्वाभाविक ढङ्गले मूल्य दर राखेमा मूल्याङ्कन समितिले जांच गर्नुपर्ने व्यवस्था छ । मेची नदी नियन्त्रण कार्यका लागि मूल्य अभिवृद्धि कर वाहेक रु.८,९५,०५१।- लागत रहेकोमा एक निर्माण व्यवसायीसंग मूल्य अभिवृद्धि कर वाहेक रु.७,४९,६२४।- मा सम्झौता गरेको छ । उक्त सम्झौता रकम रु.७,४९,६२४।- ठेक अंकको १३.३४ प्रतिशत अर्थात् रु.१,००,०००।- को आइटम विमा वापत राखेको र सोही अनुसार भुक्तानी भएकोमा निर्माण व्यवसायीले रु.७,७०४।- को मात्र विमाको विजक संलग्न गरेकोले नपुग विमा वापतको विजक रु.९२,२९६।- को प्रमाण पेश गर्नुपर्दछ । त्यसरी नै एक निर्माण व्यवसायीलाई विमा वापत रु.२०,७००।- भुक्तानी भएकोमा रु.१६,११५।- को मात्र विमा विजक पेश गरेको हुँदा नपुग देखिएको रु.४,५८५।- दाखिला हुनुपर्दछ ।

९. **कर विजक** : मूल्य अभिवृद्धि कर नियमवली, २०५३ को नियम १७(१) एवं अनुसूची-५ र ६(क) बमोजिमको ढाँचामा कर विजक जारी गर्नुपर्ने व्यवस्था रहेको छ । कार्यालयले ३ निर्माण व्यवसायीलाई रु.१,३१,५०४/- मूल्य अभिवृद्धि कर भुक्तानी गर्दा सम्बन्धित निर्माण व्यवसायीले पेश गरेको कर विजकमा विजक क्रम संख्या नै उल्लेख नभएको हुँदा मूल्य अभिवृद्धि कर वापत भुक्तानी भएको रु.१,३१,५०४/- को समायोजन भएको प्रमाण पेश गर्नुपर्दछ ।

## जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र

१ **जनशक्ति तथा पदपूर्तिः** : कार्यालयको स्विकृत ३८ दरबन्दीमध्ये २८ जना कार्यरत रहेको देखियो । ७ सेवा केन्द्र र जिल्ला समेत ८ कार्यालयबाट सेवा दिनुपर्नेमा कविराज ८ मध्ये ६ र वैद्य मध्ये ४ माग पदपूर्ति रहेकोले सेवा प्रवाहमा असर पर्नेतर्फ तालुक निकायले ध्यान दिनुपर्ने देखिन्छ ।

२ **बढी भुक्तानी** : क्षेत्रीय आयुर्वेद औषधालय निर्माण गर्न एक निर्माण व्यवसायिसंग २०७२।३।३१ मा रु.६१,०५,२९४।- को सम्झौता भएकोमा हाल कार्यसम्पन्न भएको देखियो । उक्त कार्यसम्पन्न हुँदा आइटम नं ३ पी.सि.सि.१० (१:३:७) ३० देखि ३८ से.मी.सम्म गिट्टी प्रयोग गरी सिमेन्टको गाह्रो लगाउने कामको लागत अनुमान अनुसार २.९८० घनमिटर कार्य गर्नुपर्नेमा २२.१९५ घनमिटर काम भएको भनी भुक्तानी भएको छ । लागत अनुमानभन्दा बढी प्रतिघनमिटर रु.७२१९।- ले हुने मूल्य अभिवृद्धि कर समेतथ रु.१,५६,७४०।- भुक्तानी भएकोले उक्त रकम असुल गर्नुपर्दछ ।

## जिल्ला कारागार कार्यालय

१. **आन्तरिक नियन्त्रण प्रणाली** : कार्यालयले प्रचलित ऐन नियमको पालना गरि आन्तरिक नियन्त्रण व्यवस्था भरपर्दो र प्रभावकारी बनाउनुपर्दछ । आन्तरिक नियन्त्रण व्यवस्थाको मूल्याङ्कन गर्दा जिन्सी निरीक्षण प्रतिवेदनमा लिलाम, मर्मत र मिन्हा गर्नुपर्ने तथा मूल्य खुलाउनुपर्नेमा व्यहोराको

कार्यान्वयन नभएको कर्मचारीहरुको कार्य विवरण तयार नगरेको जस्ता व्यहोरा देखिएका छन् । प्रचलित ऐन नियमको पालना गरी आन्तरिक नियन्त्रण सुदृढ गर्नुपर्दछ ।

२. **अख्तियारी** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३(२) बमोजिम स्वीकृत वार्षिक कार्यक्रम र खर्च गर्ने अख्तियारी सम्बन्धित मन्त्रालयले आर्थिक वर्ष शुरु भएको १५ दिनभित्र सम्बन्धित कार्यालयमा पठाउनु पर्दछ। वजेट उप शीर्षक २ को रु.६३,८५,०००।- को वजेट खर्च गर्ने अख्तियारी आषाढ महिनामा पठाएको पाइयो । तालुक कार्यालयले मातहत कार्यालयलाई नियममा तोकिएबमोजिम समयमै खर्च गर्ने अख्तियारी र कार्यक्रम पठाउनु पर्दछ ।

३. **कारागारको क्षमताभन्दा बढी कैदी वन्दी** : विश्वव्यापी संयुक्त राष्ट्र सघीय मानव अधिकारको घोषणा वमोजिम कैदी वन्दीको संख्या अनुसार व्यवस्थित तरिकाले वस्ने भवनको व्यवस्था गर्नुपर्दछ । कारागार भवनमा पुरुष महिला र वाल बालिका समेत करिव ३०० जना बस्न सक्ने क्षमता भएका कार्यालयको भनाई रहेतापनि लेखापरीक्षणको क्रममा २०७३।११।१ मा कैदी बन्दीको अभिलेख परीक्षण गर्दा पुरुष ७६९, महिला ८० र वालवालिका ४ समेत गरी ८५३ रहेको पाइएकोले भवनको व्यवस्था हुनुपर्दछ ।

## जिल्ला कृषि विकास कार्यालय

१ **आन्तरिक नियन्त्रण प्रणाली** : कार्यालयले प्रचलित ऐन नियमको पालना गरी आन्तरिक नियन्त्रण व्यवस्था भरपर्दो र प्रभावकारी बनाउनुपर्दछ। आन्तरिक नियन्त्रण व्यवस्थाको मूल्याङ्कन गर्दा जिन्सी निरीक्षण प्रतिवेदनमा लिलाम, मर्मत र मिन्हा गर्नु पर्ने तथा मूल्य खुलाउनुपर्नेमा व्यहोराको कार्यान्वयन नभएको विभिन्न ११ पदमा कर्मचारीहरुको पदपूर्ति नभएको, कार्य संचालन कोष तर्फका विभिन्न कार्यामा भएको खर्चको लेखापरीक्षण नभएको जस्ता व्यहोरा देखिएका छन् । प्रचलित ऐन नियमको पालना गरी आन्तरिक नियन्त्रण सुदृढ गर्नुपर्दछ ।

२. **वार्षिक कार्यक्रम अख्तियारी** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३(२) मा स्वीकृत वार्षिक कार्यक्रम र खर्च गर्ने अख्तियारी सम्वन्धित तालुक निकायले आर्थिक वर्ष शुरु भएको १५ दिनभित्र सम्वन्धित कार्यालयमा पठाउनुपर्दछ । तालुक निकायले दीर्घकालीन कृषि अनुगमन तथा समन्वय कार्यक्रमको रु.१९,२०,०००।- अख्तियारी २०७३।३।७ मा पठाएको देखिँदा सम्बन्धित निकायले नियमानुसार समयमै अख्तियारी पठाउनु पर्दछ ।

३. **चौमासिक पूँजीगत खर्च** : कार्यालयलाई प्रदान गरिएको वार्षिक कार्यक्रम, अख्तियारी तथा वजेट अनुसार चौमासिक रुपमा कार्यक्रम संचालन गरी खर्च गर्नुपर्दछ । विभिन्न उपशिर्षकमा रु.६,६७,४३,६३५।- खर्च गरेकोमा तेस्रो चौमासिकमा रु.३,७८,३२,५०५।- र आषाढ महिनामा मात्र रु.१,१९,८६,६३८।- खर्च गरेको देखियो । यसरी आर्थिक वर्षको अन्ततिर अधिक मात्रामा कार्यक्रम संचालन हुँदा कामको गुणस्तर तथा मितव्ययी रुपमा कार्य सञ्चालन हुन सक्ने स्थिति रहँदैन । तसर्थ अख्तियारी बजेट कार्यक्रम अनुसार नै खर्च गर्नेतर्फ ध्यान पुऱ्याउनु जरुरी देखिन्छ ।

४. **कर कट्टी** : आयकर ऐन, २०५८ को दफा ८९(१) मा रु.५०,०००।- भन्दा वढीको भुक्तानीमा १.५ प्रतिशतले अग्रिम कर कट्टी गर्ने व्यवस्था रहेको छ । कृषि उपकरण, मल र वीउ आदि खरिद गर्दा कृषक लगायत विभिन्न संघ संस्थाले कार्यालयको अनुदानमा आफ्नो अंश समेत व्यहोरी आपूर्तिकर्तालाई भुक्तानी दिएकोमा कार्यालयले कार्यालयको भुक्तानी अंशमा मात्र अग्रिम कर कट्टी गरेको देखिन्छ। तर कृषक लगायत अन्य संघ संस्थाले व्यहोरेको भुक्तानीको अंशमा कर कट्टी गरेको देखिएन । कार्यालयले मूल्य अभिवृद्धि कर लाग्ने र नलाग्ने कृषि उपज र सामग्रीको यकिन गरी भुक्तानीको पुरै रकममा कर कट्टी गरी दाखिला गर्नुपर्दछ ।

५. **कार्य सम्पन्न** : कृषि उपज संकलन केन्द्र गौरादह न.पा.पा.नं. ३ मा कृषि उपज संकलन केन्द्र निर्माणका लागि कार्यालयले रु.५,००,०००।- को लागतमा २०७३।३।३० सम्म कार्यसम्पन्न गर्ने

२०७३।३।१० मा गरी सम्झौता गरेकोमा उक्त समयमा कार्य सम्पन्न नभै २०७३।६।१० मा कार्य सम्पन्न गरेको प्रमाण पेश गरी पेश्की फछ्र्यौट गरेको देखिन्छ । उक्त संकलन केन्द्रले सम्झौता अनुसार सम्पन्न गर्नुपर्ने समयमा कार्य सम्पन्न नगरेको देखिएकोले सम्झौता कार्यान्वयन गर्नुपर्दछ ।

## जिल्ला प्राविधिक कार्यालय

१ **आन्तरिक नियन्त्रण** : बिभिन्न ऐन नियम एवं कार्यबिधिमा उल्लेख भएका कार्यालयको कामसंग सम्बन्धित आन्तरिक नियन्त्रण व्यबस्थाको कार्यान्वयन गर्नु पर्दछ । कार्यालयको आन्तरिक नियन्त्रण प्रणालीको मूल्यांकन गर्दा नापी किताब व्यवस्थित नगरेको जिन्सी निरीक्षण प्रतिवेदनको कारवाही नगरेको, खरिद गुरु योजना बार्षिक खरिद योजना तयार नगरेको, चौमासिक रुपमा बार्षिक कार्यक्रम बमोजिम खर्च हुने नगरेको, सम्भावित जोखिमहरु पहिचान नगरेको, निर्माण कार्यको लागत अनुमान, नापी किताव र कार्यसम्पन्न प्रतिवेदन आदिमा तयार पार्ने, पेश गर्ने, जाँच गर्ने र सदर गर्ने कर्मचारीको नाम, पद, छाप एवम् मिति उल्लेख गर्ने नगरेको, कर्मचारीलाई कार्य विवरण बनाई लागू नगरेको,राजस्व आम्दानीको गोश्वारा भौचर खडा नगरेको लगायतका कमिकमजोरी देखिएकाले यसमा सुधार गरी आन्तरिक नियन्त्रण प्रणालीलाईं प्रभावकारी बनाउनु पर्ने देखिन्छ ।

.२ **स-साना आयोजना** : ग्रामीण पुनःनिर्माण तथा पुर्नस्थापना कार्यक्रम अन्तर्गत २९ निर्माण कार्य भई रु.१ करोड ९५ लाख ३१ हजार खर्च भएका छन । सोमध्ये २५ योजना क्रमागत र ४ योजना सम्पन्न भएको छ । स-साना योजनामा न्यूनतम बजेट विनियोजनका कारण संचालन अनुगमनको गुणस्तर नियन्त्रण गर्न र दिगो निर्माणमा पर्याप्त ध्यान नपुग्ने हुँदा यसतर्फ कार्यालयले ध्यान दिनुपर्ने देखिन्छ ।

३ एक सडक निर्माण गर्न रु.रु.१५ करोड ४९ लाख ५८ हजार बजेट स्वीकृत भएकोमा रु.१ करोड ६२ लाख ३५ हजार खर्च भएकोमध्ये रु.८६ लाख पेश्की बाँकी रहेको छ । १६ किलोमिटर सडकको लागि रु.१७ करोड ६३ लाख ४० हजारको लागत तयार भएकोमा यस वर्ष चेनेज नं.११+४०० सम्म काम गर्ने गरी एक निर्माण व्यवसायीसंग खरिद सम्झौता भएको देखियो । सम्झौताको २४ महिनामा निर्माण कार्यसम्पन्न गर्नुपर्नेमा स्थलगत लेखापरीक्षण समयसम्म न्यूनमात्र प्रगति भएको देखियो । आर्थिक वर्षको अन्त्यसम्ममा काम सम्पन्न गर्ने प्रतिवद्धता व्यक्त गरेको आधारमा मोविलाईजेशन पेश्की प्रदान गरेकोमा सोअनुरुप निर्माण भएको देखिएन । तीन वटा माइल स्टोनमध्ये २ वटा माइल स्टोनको समय व्यतित भएको सन्दर्भमा सम्झौतामा तोकिएको प्रतिशत काम हुन नसकेकोले निर्माण कार्यको अनुगमन प्रभावकारी भएको देखिएन । प्रतिवद्धता र शर्त अनुरुप कार्य गराउन कार्यालयले ध्यान दिनुपर्दछ ।

४ **लागत अनुमान** : सडकको पुरा खण्डको लागत अनुमान रु.१७ करोड ६३ लाख ४० हजार तयार गर्दा पुल बन्नु पर्ने स्थानमा कल्भर्ट, न्यूनतम मांत्र साईड ड्रेन तथा ह्युमपाईप तथा स्ल्याव कल्भर्टको लागत अनुमान तयार गरेकोले आवश्यक स्थानमा बनाउनु पर्ने न्यूनतम संरचना समेत बनाउन नमिल्ने देखिएकोले बाटोको दीर्घ सुसञ्चालन र दिगोपनामा प्रभाव पार्ने देखिन्छ । भौगोलिक अवस्था अनुसार आवश्यक पर्ने न्यूनतम संरचना नबनाई लागत अनुमान तयार गर्दा सो अपर्याप्ततामा हुने सडक क्षतीमा लागत अनुमान तयार गर्ने, डिजाईन तथा स्पेसिफिकेशन तयार गर्ने पक्षलाई जिम्मेवार बनाउनु पर्दछ ।

लागत अनुमानमा चौडाई ३ मिटर मात्र भएको र सोही अनुरुप लागत अनुमान तयार गरेको छ । लक्ष्मीपुर साधुरटार सडकको पुन निर्माण तथा पुनस्थापना गर्न सडकमा २.४ किलोमिटर पुरानो सडक भत्काउने कार्यमा ३ मिटर सडकमा ०.७ मिटर गहिराईको लागत अनुमानको कारणले २३,९४० घनमिटर परिमाण देखिएको छ । निर्माण कार्यको प्रथम नापी हुँदा परिमाण पुऱ्याउन ३

मिटर भएको सडकमा समेत अधिकांश ठाउँमा बाटो फराकिलो देखाई चौडाईको आधारमा रु.११,९५,०००।- भुक्तानी भएकोले थप छानविन हुनुपर्दछ ।

५ **मोविलाईजेशन पेश्की** : निर्माण व्यवसायी एक निर्माण व्यवसायीलाई दिइएको मोविलाईजेशन पेश्की रु.८६ लाख आर्थिक कार्यविधि नियमावली, २०६४ अनुसार असुल फछ्र्यौट गर्नुपर्दछ ।

६ शान्तिका लागि विकास कार्यक्रम अन्तर्गत विभिन्न ७२ निर्माण कार्यको लागि रु.१ करोड ९० लाख ७८ हजार खर्च भएको छ । रु.११ करोड १२ लाखका योजनामा यस वर्ष प्राप्त बजेटको आधारमा कार्य भई सोही बराबर निर्माण सम्पन्न भएपछि योजना सम्पन्न मानिने हुँदा वास्तविक रुपमा सम्पन्न भए/नभएको यकिन हुन नसक्ने देखिन्छ । स-साना कार्यक्रममा आउने यस्ता खर्चको अनुगमनमा कठिनाई, न्यून उपलब्धीमुलक खर्च हुने हुंदा वास्तविक योजना पहिचान र दिगो विकासमा जिम्मेवार निकायले ध्यान दिनुपर्ने देखिन्छ ।

## जिल्ला प्रशासन कार्यालय

१ **आन्तरिक नियन्त्रण प्रणाली** : कार्यालयले प्रचलित ऐन नियमको पालना गरी आन्तरिक नियन्त्रण व्यवस्था भरपर्दो र प्रभावकारी बनाउनुपर्दछ। आन्तरिक नियन्त्रण व्यवस्थाको मूल्याङ्कन गर्दा जिन्सी निरीक्षण प्रतिवेदनमा लिलाम, मर्मत र मिन्हा गर्नु पर्ने तथा मुल्य खुलाउनुपर्नेमा व्यहोराको कार्यान्वयन नभएको कर्मचारीहरुको कार्य विवरण तयार नगरेको, खरिद योजना वनाई खरिद नगरेको, आयको यकिन नभएको, लेखापरीक्षण नभएको, कार्य संचालन कोष एकिकृत नभएको जस्ता व्यहोरा देखिएका छन् । प्रचलित ऐन नियमको पालना गरी आन्तरिक नियन्त्रण सुदृढ गर्नुपर्दछ ।

२. **अख्तियारी** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३(२) बमोजिम १५ दिनभित्र अख्तियारी पठाउनु पर्नेमा विभिन्न वजेट उप शिर्षकको रु.२२,२७,०००।- आषाढ महिनामा पठाएको देखियो । समयमा नै अख्तियारी पठाउनु पर्दछ ।

३. **चौमासिक खर्चको स्थिति** : कार्यालयले वार्षिक बजेट तथा स्वीकृत कार्यक्रमका आधारमा चौमासिक लक्ष्य अनुसार खर्च गरी कार्यक्रम सञ्चालन गर्नुपर्दछ । कार्यालयको कूल पूँजीगत खर्च रु.१,०३,५५,२५४।- मध्ये तेश्रो चौमासिकमा रु.११,०४,२११।- र आषाढ महिनामा रु.३३,३५,७८१।- खर्च गरेको छ । बर्षान्तमा बढी खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

४. **बढी परिमाणमा भुक्तानी** : सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३ (१) (ख) मा प्राविधिक नाप जाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्य सम्पादनको आधारमा भुक्तानी गर्ने र त्यस्तै उपनियम ६ (क) मा अघिल्लो रनिङ्ग विलमा भुलवश लेखिन गई सच्याउनु पर्नेमा त्यस पछिको रनिङ्ग विलमा सच्याउन वा हेरफेर गर्नुपर्ने व्यवस्था रहेको छ। कार्यालयले एक इन्जिनियरीङ्ग कन्सट्रक्सनलाई सातौ रनिङ्ग विल भुक्तानी गर्दा बिल अफ क्वान्टिटी को क्र.सं. ९ मा फ्लोरीङ्ग एण्ड फिलिङ्ग गर्ने कार्यको आईटम (सि) मा २१.०६३ घनमिटर कार्य गर्ने गरी सम्झौता गरेकोमा छैठौ रनिङ्ग विलसम्म १७.०९६ घ.मी को रु.१,९६,५०६।- भुक्तानी भर्इसकेकोमा सातौ विलमा प्लेन सिमेन्ट कंन्क्रीट इनफ्लो एण्ड टप रुफ वीथ सिमेन्ट कार्यको कार्य परिमाण नै उल्लेख नगरी रु.१,८४,५४४।- भुक्तानी गरेको छ। यसरी अधिकतम बिल अफ क्वान्टिटी परिमाण २१.०६३ रहेकोमा १७.०९६ को रु. ११,४९४।- दरले रु. १,९६,५०६।६९ भुक्तानी भएकोले बिल अफ क्वान्टिटीमा उल्लेख भएको परिमाणभन्दा वढी र परिमाण नै नखुलाई भएको रु.१,८४,५४४।- भुक्तानी रकम यकिन गरी दाखिला गर्नुपर्दछ ।

५. **सम्झौताभन्दा बढी भुक्तानी** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३(१) (ग) मा प्राविधिक खरिद सम्झौतामा सम्पन्न कार्य मापन गर्ने सूचकाङ्क तोकिएकोमा त्यस्तो सूचकाङ्क प्राप्त भएपछि कार्यको आधारमा भुक्तानी दिनुपर्ने व्यवस्था रहेको छ। कार्यालयले एक निर्माण व्यवसायीलाई

क्वाटरको सप्लाइङ इण्ड फिक्सीङ ईण्डियन पाटान सि.पी. भल्भस वीथ वाल फ्लोग इन्कल्युडीङ सि.पी. भीपल एल कम्पीलस सेटको विभिन्न ३ आइटमका सामग्रीमा सम्झौताभन्दा रु.७,८९५/- वढी भुक्तानी भएकोले असुल गर्नुपर्दछ ।

६. **पेश्की कायम हुनुपर्ने** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ७४(३) बमोजिम दिइएको पेश्की यस नियमावलीमा तोकिएको म्याद भित्र फछ्र्यौट गर्नु गराउनु पर्दछ । का.स. चन्द्र भण्डारीले राहत वितरण कार्यको लागि लिएको पेश्की रु.१०,०००/- खातामा नजनाई वांकी राखेकोले नियमानुसार फछ्र्यौट गर्नुपर्दछ ।

**जिल्ला दैवी प्रकोप उद्धर समिति**

७. **तोकिएभन्दा फरक कार्यमा खर्च** : जिल्ला दैवी प्रकोप उद्धार समिति कोष तर्फको जिम्मेवारी रु.४,६०,४२२।- रहेकोमा सोही रकमबाट दैवी प्रकोपतर्फ खर्च गर्नुपर्नेमा वैदेशिक रोजगारका क्रममा मृत्यु हुनेका हकदारले पाउने क्षतिपूर्तिको बाँकी रकमबाट सापटी ल्याई दैवी प्रकोप उद्धारतर्फ खर्च भएकोले मौज्दात एवं आम्दानीभन्दा बढी खर्च भएको छ । वैदेशिक रोजगारको क्रममा मृत्यु हुनेका हकदारले पाउने क्षतिपूर्ति रकममा कमी हुने हुँदा तोकिएको कार्य बाहेकमा रु.७९,५७८।- खर्च गर्न मिल्ने देखिएन । यसरी भएको खर्चको कोषपूर्ति हुनुपर्दछ ।

८. **सापटी फिर्ता** : वैदेशिक रोजगारको क्रममा मृत्यु हुनेका हकदारले पाउने क्षतिपूर्तिका लागि यस खातामा आएको रकम मध्येवाट दैवि प्रकोप उद्धार समिति कोषलाई दिएको सापटी रकम रु.७९,५७८।- फिर्ता हुनुपर्दछ ।

९. **घटी मौज्दात** : राष्ट्रिय वाणिज्य वैंक चल्ती खाता नं.३२९१ मा २०७२।७३ को अन्त्यमा एकीकृत आर्थिक विवरण अनुसार बैंक मौज्दात रु.५,८०,५५४।- हुनुपर्नेमा बैंक विवरणमा रु.४,०५,०२६।- मौज्दात देखिएकोले श्रेस्ता एवं आर्थिक विवरणभन्दा वैंकमा घटी मौज्दात देखिएको रकम रु.१,७५,५२९/- तत्काल जिम्मेवार खाता सञ्चालकहरुबाट असुल गरी दाखिला गर्नुपर्ने छ ।

१०. **यथार्थ कारोबारको चित्रण नभएको** : कार्यालयले कार्य संचालन कोषमा गत वर्षको जिम्मेवारी नल्याएको र २०७३।३।६ मा रु.४९,६५,०५९।- जम्मा गरेको देखिएकोले उपलव्ध आर्थिक विवरणले यथार्थ कारोवारको चित्रण गर्दैन । कार्य सञ्चालन कोष खातामा यस वर्षको आम्दानी देखाई संशोधित एकीकृत आर्थिक विवरण बनाउनु पर्दछ ।

## जिल्ला प्रहरी कार्यालय

१ **आन्तरिक नियन्त्रण प्रणाली** : कार्यालयले प्रचलित ऐन नियमको पालना गरी आन्तरिक नियन्त्रण व्यवस्था भरपर्दो र प्रभावकारी बनाउनुपर्दछ । आन्तरिक नियन्त्रण व्यवस्थाको मूल्याङ्कन गर्दा जिन्सी निरीक्षण प्रतिवेदनमा लिलाम, मर्मत र मिन्हा गर्नु पर्ने तथा मुल्य खुलाउनुपर्नेमा व्यहोराको कार्यान्वयन नभएको राशन खाने कर्मचारीहरुको विवरण प्रशासनवाट प्रमाणित गरी राशन भुक्तानी नगरेको जस्ता व्यहोरा देखिएका छन् । प्रचलित ऐन नियमको पालना गरी आन्तरिक नियन्त्रण सुदृढ गर्नुपर्दछ ।

२. **कार्यालय भवन निर्माण** : भवन निर्माणका लागि रु.३,८०,८२,७५०।- लागत अनुमान भएकोमा रु.३,७८,४३,२१२।- को बोलपत्र स्वीकृत गरी २०७३।२।२२ मा सम्पन्न गर्न एक निर्माण व्यवसायीसंग सम्झौता गरेकोमा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२० बमोजिम २०७३।११।२२ सम्म म्याद थप गरेको देखिन्छ । गत वर्षसम्म तेश्रो रनिङ विल सम्म रु.१,८४,७१,१३८।- भुक्तानी भएकोमा यस वर्ष चौथोदेखि सातौ रनिङ विलवाट रु.१,५४,८७,६९२।- गरी हालसम्म रु.३,३९,५८,८३०।- भुक्तानी भएको देखिन्छ । प्रहरी प्रधान कार्यालयको २०७२।४।३२ को पत्र अनुसार थुनुवा कक्षको माथि तला थप गर्नुपर्ने भएको र केही आइटमहरुको परिमाण साइटको अवस्थानुसार थप घट गर्नु परेको कारणले सम्झौता रकममा ९.९२ प्रतिशतले वृद्धि भई कवोल अंक

रु.४,१५,९५,७८०।- कायम भएको छ । भवन निर्माण कार्य सम्झौताबमोजिम समयमा सम्पन्न गर्नेतर्फ कार्यालयले ध्यान पुऱ्याउनु पर्दछ ।

३. **ब्यारेक, शौचालय, मेसभवन निर्माण** : मूल्य अभिवृद्धि कर समेत लागत अनुमान रु.३,५८,७५,१३०।- भएकोमा बोलपत्रको माध्यमबाट रु.३४,१२,९७१२।- को २०७३।११।११ सम्म सम्पन्न गर्न २०७२।९।१२ मा एक निर्माण व्यवसायीसंग सम्झौता भएको छ। यो वर्ष चौथो रनिङ विलसम्म रु.२,१४,६३,८३८।- र पेश्की दिएको रु.२२,३९,०००।- समेत गरी निज निर्माण सेवालाई रु.२,३७,०२,८३८।- भुक्तानी भएको देखिन्छ । समयमा नै कार्य सम्पन्न गर्नेतर्फ पहल हुनुपर्दछ ।

४ **अख्तियारी** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३(२) मा स्वीकृत वार्षिक कार्यक्रम र खर्च गर्ने अख्तियारी सम्बन्धित मन्त्रालयले आर्थिक वर्ष सुरु भएको १५ दिनभित्र सम्बन्धित कार्यालयमा पठाउनुपर्ने व्यवस्था छ। प्रहरी प्रधान कार्यालयबाट २०७३।२।१४ मा रु.२५,००,०००।- को अख्तियारी पठाएको छ । २०७३।३।२६ मा रु.२,०१,७५,०००।- को थप बजेट पठाएको देखियो । कार्यक्रम बजेटमा व्यवस्था गरी तालुक निकायवाट समयमा नै अख्तियारी प्रदान गर्नुपर्दछ ।

५. **चौमासिक खर्चको स्थिति** : कार्यालयले वार्षिक बजेट तथा स्वीकृत कार्यक्रमका आधारमा चौमासिक लक्ष्य अनुसार खर्च गरी कार्यक्रम सञ्चालन गर्नुपर्दछ । कार्यालयको कुल पूँजीगत खर्च ५,९९,१२,८६२।- मध्ये तेश्रो चौमासिकमा रु.२,९३,३७,७१०।- र आषाढ महिनामा रु.१,१२,७२,२३९।- खर्च गरेको छ । बर्षान्तमा बढी खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्ने देखिन्छ ।

६. **अधुरा भवन निर्माण** : शान्ति तथा पुनःनिर्माण मन्त्रालय, शान्ति कोष सचिवालयको सहयोगबाट निर्माणधिन आयोजनाहरुको पटक पटक म्याद थपिए पनि ईलाका प्रहरी कार्यालय भवन धुलावारी, प्रहरी चौकी भवन हल्दीवारी र प्रहरी चौकी भवन कोरोवारी सम्पन्न भएका छैनन् । निर्माणाधिन भवनहरुको २ निर्माण व्यवसायीको विगतको पेश्की रु.१९,६३,०७०/१६ बाँकी रहेको छ । उपर्युक्त भवन निर्माण कार्यको सम्झौतानुसार पटक पटक म्याद थप गरी सक्दा पनि निर्माण सम्पन्न भएको देखिएन । समयमा नै निर्माण कार्य सम्पन्न गर्नुपर्दछ ।

७. **भवन निर्माण, धुलावारी** : लागत अनुमान रु.१,६७,९५,४८८।- रहेको भवन निर्माण गर्न एक निर्माण व्यवसायीसंग रु.१,५४,७१,१७४।- मा २०७२।१०।१७ मा सम्पन्न गर्ने गरी २०७१।१०।१८ मा सम्झौता भएकोमा २०७३ मंसिर मसान्तसम्मको लागि म्याद थप गरेको देखिन्छ। सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११८ उप नियम १(ख) वमोजिम ८.३० प्रतिशतले वढी हुने गरी भेरिएशन आदेश स्वीकृति गरेको छ । गतवर्षसम्म रु.१,१६,६५८।- र यो वर्ष रु.१,३०,५९,९३०।- समेत हालसम्म रु.१,३१,७६,५८७।- को कार्य भएको देखिन्छ । यसरी समयमा नै कार्य सम्पन्न नहुँदा मूल्य समायोजनबाट बढी व्ययभार पर्ने र अर्कोतर्फ सेवा प्रवाहमा प्रभावकारिता आउन नसक्ने हुँदा यस्तो निर्माण कार्यमा ध्यान दिई समयमा नै सम्पन्न गराउनुपर्दछ ।

८. **बढी ग्रेड** : प्रहरी किताबखाना कार्यविधि निर्देशन, २०६८ को प्रकरण ४ मा कार्यालयले उपत्यकाको हकमा प्रहरी किताबखानावाट र जिल्ला स्थित कार्यालयहरुले कोष तथा लेखा नियन्त्रक कार्यालयबाट तलवी प्रतिवेदन पारीत गराई ग्रेड भुक्तानी दिनुपर्ने व्यवस्था छ । पारित भएको तलवी प्रतिवेदन अनुसार एक प्रहरी जवानलाई आश्विनदेखि मासिक रु.३६०।- का दरले १० महिनाको रु.३,६००।- र क.स. कोष थप रु.३६०।- समेत गरी रु.३,९६०।- बढी दरले ग्रेड भुक्तानी गरेको देखिएकोले बढी भुक्तानी भएको रकम असुल गरी दाखिला गर्नुपर्दछ ।

९. **पेश्की बाँकी** : आर्थिक कार्यविधि नियमावली, २०६४ अनुसार आ.व.को अन्तसम्म एक निर्माण व्यवसायीको नाममा रु.२८,५५,९०५/- वांकी रहेको पेश्की नियमानुसार फछ्र्यौट हुनुपर्ने देखिन्छ ।

## जिल्ला पशु विकास कार्यालय

१ **आन्तरिक नियन्त्रण प्रणाली** : कार्यालयले प्रचलित ऐन नियमको पालना गरी आन्तरिक नियन्त्रण व्यवस्था भरपर्दो र प्रभावकारी बनाउनुपर्दछ । आन्तरिक नियन्त्रण व्यवस्थाको मूल्याङ्कन गर्दा कर्मचारीहरुको कार्य विवरण तयार नगरको, पदपूर्ति नभएको, पेश्की प्राप्त भएको रकमको सक्कल श्रेस्ता पेश नगरेको जस्ता व्यहोरा देखिएका छन् । प्रचलित ऐन नियमको पालना गरी आन्तरिक नियन्त्रण सुदृढ गर्नुपर्दछ ।

२. **चौमासिक खर्च** : कार्यालयलाई प्रदान गरिएको वार्षिक कार्यक्रम अख्तियारी तथा वजेट सिद्धान्त अनुसार हरेक चौमासिकमा कार्यक्रम सञ्चालन गर्नुपर्नेमा तेस्रो चौमासिकमा रु.२,५९,३१,९१३।- र आषाढ महिनामा रु.९७,५५,३१३।- खर्च गरेको पाईयो । यसरी आर्थिक वर्षको अन्तातिर अधिक मात्रामा कार्यक्रम संचालन गरी खर्च गर्दा कामको गुणस्तर तथा दिगोपनमा नकारात्मक असर पर्न जाने हुनाले वर्षान्तमा खर्च गर्ने परिपाटीमा नियन्त्रण हुनुपर्दछ ।

३. **अनुदान कार्यक्रम** : वार्षिक कार्यक्रम अनुसार प्रत्येक चौमासिकमा गर्ने कार्यक्रमहरु चौमासिक अनुसार संचालन गरी कार्य प्रगति विवरण तयार गर्नुपर्दछ । कार्यालयले यो वर्ष गाई वाख्रा पालन, पिग्लेट फार्म, मासु पसल तथा डेरी सुधार आदि जस्ता कार्यक्रममा कृषकलाई अनुदान दिंदा अधिकांश अनुदान तेस्रो चौमासिकमा मात्र दिने गरेको पाइयो । यसरी वर्षान्तमा कार्यक्रम संचालन गरी अनुदान दिंदा अन्तमा कामको चाप वढ्ने, काममा गुणस्तरीयता कायम गर्न नसकिने, प्राप्त प्रतिफलको समिक्षा गर्न तथा अनुगमन गर्ने कार्यमा समेत असर पर्न जान्छ । यस सम्वन्धमा पशु उत्पादन निर्देशनालयबाट युवा लक्षित विशेष पशु कार्यक्रम पटक पटक गरी तेस्रो पटक २०७२।९।१ मा प्रस्ताव माग गरेको कारण ढिला हुन गएको हो भन्ने कार्यालयको भनाई रहेको पाइयो । यस्ता कार्यक्रम सञ्चालन गर्दा सम्बन्धित निकायले विशेष ध्यान पुऱ्याउनु पर्दछ ।

४. **त्रुटिपूर्ण सम्झौता** : पशु विकास कार्यक्रम अन्तर्गतका युवा लक्षित, पशु उत्पादन गाई भैसी पालन कार्यक्रम सञ्चालन गर्न विभिन्न संघ संस्था तथा समुदायसंग गरिने सम्झौतामा दीर्घकालीन रुपमा पुऱ्याउने असर सम्बन्धमा मूल्याङ्कन गरी सम्झौता गर्नुपर्दछ । कार्यालयले यस वर्ष पशु सेवा प्रसार कार्यक्रम तर्फ रु.२९,००,०००।- र पशु विकास सेवा कार्यक्रमतर्फ रु.६५,००,०००।- समेत गरी रु.९४,००,०००।- अनुदान दिएकोमा अनुदान सम्झौतामा फार्म सञ्चालन गर्नुपर्ने अवधि तोकेको छैन । यसले गर्दा संस्थाले अनुदान लिई फार्म तुरुन्तै बिक्री गर्न सक्ने, फर्म नै वन्द गर्ने अवस्था श्रृजना हुन सक्तछ । तसर्थ सम्झौतामा नै सञ्चालन अवधि तोकि सुधार गर्न सम्बन्धित निकायको ध्यान जानुपर्ने देखिन्छ ।

५. **घुम्ती कोष** : गत वर्षको जिम्मेवारी रु.२,५३,२८५।- यस वर्षको आम्दानी रु.१६,७४,०४९।- समेत गरी जम्मा आम्दानी रु.१९,२७,३३४।- मा खर्च रु.१६,६९,०४९।- कटाई रु.२,५८,२८५।- बाँकी देखिन्छ । यस कोषमा गत विगत वर्ष २०५९ देखि २०७१ सम्म घुम्ति कोष मार्फत प्रतिव्यक्ति रु.१८,०००।- का दरले ९ जनालाई रु.१,६२,०००।- ऋण लगानी गरेकोमा रु.५,०००।- यस वर्ष असुल भई रु.१,५७,०००।- ऋण असुल गर्न बाँकी देखिएको छ। उक्त ऋण असुली गर्नेतर्फ कार्यालयले पहल गर्नुपर्दछ ।

## जिल्ला वन कार्यालय

१ **आन्तरिक नियन्त्रण प्रणाली** : कार्यालयले प्रचलित ऐन नियमको पालना गरी आन्तरिक नियन्त्रण व्यवस्था भरपर्दो र प्रभावकारी बनाउनुपर्दछ। आन्तरिक नियन्त्रण व्यवस्थाको मूल्याङ्कन गर्दा जिन्सी निरीक्षण प्रतिवेदनमा लिलाम, मर्मत र मिन्हा गर्नु पर्ने तथा मुल्य खुलाउनुपर्नेमा व्यहोराको कार्यान्वयन नभएको खरिद योजना नवनाएको, वन विकासमा तोकिए वमोजिम खर्च नगरेको, वन

रक्षक तर्फ पदपूर्ति नभएको जस्ता व्यहोरा देखिएका छन् । प्रचलित ऐन नियमको पालना गरी आन्तरिक नियन्त्रण सुदृढ गर्नुपर्दछ ।

२. **लक्ष्य प्रगति** : कार्यालयले स्वीकृत वार्षिक कार्यक्रम तथा लक्ष्य अनुरुप प्रगति हासिल गर्नु पर्दछ । कार्यालयवाट प्राप्त वार्षिक प्रगति प्रतिवेदन अनुसार निजी वन दर्ता तथा सहजीकरण र राजस्व खर्च अनुदान, नदी उकास व्यवस्थापन तथा वृक्षारोपण कमला रतुवा वक्राहा खोला, अमृसो उत्पादन तथा वितरण कार्यक्रममा शुन्य प्रगति र सामुदायिक तथा सार्वजनिक जग्गाको संघ संस्था तथा व्यक्ति समुदायलाई ढुवानी वृक्षारोपण तथा व्यवस्थापन सहयोग कार्यक्रममा १० प्रतिशत मात्र प्रगति भएको देखियो । यसरी शुन्य प्रगति र न्यून प्रगति हुनुको कारण तथा समस्या पहिचान गरी निर्धारीत लक्ष्य अनुसार प्रगति हासिल गर्ने तर्फ ध्यान जानुपर्ने देखिन्छ ।

३. **राजस्व दाखिला** : वन ऐन, २०४९ तथा नियमावली, २०५० वमोजिम वरामद भएका काठ तथा लकडी लिलामवाट प्राप्त भएको रकम आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ बमोजिम धरौटी रकम सदरस्याहा गरी राजस्वमा दाखिला गर्नुपर्ने व्यवस्था भएकोमा कार्यालयले यस वर्ष १७ पटक वरामद भएका काठबाट प्राप्त रु.३५२५८३०।- राजस्वमा दाखिला नगरी धरौटीमा राखी २०७३।५।२० मा दाखिला गरेको देखियो । नियमानुसार प्राप्त रकम सम्बन्धित आर्थिक वर्षमा दाखिला गर्नुपर्दछ ।

४. **वन मुद्दा** : वन विभागको कार्यविधि, २०६१ वमोजिम वन पैदावार सम्वन्धी चोरी निकासी र अन्य वन्यजन्तु सम्वन्धी चोरी शिकारी मुद्दा २ वर्षभित्र फछ्र्यौट गर्नुपर्ने व्यवस्था छ । कार्यालयमा गत वर्ष सम्मका फछ्र्यौट हुन बाँकी मुद्दा ८६ र यस वर्षका मुद्दा २४ गरी ११० मुद्दा रहेको छ । कूलमध्ये यस वर्ष ३२ मुद्दा फछ्र्यौट गरी ७८ मुद्दा बाँकी मध्ये २० वटा २ वर्षभन्दा वढी अवधिका देखिन्छ । रक्त चन्दन १६,६४४.६३ किलोग्राम सम्बन्धी २०६९।९।२ का समेत ३ मुद्दाको कारबाहीको टुङ्गो नभएबाट विगो र जरिवाना गरी रु.६,४४,१५,११२।- असुल गर्ने गरी २०६६।५।१७, २०६६।८।८ र २०६६।१०।१७ मा निर्णय भए तापनि कार्यान्वयन भएको छैन । वरामद भएको लकडी, सवारी साधन लगायत जिन्सी सामानहरु अव्यवस्थित रुपमा रहेकोले उचित व्यवस्थापन हुनुपर्दछ ।

५. **चौमासिक खर्चको स्थिति** : कार्यालयले वार्षिक बजेट तथा स्वीकृत कार्यक्रमका आधारमा चौमासिक लक्ष्य अनुसार खर्च गरी कार्यक्रम सञ्चालन गर्नुपर्दछ । कार्यालयको कूल पूँजीगत खर्च रु.५,५८,२५,५८६।- भएकोमा तेश्रो चौमासिकमा रु.२,५५,१६,०५०।- र आषाढ महिनामा रु.१,२८,८९,०४४।- खर्च गरेको छ । बर्षान्तमा बढी खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्ने देखिन्छ ।

६. **करार सेवाको तलव** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३५(३) अनुसार सम्बन्धित शीर्षकमा विनियोजित एक समूहको खर्च शीर्षकको रकम नम्बरमा रकम अपर्याप्त छ र सो खर्च नगरेमा सरकारी हानि नोक्सानी हुने वा सरकारी काममा बाधा पर्ने देखिएमा खर्च गरी नियम ३८ बमोजिम नियमित गराउनु पर्ने व्यवस्था छ । कार्यालयमा सशस्त्र वन रक्षकको दरवन्दी ३५ रहेकोमा १४ जना सशस्त्र वन रक्षकको तलब रु.२५,०७,९६०।- अन्य सेवा शुल्क शीर्षकबाट खर्च लेख्नुपर्नेमा तलब शीर्षकबाट खर्च लेखेको छ । यस सम्बन्धमा वन विभागको २०७१।८।८ को निर्देशानुसार भुक्तानी गरेको हो भन्ने कार्यालयको भनाई रहेको पाइयो । यस्तो खर्च नियमसम्मत् देखिएन ।

७. **समन्वयको अभाव** : राष्ट्रपति चुरे तराई मधेश संरक्षण कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७० अनुसार चुरे क्षेत्रमा रहेको प्रभावित खाली सार्वजनिक पर्तिजग्गा, तथा अतिक्रमण खाली गरेको क्षेत्रमा वृक्षारोपण गर्दा सरोकारवालासंग समन्वय तथा सहभागी गराई विभिन्न जात जातिको वृक्षारोपण गरी त्यसको व्यवस्थापनको जिम्मेवारी हस्तान्तरण गरी दिगो संरक्षणको व्यवस्था गर्नुपर्दछ । यस वर्ष अतिक्रमण खाली गरेको, पर्ति जग्गा, सार्वजनिक जग्गा वृक्षारोपण तथा तारवार

वृक्षारोपण संरक्षण अनुदान र गोडमेल र विगतको अनुगमन प्रतिवेदन समेतको लागि रु.२१,३०,०००।- खर्च गरेको छ । चुरे भावर क्षेत्र उदगमस्थल भएका यस जिल्लाका रतुवामावा, कन्काई, विरीङ र अन्य नदी तथा खोलाहरुवाट हुने क्षतिलाई नियन्त्रण गर्न जिल्ला भुसंरक्षण कार्यक्रम, जनताको तटवन्ध कार्यक्रम, जल उत्पन्न प्रकोप नियन्त्रण, यस कार्यालयमा राष्ट्रपति चुरे संरक्षण कार्यक्रम जस्ता कार्यक्रमहरु अलग अलग निकायको रुपमा संचालान भएको र केही हदसम्म सिचाई विकास डिभिजन र जिल्ला विकास समितिमा पनि यस्ता कार्यक्रम राखी संचालन भएको देखिन्छ । यस्ता कार्यक्रमहरु संचालनको व्यवस्थित अभिलेख नरहने हुनाले सालवसाली रुपमा सम्पादन हुने र निकायहरु वीच कार्यगत समन्वयताको अभावमा कार्य गुणस्तयुक्त, समयमा सम्पादन र नदोहोरिने गरी सम्पादन भएका छन् भन्न सकिएन । उपर्युक्त वमोजिम एकै प्रकृतिका कार्यको कार्यक्रम तथा निकायगत समन्वयको माध्यमवाट संचालन गर्दा कार्य सम्पादनमा अझ वढि प्रभावकारी हुने देखिन्छ ।

८. **वन क्षेत्र अतिक्रमण** : वन ऐन, २०४९ को दफा ४९(क) वमोजिम वन क्षेत्रको जग्गा फाड्न, जोत्न, खन्न वा आवाद गर्न वा त्यस्तो जग्गामा घर छाप्रो वनाउने कार्य गरेमा कसुर हुने व्यवस्था छ । यसै गरी वन अतिक्रमण नियन्त्रण नीति, २०६८ मा तोकिएको कार्यविधि अपनाई कार्यालयले वनको अतिक्रमण हुन नदिने र अतिक्रमित भएको अवस्थामा अतिक्रमण हटाउनु पर्ने उल्लेख छ । कार्यालयबाट प्राप्त बिवरण अनुसार दमक, शिव सताक्षी र मेचीनगर नगरपालिका तथा ११ गा.वि.स.को १,६४९.६८ हेक्टर वन क्षेत्रमा बस्ती बसी खेतीमा समेत अतिक्रमण भएको पाईयो । ऐन नियमको पालना हुनुपर्दछ ।

९. **सामुदायिक वन उपभोक्ता समूह** : वन ऐन, २०४९ र वन नियमावली, २०५० वमोजिम सामुदायिक वन उपभोक्ता समूहहरुबाट नियमित रुपमा प्रतिवेदनहरु प्राप्त गरी समितिको क्रियाकलापहरुको अनुगमन गर्नुपर्ने व्यवस्था छ । कार्यालयबाट प्राप्त बिवरण अनुसार हालसम्म ५९ सामुदायिक बन उपभोक्ता समुह दर्ता भई ५४ मात्र हस्तान्तरण भएको हुँदा बाँकी ५ वटा सामुदायिक वन समेत हस्तान्तरण हुनुपर्ने देखिन्छ । हस्तान्तरण भएकामध्ये ३ सामुदायिक वन उपभोक्ता समूहको कार्य योजनाको अबधि समाप्त भएकोमा नवीकरण गरेको पाइएन । नबीकरण नगर्ने वन उपभोक्ता समूहलाई नबीकरण गराउनेतर्फ कार्यालयको ध्यान जानुपर्ने देखिन्छ ।

१०. **जग्गा प्रयोग** : पूर्वाञ्चल क्षेत्रीय वन निर्देशनालय विराटनगरको २०७१।३।३ को पत्रानुसार वन क्षेत्रको जग्गा अन्य प्रयोजनका लागि प्रयोग गर्ने गरी नेपाल सरकारको विभिन्न मितिको निर्णयानुसार वन विभागसँग सम्झौता गरी विभिन्न १४ संघ संस्था तथा आयोजनालाई प्रयोग गर्न दिएको पाइयो । वृक्षारोपण लगायत शर्तहरु पालना गर्ने गरी विभिन्न आयोजनाहरुलाई १,७३६.६४ हेक्टर वन क्षेत्रको जग्गा उपलब्ध गराएकोमा शर्तहरुको पालना भएको एवं रोयल्टी प्राप्तिको अभिलेख कार्यालयले नराखेको हुँदा अभिलेख राखी सम्झौताका शर्तहरु पालना गराउनेतर्फ आवश्यक कारबाही हुनुपर्ने व्यहोरा गत वर्ष औंल्याएकोमा स्थिति यथावत देखियो ।

११. **वन रोयल्टी दस्तुरमा पुनरावलोकन** : वन नियमावली, २०५१, को अनुसूची-२० अनुसार तराई क्षेत्रमा उद्योग वा संगठित संघ संस्थालाई कच्चा पदार्थ उत्पादनको निमित्त कवुलियती वनको लागि राष्ट्रिय वन क्षेत्र उपलव्ध गराए बापत वार्षिक प्रतिहेक्टर रु.३,५००।- का दरले रोयल्टी लिनुपर्ने व्यवस्था छ । सम्झौताबमोजिम प्रतिहेक्टर रु.१,६१६। लाई आधार मानी १० प्रतिशतका दरले रोयल्टी प्राप्त गरेको देखियो । नियमावलीमा संशोधित दर अनुसार सम्झौता पुनरावलोकन गरी उक्त दस्तुरमा नियमानुसार प्रत्येक वर्ष १० प्रतिशतका दरले वृद्धि गरी रोयल्टी रकम लिन कार्यालयले आवश्यक व्यवस्था गर्नुपर्दछ ।

१२. **प्रतिवेदन** : वन ऐन, २०४९ को दफा ४४(१) अनुसार उपभोक्ता समूहले प्रत्येक वर्ष आर्थिक वर्ष समाप्त भएको एक महिनाभित्र तोकिएबमोजिम आर्थिक विवरण तथा सामुदायिक वनको स्थिति

समेत खुलाई आफ्नो कियाकलापको वार्षिक प्रतिवेदन जिल्ला वन कार्यालय समक्ष पेश गर्नुपर्ने व्यवस्था छ । कार्यालयबाट प्राप्त विवरण अनुसार ३१ वटा सामुदायिक वन उपभोक्ता समूहको मात्र २०७२।०७३ को वार्षिक लेखापरीक्षण प्रतिवेदन प्राप्त भएको देखियो । तोकिएको समयमा वार्षिक लेखापरीक्षण प्रतिवेदन प्राप्त नहुँदा कार्यालयबाट सम्पादन गर्नुपर्ने नियमन कार्य प्रभावकारी हुन नसक्ने हुँदा सामुदायिक वन उपभोक्ता समूहबाट ऐन नियममा उल्लेख भएअनुरुप वार्षिक लेखापरीक्षण प्रतिवेदन पेश गर्न लगाउनेतर्फ आवश्यक व्यवस्था हुनुपर्दछ ।

१३. **विरुवा उत्पादन र वितरण** : उत्पादित विरुवाहरु सदुपयोग हुने गरी वितरण र वृक्षारोपण कार्य भएको हुनुपर्दछ । कार्यालयबाट उत्पादन एवं खरिद भएका ९,९३,००० बिरुवामध्ये ९,४२,३६६ वितरण भई रु.४,०५,००२।- मूल्यका ५०,६३४ विरुवा मौज्दात रहेकोमा उक्त विरुवाहरु नोक्सान नहुने गरी यथासक्य चाँडो प्रयोग गर्ने सम्बन्धमा कार्यालयले ध्यान दिनुपर्दछ ।

१४ **काठ मौज्दात** : घाटगद्दी गरिएका काठ दाउरा समयमा नै विक्री वितरण हुन नसकेको अवस्थामा काठ दाउराको गुणस्तमा ह्रास आउने विग्रने, हराउने एवं चोरी समेत हुन सक्दछ । कार्यालयबाट प्राप्त विवरण अनुसार जिल्ला वन कार्यालय र जिल्ला वन पैदावार आपूर्ति समितिमा आम्दानी खर्च भई विभिन्न जातका दाउरा ४,०५०.२४ चट्टा मौज्दात रहेको पाइयो । समयमै काठ दाउरा बिक्री नगर्दा काठ दाउराको गुणस्तर दिन प्रतिदिन बिग्रीदै जाने, काठ दाउरा बिक्रीबाट प्राप्त हुने राजस्व घट्ने अवस्था सिर्जना हुने हुँदा यसतर्फ कार्यालयले ध्यान पुऱ्याउनु पर्दछ । गत वर्षको लेखापरीक्षण प्रतिवेदनले औंल्याइएको भौतिक रुपमा नभएको ५१३२६.३९ क्यू.फिट काठ र ५८ चट्टा दाउराको सम्बन्धमा २०६८।८।११ नेपाल सरकार (राज्यमन्त्रीस्तरीय) निर्णयले गठित छानबिन टोलिबाट छानबिनको प्रक्रियामा रहेको जनाएकोले स्थिति यथावत् छ ।

१५. **उपभोक्ताको खर्चको स्थिति** : वन ऐन, २०४९ को दफा ४४(१) अनुसार उपभोक्ता समुहले प्रत्येक वर्ष आर्थिक वर्ष समाप्त भएको एक महिनाभित्र तोकिएवमोजिम आर्थिक विवरण तथा सामुदायिक वनको स्थिति समेत खुलाई आफ्नो क्रियाकलापको वार्षिक प्रतिवेदन जिल्ला वन कार्यालय समक्ष पेश गर्नुपर्ने व्यवस्था छ । कार्यालयबाट प्राप्त विवरण अनुसार ५९ वटा सामुदायिक वन उपभोक्ता समुहहरुमध्ये ३१ वटा सामुदायिक वन उपभोक्ता समितिले मात्र २०७२।०७३ मा वार्षिक लेखापरीक्षण प्रतिवेदन पेश गरेका छन् । बँकी सामुदायिक वन उपभोक्ता समूहहरुको तोकिएको समयमा वार्षिक तथा लेखापरीक्षण प्रतिवेदन पेश गरेका छैनन् । सामुदायिक वन उपभोक्ता समूहले पेश गरेको लेखापरीक्षण प्रतिवेदनको नमूना परीक्षण गर्दा सामुदायिक वनबाट बिक्री भएको काठबाट प्राप्त आयको २५ प्रतिशत वन विकास कार्यमा अनिवार्य रुपमा खर्च गर्नु पर्नेमा रु.१५,४२,८८२।- खर्च गरेको पाइएन ।

१६. **लगत असुल** : अवैध काठ ओसार पसार मुद्दामा कार्यालयको फैसलानुसार फरार प्रतिवादीवाट लिनुपर्ने जरिवाना रकम लगत कसी असुल गर्नु पर्दछ । कार्यालयवाट ५ व्यक्तिबाट रु.२९,२२०।- असुल उपर गर्ने गरी मुद्दा फैसला भएकोमा उक्त रकम असुल भएको छैन भने लगती राजस्व समेत नदेखाएकोले आर्थिक विवरणमा लगत कायम गराई असुल हुनुपर्दछ ।

१७. **अग्रिमकर कट्टी** : आयकर ऐन, २०५८ को दफा ८९(१) अनुसार अग्रिम कर कट्टा गर्नुपर्ने व्यवस्था छ । एक सहायक वन अधिकृतको रु.१,४८,१०९।- को पेश्की फछ्र्यौट गर्दा अग्रिम कर बापत असुल हुनुपर्ने रु.१,८५५।- दाखिला गर्नुपर्ने देखिन्छ ।

१८. **बिल भरपाई** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(३) अनुसार खर्च गर्दा खर्चका बिल भरपाई सहितको लेखा राख्नुपर्दछ । यस कार्यालयमा स्थायी रुपमा कार्यरत सशस्त्र वन रक्षकलाई विभागीय लागत अनुमान अनुसार ११ प्रकारका पोशाक ११ सशस्त्र वन रक्षकलाई वितरण गरेको भनी (मूल्य अभिवृद्धि कर समेत) रु.१,४९,९६७- र वन्य जन्तु संरक्षण कार्यक्रमतर्फ

सुराकी पारीश्रमिक भनी एक व्यक्तिलाई २०७३ जेष्ठ र आषाढको रु.८०००।- पारिश्रमिक समेत गरी रु.१,५७,९६७।- बिल भरपाई बेगर खर्च लेखेकोले विल भरपाई पेश गर्नुपर्दछ ।

१९. **पेश्की रकम ट्रान्सफर :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३३ अनुसार फ्रिज नहुने भनी तोकेको उपशिर्षकहरुको हकमा वाहेक साल तमाम हुनु भन्दा कम्तिमा सात दिन अगाडि नै कार्यक्रम सञ्चालन गरी भुक्तानी दिनुपर्ने रकम भुक्तानी दिई बाँकी रकम फ्रिज गर्नुपर्दछ । एक सहायक वन अधिकृतले बन क्षेत्र समन्वय समितिको बैठकको लागि भनी लिएको पेश्की रु.३०,०००।- समय अभाव र कार्य व्यस्तताले समितिको बैठक वस्न नसकेको भनी समितिका संयोजक र सदस्य सचिवको आदेश अनुसार कार्य सञ्चालन कोषमा २०७३।३।३१ मा जम्मा गरेको देखियो । उक्त रकम सञ्चित कोष दाखिला गर्नुपर्दछ ।

२०. **घटी रोयल्टी :** पूर्वाञ्चल क्षेत्रीय वन निर्देशनालय, मोरङ र एक प्रमोशन सेन्टरवीच महेसपुर, रंगीयाडांडा राष्ट्रिय वनको ९८.६ हेक्टर वन क्षेत्रको जग्गा वन ऐन, २०४९ र वन नियमावली, २०५१ को अधिनमा रही वन पैदावारमा आधारित उद्योगलाई आवश्यक पर्ने कच्चा पदार्थ उत्पादन गर्नको लागि चालीस वर्षसम्म कवुलियती वन लगाउनको लागि २०६२।४।२ मा सम्झौता भएको देखियो । सम्झौताको शर्त नं.८ अनुसार कवुलियती वन लगाउन पाएको जग्गाको वार्षिक दस्तुर प्रतिहेक्टर रु.१६१६।०० को दरले आर्थिक वर्षको आषाढ मसान्तभित्र सम्बन्धित वन कार्यालयमा बुझाउनु पर्ने व्यवस्था छ । वार्षिक वृद्धिको सम्बन्धमा उक्त कम्पनीले तिर्नुपर्ने प्रतिवर्ष प्रतिहेक्टर रु.१,६१६।- मा प्रतिवर्ष १० प्रतिशतका दरले हुन आउने रकम थप हुँदै जाने व्यवस्था भएकोमा २०६२।२०६३ देखि २०७२।७३ सम्मको रु.३०७७०७।- सम्झौताभन्दा घटी रोयल्टी असुल भएकोले उक्त रकम असुल गर्नुपर्दछ ।

२१. **जिल्ला दररेटभन्दा बढी भुक्तानी :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १४८ मा प्रत्येक जिल्लामा पूरै जिल्ला भरी लागू हुने गरी जिल्ला दररेट निर्धारण गर्ने र सोही जिल्ला दररेटको आधारमा सिधै खरिदको आधार मूल्य तय हुने व्यवस्था रहेको छ । कार्यालयले विभिन्न ४ पदाधिकारीहरुलाई पेश्की दिई निजहरुले विभिन्न आपूर्तिकताहरुबाट पानी तान्ने मोटर खरिद गरेको विजक संलग्न गरेकोमा जिल्ला दररेटभन्दा रु.९३००।-वढी मूल्य भुक्तानी भएको देखिएकोले उक्त रकम असुल गर्नुपर्दछ ।

२२. **कर असुली :** आयकर ऐन, २०५८ को दफा ८८(१) ४ अनुसार भुक्तानीमा १.५ अग्रिम कर कट्टी गर्नुपर्ने व्यवस्था रहेको छ । एक प्रा.लि.लाई रु.६७,०००।- भुक्तानी गर्दा रु.१,००५।- अग्रिम कर कट्टी गरेको तथा विरुवा उत्पादन पेश्की फछ्र्यौट गर्दा ढुवानी वापत कट्ट हुनुपर्ने बहाल कर रु.१,७००।- समेत रु.२,७०५।- असुल गरी दाखिला गर्नुपर्दछ ।

२३. **प्रगति पेश नभएको :** आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ३६(३) अनुसार विल भरपाई सहितको श्रेस्ता राख्नुपर्ने व्यवस्था छ । कार्यालयले मानव बन्यजन्तु द्वन्द व्यवस्थापन सम्बन्धी अन्तरक्रिया गोष्ठी सञ्चालन अनुदान वापत ७ युवा क्लवलाई रु.१५,०००।- का दरले विभिन्न ७ युवा क्लवहरुलाई रु.१,०५,०००/- अनुदान उपलब्ध गराइएकोमा सार्वजनिक खरिद ऐन, २०६३ को नियम ४६ बमोजिम कार्यक्रम संचालनको प्रमाण र अनुगमन प्रतिवेदन पेश हुनुपर्दछ ।

## जिल्ला विकास समितिको कार्यालय

१. **आन्तरिक नियन्त्रण :** कार्यालयले आफूले सम्पादन गर्ने कार्यहरु मितव्ययी, कार्यदक्षता र प्रभावकारी ढंगबाट सम्पादन गर्न, वित्तिय प्रतिवेदन प्रणालीलाई विश्वसनीय बनाउन तथा प्रचलित कानून बमोजिम कार्यसम्पादन गर्न आ–आफ्नो कामको प्रकृति अनुसारको उपर्युक्त आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्दछ । कार्यालयले खरिद गुरु योजना तथा बार्षिक खरिद योजना तयार नगरेको, नापी किताब व्यवस्थित नगरेको, पूराना सामानको मूल्य कायम गराई नराखेको,

चौमासिक रुपमा वार्षिक कार्यक्रम स्वीकृत गरी भरपाईहरुमा भुक्तानी भएको जनाउने छाप नलगाएको अनुगमन संयन्त्र तर्जुमा नगरेको, तालुक म.ले.प.फा.नं.२ नराखेको, समयमै पेश्की फछ्र्यौट नगरेको बेरुजूको लगत नराखेको र उपभोक्ता समितिको लेखा अनुगमन नगरेको लगायता व्यहोरा देखिएकोले सुधार गरी आन्तरिक नियन्त्रण प्रणालीलाईं प्रभावकारी बनाउनु पर्ने देखिन्छ ।

२. **आन्तरिक लेखापरीक्षण :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ५८(ञ) अनुसार गठित आन्तरिक लेखापरीक्षण शाखाले जिल्ला विकास समिति र गाउं विकास समितिको आन्तरिक लेखापरीक्षण मासिकरुपमा गर्ने व्यवस्था छ । सो शाखाले जिल्ला विकास समितिको चौमासिक र अन्य कार्यालयको आन्तरिक लेखापरीक्षण वर्षको अन्त्यमा मात्र गर्ने गरेको छ । कार्यालय अन्तर्गतका विषयगत कार्यालय र गाउं विकास समितिको पनि मासिक रुपमा लेखापरीक्षण गरेको देखिएन । तोकिएअनुसार आन्तरिक लेखापरीक्षण नियमित रुपमा गराई आन्तरिक नियन्त्रण प्रणाली भरपर्दो बनाउनु पर्दछ ।

३. स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १५५(झ) मा बढी जटिल प्राविधिक पक्ष समेत समावेश भएको र मेशिनरीको बढी प्रयोग हुने बाहेकको काममा सामान्यत: उपभोक्ता समिति मार्फत निर्माण कार्य गराउन सकिने व्यवस्था छ । जिल्ला विकास समितिको कार्यालयले विद्युतीकरण, भवन निर्माण, सडक कालोपत्रे तथा आर.सी.सी. ढलान जस्ता जटिल प्राविधिक पक्ष समावेश भएका काम उपभोक्ता समिति मार्फत गराएको पाइयो । उपभोक्ता समितिबाट निर्माण कार्य गराउंदा कार्यको गुणस्तर, स्पेसिफिकेशन, त्रुटी सच्याउने तथा अन्य दायित्वहरु सम्झौतामा उल्लेख गर्ने गरेको छैन । यसबाट निर्माण कार्य र निर्माण सामग्रीको गुणस्तर परीक्षण नहुने तथा निर्माण सम्पन्न पश्चात् त्रुटी सच्याउने अवधि नतोकिने भई निर्मित संरचनाको दिगोपनामा प्रभाव पर्न जाने देखिन्छ । श्रमप्रधान प्रविधिको प्रयोग हुने योजनाहरुमात्र उपभोक्ता समिति मार्फत निर्माण गराउनु पर्दछ ।

४. **गा.वि.स.को बेरुजू लगत र सम्परीक्षण** : स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ५८(ज) मा गाउं विकास समितिको बेरुजू लगत समय समयमा निरीक्षण गरी नियमावली अनुसार फछ्र्यौट भएको बेरुजूको सम्परीक्षण गरी दिने र असुलउपर गर्न बांकी बेरुजू असुल उपर गर्न लगाउने व्यवस्था भएकोमा कार्यालयको २०७२।७३ सम्मको अन्तिम लेखापरीक्षण प्रतिवेदन अनुगमन गरी सम्परीक्षण गरेको छैन । खर्चको नियमितता र पारदर्शीता बनाउन समयमै सम्परीक्षण गर्न लगाउनुपर्दछ ।

५. **कम लागतका आयोजना** : स्थानीय निकाय स्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि, २०६९ को दफा ११(२) मा जिल्ला विकास समितिको कार्यालयले आर्थिक, सामाजिक एवं भौतिक पूर्वाधार विकास अन्तर्गत विनियोजन भएको पूंजीगत अनुदानबाट रु.५ लाखभन्दा कम लागतका कार्यक्रम वा आयोजना छनौट गर्न नसक्ने व्यवस्था छ । यो वर्ष पूंजीगत शीर्षकबाट रु.५ लाखभन्दा कम लागतका २५६ आयोजना छनौट तथा सञ्चालन गरी रु.३ करोड ४९ लाख ९८ हजार खर्च गरेको पाइयो । कार्यविधिको पालना नगर्नेलाई जिम्मेवार बनाइनुपर्दछ ।

६. **एकल बोर्डको निर्णय** : स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ४६(१) मा जिल्ला परिषद्बाट स्वीकृत कार्यक्रम र बजेटको सीमाभित्र रही अधिकार प्राप्त अधिकारीले निर्धारित कार्यमा रकम खर्च गर्नुपर्नेछ । कार्यालयले परिषद्बाट पारित योजना र बजेटलाई एकल बोर्डको निर्णयको आधारमा खण्डीकरण गरी परिषद्ले पारित नगरेका ४५ वटा योजनामा रु.१ करोड ५ लाख ९८ हजार खर्च गरेको छ । योजनाको प्राथमिकीकरण तथा योजना छनौटका १४ चरणलाई अनुशरण नगर्दा माग भई आएका योजनामा लगानी अपुग हुने अवस्था सिर्जना हुन्छ ।

परिषद्को निर्णय वेगर योजना छनौट तथा कार्यान्वयन गरेको रु.१ करोड ५ लाख ९८ हजार जिल्ला परिषद्बाट अनुमोदन हुनुपर्दछ ।

७. **सार्वजनिक परीक्षण** : स्थानीय निकाय स्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि, २०६९ को दफा २५(२६) मा उपभोक्ता समितिले गरेको कामको लागत मूल्य, कार्य, कार्यस्थल, लागेको रकम, उपभोक्ता समितिको पदाधिकारीको नाम, कार्य शुरु तथा सम्पन्न मिति समेत खुल्ने गरी सम्बन्धित कार्यस्थलमा सार्वजनिक परीक्षण गरेको प्रतिवेदन सम्बन्धित निकायमा पेश गर्नुपर्ने व्यवस्था छ । कार्यालयले २५६ वटा योजनाका लागि रु.३ करोड ४९ लाख ९८ हजार भुक्तानी गरेकोमा नियमावलीले तोकेबमोजिम सार्वजनिक परीक्षण नगराई भुक्तानी गरेको छ । नियममा भएको व्यवस्था बमोजिम सार्वजनिक परीक्षण गराउनु पर्दछ ।

८. **स्थानीय निकायको लेखापरीक्षण :** स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा ६९ र १३५ बमोजिम स्थानीय निकायको २०७२।७३ को लेखापरीक्षण सम्बन्धमा देहायबमोजिम देखिएको छ :

८.१. प्राप्त विवरण अनुसार लेखापरीक्षण गर्नुपर्ने ७ नगरपालिका ३३ गाउं विकास समितिमध्ये ७ नगरपालिका ३३ गाउं विकास समितिको लागि लेखापरीक्षक नियुक्त भइसकेको देखिन्छ । नगरपालिका र गाउं विकास समितिको लेखापरीक्षक नियुक्त गर्ने समय निर्धारण गर्ने मापदण्ड स्वीकृत गरेको छैन । लेखापरीक्षक नियुक्त भएकामध्ये २ गाउं विकास समितिको मात्र लेखापरीक्षण प्रतिवेदन प्राप्त भएको छ । लेखापरीक्षण सम्पन्न गर्नुपर्ने अवधि तोकेको पाइएन ।

८.२. गाउं विकास समिति २ को रु.३करोड ८१ लाखको लेखापरीक्षण सम्पन्न भएकोमा बेरुजू कायम भएको देखिएन ।

९. **चालु प्रकृतिको खर्च :** स्थानीय निकाय स्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि २०६९ को बूँदा नं.१३ मा स्थानीय निकायको कोषको पूँजीगत रकमबाट कुनै पनि प्रकारको तलब, भत्ता, दैनिक तथा भ्रमण भत्ता, आर्थिक सहायता लगायतका चालु प्रकृतिका खर्चहरु गर्न नपाइने व्यवस्था छ । कार्यालयले रु.४ लाख ४१ हजारको चालु प्रकृतिको खर्च गरेको देखियो । कार्यविधिको पालना हुनुपर्दछ ।

१०. **आन्तरिक आय** : स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा २१५, २१६, २१७ र २१८ मा जिल्ला विकास समितिले कर, दस्तुर, सेवा शुल्क र बिक्रीबाट आय आर्जन गर्न सक्ने व्यवस्था छ । ऐनमा भएको उक्त व्यवस्थाअनुसार कार्यालयले यो वर्ष कर, दस्तुर, सेवा शुल्क, बिक्रीबाट रु.१२ करोड १ लाख ५३ हजार आम्दानी गरेको छ । यस सम्बन्धमा देखिएका व्यहोरा निम्न छन् :

११. कार्यालयले सटर भाडा बापत व्यवसायीहरुबाट गत वर्षसम्मको समेत रु.१ करोड ८६ लाख १४ हजार र चालु वर्षको रु.५ लाख ६२ हजार समेत जम्मा रु.१ करोड ९१ लाख ७७ हजार सेवा शुल्क, कर दस्तुर असुल हुनुपर्नेमा बिक्री बापतको रु.५ लाख ६२ हजार असुल गरेको छैन । उक्त रकम असुल हुनुपर्दछ । लामो समयदेखि प्रतिस्पर्धा बेगर न्यून मूल्यमा भाडा असुल गरेको देखिएकोले प्रतिस्पर्धात्मक तरिकाबाट भाडा लगाउनु पर्दछ ।

१२. घाटगद्दी खोलातर्फ एक सप्लायर्ससंग २०७२ श्रावणमा रु.३ करोड ६२ लाख ५१ हजारमा ठेक्का बन्दोवस्त भएको देखियो । सम्झौतामा हडिया खोलामा रु.२० लाखको लागत अनुमान स्वीकृत गरी ठेक्का बन्दोवस्त भएकोमा विभिन्न अवरोध आएकोले सो खोलामा गिट्टी, बालुवा उठाउन नपाएको भनी ठेकेदारले पेश गरेको निवेदनको आधारमा रु.१३ लाख ६६ हजार छुट दिएको देखियो । सम्झौतामा कुनै कारणबश कर संकलन गर्न बाधा परेको कारणबाट छुट मिन्हा दावी गर्न नपाइने उल्लेख छ । स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को दफा १७१(५) मा काबु बाहिरको परिस्थति परी ठेकेदारले सो ठेक्काको काम गर्न नसकेमा सम्बन्धित निकायको परिषद्ले

राजश्व परामर्श समितिको परामर्श लिई मिन्हा गर्न सक्दछ भन्ने उल्लेख भएकोमा समितिले परिषद्को निर्णय बेगर र कबुलियतनामा विपरीत छुट दिएको रकम रु.१३ लाख ६६ हजार असुल गर्नुपर्दछ ।

स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १७१(२) बमोजिम सम्झौता अनुसार कार्य नगरेमा उठ्नु पर्ने रकम ठेकेदारबाट असुल गर्ने उल्लेख छ । ठेकेदारलाई बन्दोवस्त भएको रकममा सम्झौताको शर्त विपरीत उत्खनन् गरेको भनी २०७२।९।६ र २०७३।२।५ मा सचेत गराएको देखियो । मिन्हा माग्दा मिन्हा दिने र के कति परिमाणमा उत्खनन् भयो छानबिन नगरी राजीव असुल गर्ने गरेको देखिएकोले वास्तविक सम्झौता परिणाममा उत्खनन् भई राजस्व असुल भएकोमा यकिन नभएकोले यस सम्बन्धमा थप छानविन हुनुपर्दछ ।

१३. **परिमाण नियन्त्रण** : स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा २१८ मा जिल्ला विकास समितिले आपनो क्षेत्रभित्रका नदी, नालाको बालुवा, गिट्टी, ढुङ्गा, स्लेट, माटो, दहत्तर, बहत्तर आदि तोकिएबमोजिम बिक्री गर्न सक्ने व्यवस्था छ । कार्यालयले परिमाण नियन्त्रण नगरी ढुङ्गा, बालुवा, गिट्टी, ग्राभेल आदिको एक ठेक्काबाट रु.३ करोड १२ लाख ६१ हजार असुल गरेको छ । परिमाण यकिन नगरिंदा प्राकृतिक स्रोत सम्पदाको अत्यधिक दोहन भई वातावरणमा नकारात्मक असर पर्नुका साथै जिल्ला विकास समितिलाई प्राप्त हुनुपर्ने आम्दानीमा समेत असर परेको छ । कार्यालयले ऐनअनुसार निकासी परिमाण नियन्त्रण गरेर मात्र आफ्नो क्षेत्र अन्तर्गतका प्राकृतिक स्रोत बिक्रीको व्यवस्था मिलाउनु पर्दछ ।

१४. **नगदी रसिद** : आ.व. २०७२।७३ मा विभिन्न खोलाहरुको आन्तरिक आय संकलन गर्न अमानतबाट आय असुली र नगदी रसिद दाखिला विवरण सम्बन्धमा अध्ययन गर्दा नगदी रसिद प्रयोगमा नल्याई आम्दानी बांधेको देखिन्छ । नगदी रसिद जारी नगरी प्राप्त आम्दानी यथार्थ हो भन्न सकिदैन । कार्यालयबाट छानबिन गरी यथार्थ आय भएको यकिन गरी रकम प्राप्तीमा नगदी रसिद प्रयोगमा ल्याउनु पर्दछ ।

१५. **मूल्य अभिवृद्धि कर** : मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १५(३) मा स्थानीय निकायले कर लाग्ने वस्तु वा सेवा बिक्री गर्दा मूल्य अभिवृद्धि कर असुल गर्नुपर्नें व्यवस्था छ । कार्यालयले यो वर्ष ठेक्काबाट असुल गरेको आम्दानी रु.३ करोड ७६ लाख ५६ हजारमा मूल्य अभिवृद्धि कर रु.४३ लाख ६३ हजार असुल गरेको छैन । उक्त मूल्य अभिवृद्धि कर रु.४३ लाख ६३ हजार असुल गरी सञ्चित कोष दाखिला गर्नुपर्दछ ।

१६. **अनुदान खर्च** : स्थानीय निकाय स्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि, २०६९ को नं.६० अनुसार जिल्ला विकास समितिले गाउं विकास समिति मार्फत कार्यक्रम वा आयोजना कार्यान्वयन गर्न निकासा गरेको स:शर्त अनुदान नियम ५४ अनुसार आर्थिक अनुशासन कायम राख्न गाउं विकास समिति मा निकासा हुने रकमको नियमित अनुगमन गरी समितिको कार्यक्रम, बजेट, वित्तीय र भौतिक प्रगति प्रतिवदन तथा लेखापरीक्षण प्रतिवेदन लिनुपर्ने व्यवस्था छ । गाउं विकास समितिलाई दिएको सशर्त अनुदान रकम समितिले शर्त अनुसार खर्च गरेको हुनुपर्दछ । कार्यालयले ६८ वटा विभिन्न कार्यक्रम सञ्चालनको लागि स:शर्त अनुदानस्वरुप ३७ गाउं विकास समितिको खातामा रु.७४ लाख सारेको छ । अनुदान दिएको रकमको अनुगमन प्रतिवेदन र भौतिक प्रगति प्रतिवदन तथा लेखापरीक्षण प्रतिवेदन प्राप्त नगरेकोले उक्त खर्च र उपलब्धिको सम्बन्धमा आश्वस्त हुने अवस्था रहेन ।

१७. **अन्य प्रयोजनको खर्च** : आर्थिक कार्यविधि ऐन, २०५५ को दफा २७(१) मा कार्यालयमा प्राप्त हुन आएको रकम तोकिएको काममा मात्र खर्च गर्न पाइने तथा तोकिएको काम बाहेक अन्य काममा

खर्च गरेको देखिएमा जिम्मेवार व्यक्तिबाट यस्तो खर्च रकम असुल उपर गरी विभागीय कारबाही समेत गर्न सकिने व्यवस्था छ । कार्यालयले छुट्टै अस्तित्व र बजेट व्यवस्था भएका जिल्ला स्थित २ कार्यालयको विभिन्न कार्यमा रु.४ लाख ८३ हजार भुक्तानी गरेको पाइयो । ऐनमा भएको व्यवस्थाको पालना गरी खर्च गर्नुपर्दछ ।

१८. **ठेक्का व्यवस्थापन** : आर्थिक कार्यविधि नियमावलीको नियम २०(३) मा लागत अनुमान तयार गर्ने, ठेक्का पट्टा स्वीकृत गर्ने कार्य प्रथम चौमासिक अवधिभित्र सम्पन्न गर्नुपर्ने व्यवस्था छ । कार्यालयले तोकिएको चौमासिक अवधिभित्र ठेक्का व्यवस्थापन गरेको देखिएन । तोकिएको अवधिभित्र ठेक्का व्यवस्थापन नहुंदा कार्यप्रगतिमा असर भई तोकिएको समयमा योजना सम्पन्न गर्न कठिन हुने भएकोले नियमको परिपालनामा ध्यान दिनुपर्दछ ।

१९. **करारमा कर्मचारी नियुक्ति** : स्थानीय स्वायत्त शासन नियमावली, २०५६ को नियम २१३ मा रिक्त रहेको पद, नयाँ नियुक्ति, बढुवाद्वारा पूर्ति गरिने र कुनै पद सिर्जना वा रिक्त रहेको १ वर्षसम्म पदपूर्ति नभएमा स्वतः खारेज हुने व्यवस्था छ । कार्यालयले १ वर्षभन्दा बढी रिक्त रहेको पदहरुमा करारमा नियुक्ति गरी तलब भत्तामा रु.२२ लाख खर्च गरेको छ । नियमको पालना हुनुपर्दछ ।

२०. **म्याद थप** : कार्यालयबाट सञ्चालनमा रहेका २० ठेक्कामध्ये १ ठेक्कामा ५० प्रतिशतसम्म, ४ वटा ठेक्कामा ५१ देखि १०० प्रतिशत र ४ वटा ठेक्कामा शतप्रतिशत भन्दा बढी अवधिको म्याद थप गरेको देखिन्छ । तोकिएको समयावधिमा कार्य सम्पन्न गर्नु/गराउनु पर्दछ ।

२१. **लक्ष्य प्रगति** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २६ मा बजेट तथा कार्यक्रम कार्यान्वयन र प्रगति समिक्षा गर्नुपर्ने र तोकिएको समयमा तोकिएको प्रगति हासिल नगर्ने र विवरण नपठाउनेलाई कारबाही गर्न सकिने व्यवस्था छ । कार्यालयले विभिन्न कार्यक्रममा न्यून प्रगति गरेको पाइएकोले नियमानुसार कारबाही गर्नुपर्दछ ।

२२. **आषाढ महिनाको खर्च** : चौमासिक रुपमा वार्षिक कार्यक्रम स्वीकृत गरी सोही बमोजिम चौमासिक रुपमा लक्ष्य तोकी बजेट विनियोजन गरिएको हुन्छ । कार्यालयले उपलव्ध गराएको बिबरण अनुसार कार्यालयले पूंजीगत तथा कार्यक्रमतर्फ रु.१८ करोड ५१ लाख ८८ हजार खर्च गरेकोमध्ये तेस्रो चौमासिकमा रु.१५ करोड ३३ लाख ७ हजार तथा आषाढ महिनामा मात्र रु.८ करोड ५५ लाख २७ हजार खर्च भएको छ । तेस्रो चौमासिक र आषाढ महिनाको खर्चको समग्र प्रतिशत क्रमश: ८२.७८ र ४६.१८ प्रतिशत रहेको छ । यसरी खर्च गरिंदा खर्चको सहि सदुपयोग नहुने, जथाभावी खर्च गरिने, योजनाको गुणस्तरमा प्रभाव पर्नुका साथै आर्थिक अनियमितता समेत बढने अवस्था सिर्जना हुने देखिन्छ ।

२३. **अधुरा योजना** : स्थानीय स्वायत्त शासन ऐन, २०५५ मा जिल्ला विकास समितिको कार्यालयले योजना छनौट गर्दा लागत, समय, स्रोत र त्यसबाट प्राप्त हुने प्रतिफल समेतको पूर्व अनुमान गरेर योजना छनौट गरी सञ्चालन गर्नुपर्ने भएतापनि । कार्यालयबाट संचालित २८ योजनाहरु सम्पन्न भएका छैनन् । योजना छनौटमा ध्यानदिनु पर्दछ ।

२४. **पेश्की** : स्थानीय निकाय आर्थिक प्रशासन सम्बन्धी नियमावली, २०६४ को नियम १८२(३) अनुसार निर्दिष्ट कामको लागि लिएको पेश्की तोकिएको म्यादभित्र फछ्र्यौट गर्नु गराउनु पर्दछ । गत वर्षको बांकी रु.४ करोड ७३ लाख ३४ हजारमा यो वर्षको पेश्की थप भई रु.८ करोड ५७ लाख १० हजार पेश्की बांकी रहेको देखिन्छ । कार्यालयले चालु वर्षको पेश्की रु.३ करोड ८३ लाख ७६ हजार आर्थिक वर्षको अन्तसम्म फछ्र्यौट गरेको नदेखिंदा नियमानुसार आवश्यक कारबाही गरी फछ्र्यौट गर्नुपर्दछ ।

२५. **सापटी** : जिविस कोष (पूँजीगत) बाट तीन गाविसलाई जम्मा रु.२ लाख ४० हजार सापटी दिएको देखियो । आर्थिक वर्षको अन्त्यसम्म पनि उक्त सापटी फिर्ता प्राप्त भएको नदेखिएकोले फिर्ता प्राप्ती गर्नुपर्दछ ।

२६. **मूल्यवृद्धि भुक्तानी** : एक निर्माण व्यवसायीसँग एक पुल निर्माण गर्न २०७०।१२।१८ मा २०७२।१२।१७ गतेसम्म सम्पन्न गर्ने गरी रु.४ करोड २४ लाख ८७ हजारमा सम्झौता भएको देखियो । सम्झौताको १ वर्ष अर्थात २०१४ जुलाईदेखि २०१५ मे सम्म सम्झौताको ५८ प्रतिशत अर्थात रु.२ करोड १९ लाख ४ हजारको कार्य सक्नुपर्ने गरी माइल स्टोन राखेको देखियो । निर्माण व्यवसायीले चौथो विल २०७२।१०।५ र पाँचौं विल २०७२।११।३ मा पेश गरी मूल्य समायोजन क्रमशः रु.४ लाख ३३ हजार र रु.२ लाख समेत जम्मा रु.१० लाख ८७ हजार भुक्तानी लिएको देखियो । समयमा कार्य शुरु नगर्ने, पटक पटक म्याद थप गर्दै जाने गरेको देखियो । सम्झौता अनुसार सक्नुपर्ने म्यादभित्र निर्माण कार्यसम्पन्न नभएमा सम्झौता विपरीत मूल्य सायोजन भुक्तानी दिएकोले रु.६ लाख ३४ हजार असुल गर्नुपर्दछ ।

२७. **नापी र नर्म्स**ः : नेपाल सरकारले स्वीकृत गरेको नर्म्स अनुसार पुल, कल्भर्ट निर्माणमा रडको प्रयोग गर्दा ५ प्रतिशत ल्याप्स, चियर्स तथा अन्य क्षतिको लागि नर्म्समा नै व्यवस्था गरेको छ। कार्यालयले गेउरिया खोला पुल निर्माणलाई आईटम नं.ए.५मा संरचनाहरुको निर्माणमा चियर्स वापत रु.४८ हजार एक निर्माण व्यवसायीलाई भुक्तानी गरेको पाइयो । नर्म्स वेगरको आइटम लागत अनुमान र नापीमा समावेश गरी भुक्तानी भएको कारण रु.४८ हजार व्यय भार बढ्न गएको छ । नर्म्स बमोजिम विस्तृत लागत अनुमान तयारी गरी नापी र भुक्तानी हुनुपर्नेमा सो नभएकाले सम्बन्धितबाट रु.४८ हजार असुल हुनुपर्दछ ।

२८. **मूल्य समायोजन भुक्तानी** : मावा खोला पुल निर्माणको एक व्यवसायी लाई पांचौं रनिङ्ग विलसम्मको मुल्य समायोजन भुक्तानी दिंदा रु.१४ लाख ४९ हजार दिनुपर्नेमा रु.१९ लाख १ हजार भुक्तानी दिएको देखिएकोले बढी भुक्तानी दिएको रु.४ लाख ५२ हजार र सोको मूल्य अभिवृद्धि कर रु.५८ हजार समेत जम्मा रु.५ लाख ११ हजार असुल गर्नुपर्दछ ।

२९. **सामाजिक सुरक्षा कार्यक्रम** : यस कार्यक्रममा यो वर्ष रु.४८ करोड ५४ लाख ५२ हजार खर्च भएको छ । सामाजिक सुरक्षा कार्यक्रम अन्तर्गत जिल्लाका ८१२६५० जनसंख्यामध्ये समाजका जेष्ठ नागरिक, एकल महिला, बिधवा, दलित वर्ग, लोपोन्मुख आदिवासी, जनजाति, असक्त अपागता भएका नागरिक एवं बालबालिकाहरुले सामाजिक सुरक्षा भत्ता सुविधा प्राप्त गर्ने व्यवस्था भए अनुसार यो वर्ष ५६१७१ जनसंख्यालाई सुविधा उपभोग गरेको पाईयो । यसमा देखिएका व्यहोरा निम्न छन:

२९.१. सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि, २०६९ को बुदा नं.१३ (२) अनुसार मा गाउँ विकास समिति/नगरपालिकाको सचिवले भत्ता रकम प्रथम चौमासिकमा बडा दशै पूर्व आश्विन १ गते, दोश्रो चौमासिकमा माघ १२ गते र तेश्रो चौमासिक जेष्ठ १५ गते भुक्तानी दिनुपर्ने उल्लेख छ । जिल्ला विकास समिति अन्तर्गतका गाविसका लागि २०७२।७।१६ मा प्रथम चौमासिक निकासा, २०७२।१२।२१ मा दोस्रो चौमासिक निकासा र २०७३।२।३१ गते सम्म तेस्रो चौमासिक निकासा दिएको देखीयो । कार्यविधिले तोके बमोजिम भत्ता वितरण गर्ने समयमा निकासा नदिँदा जुन उद्देश्यले लक्षित वर्गमा भत्ता वितरण गर्न खोजिएको हो सो अनुरुप भएको देखिएन । अतः कार्यविधिले व्यवस्था गरे अनुसार निकासा र वितरण गर्ने प्रणालीको विकास गर्नु पर्दछ ।

२९.२. सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०६९ अनुसार प्रत्येक चौमासिकमा भुक्तानी गरेको रकमको भर्पाई भुक्तानी गरेको ७ दिनभित्र पेश्की फछ्र्यौटको लागि जिल्ला विकास समितिको कार्यालयमा पठाउनुपर्ने र कार्यालयले दोस्रो र तेस्रो किस्ता रकम निकासा दिंदा अघिल्लो किस्तामा

निकासा भई भुक्तानी गर्न बांकी रहेको रकम कटाएर निकासा दिनुपर्ने, तेस्रो किस्ता पेश्की लिएको रकम आषाढ २१ भित्र फछ्र्यौटको लागि पठाउनु पर्ने र आषाढको २६ भित्र पेश्की फछ्र्यौट गर्नुपर्ने व्यवस्था छ । यो वर्ष कार्यालयले सामाजिक सुरक्षा कार्यक्रममा गरेको खर्चमध्ये रु.२ करोड ७६ लाख ८२ हजार ३ सय पेश्की फछ्र्यौट गरेका छैनन् । तोकिएको समयमा फांटवारी पेश गरी पेश्की फछ्र्यौट नगराउनेलाई आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ७९ अनुसार कारबाही गरी समयमा फछ्र्यौट गर्नुपर्दछ ।

३०. **अनुगमन** : स्थानीय निकाय स्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि, २०६९ को बुंदा ४७(१) मा प्रत्येक आर्थिक वर्षको अन्त्यमा गाऊं विकास समितिमा निकाशा भएको सवै नि:शर्त तथा सशर्त पूंजीगत तथा चालु अनुदानबाट भुक्तानी दिनुपर्ने रकम भुक्तानी दिई आर्थिक कारोवार बन्द गर्नुपर्ने छ र आर्थिक कारोवार बन्द गरेपछि बांकी रहेको रकम स्थानीय निकायको मूल कोष खातामा फिर्ता गर्नुपर्ने व्यवस्था छ । यसरी फिर्ता प्राप्त भएको रकममध्ये नेपाल सरकारवाट फ्रिज गर्न नपर्ने रकम आगामी आर्थिक वर्षको लागि जिम्मेवारी सानुपर्ने र फ्रिज गर्नुपर्ने रकम कोष तथा लेखा नियन्त्रक कार्यालयमा फिर्ता दिनुपर्ने उल्लेख छ । यस वर्ष जिल्लाका ३३ गाऊं विकास समितिहरुलाई सशर्त र निशर्त चालु तथा पूंजीगत अनुदानमा रु. ११ करोड ७३ लाख ५३ हजार निकासा दिएको रकम मध्ये खर्च भई वांकी रहेको रकमको लेखापरीक्षण अवधि २०७३।११।७ सम्म ३१ गाविसको अन्तिम लेखापरीक्षण नभएकोले फ्रिज हुने रकम यकिन गर्न सकिएन । समितिले दिएको अनुदान रकमको उपयोग र त्यसबाट भए गरेका कार्यहरुको अनुगमन मूल्यांकन गरी कार्यविधिमा भएको व्यवस्थाको पालना गर्नु गराउन पर्दछ ।

३१. **गैह्र सरकारी संस्था छनौट** : स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ७० मा गैर सरकारी संस्थाबाट काम गराउंदा मौजुदा सूचीमा समावेश भएका गैरसरकारी संस्थालाई कम्तिमा १५ दिनको अवधि दिई सूचना प्रवाह गरी नियम २३३(६) अनुसार योग्य परामर्शदातामध्ये न्यून रकम कबोल गर्ने परामर्शदातालाई स्थानीय निकायले स्वीकृत गर्नुपर्ने व्यवस्था छ । झोलुङ्गेपुल निर्माणको परामर्श कार्यका लागि खरिद प्रक्रिया र प्रतिष्पर्धा बेगर झोलुङ्गेपुल निर्माणको परामर्श कार्यमा विगत वर्षदेखि एकै गैर सरकारी संस्थालाई छनौट गर्दै आएको देखियो । गैर सरकारी संस्थाको प्राविधिक क्षमता परीक्षण नगरी विगतको सम्झौतालाई आधार जनाई म्याद थप गरी यो बर्ष कुल लागत रकमको ६ प्रतिशतले रु ७ लाख ३६ हजार खर्च लेखेको छ । नियम विपरीत सोझै गैर सरकारी संस्था छनौट गरी खर्च गर्न मिल्ने देखिदैन ।

३२. **मार्गदर्शन विपरीत खर्च** : स्थानीयस्तर वा शान्ति समितिको कार्यक्रम कार्यान्वयन सम्बन्धी मार्गदर्शन, २०७० को ७(क) बमोजिम जिल्ला स्थित ३७ गाविसहरुको लागि रु.२१,८००।- का दरले विनियोजन भई रु.८ लाख ६ हजार अनुदान निकासा भएकोमा उक्त मार्गदर्शन बमोजिमका कार्यक्रमहरुको संचालन स्थानीय शान्ति समितिको निर्णयका आधारमा गरेकोमा अनुगमन भएको पाइएन । जिल्ला विकास समितिवाट अनुगमन हुनुपर्दछ ।

३३. **खर्चको उपादेयता** : स्थानीय नागरिकको आय आर्जनमा अभिवृद्धि गरी गरिबी न्यूनीकरणमा टेवा पुऱ्याउने उद्देश्यले स्थानीय स्वायत्त शासन तथा सामुदायिक विकास कार्यक्रमबाट प्राप्त रकम कार्यालयले बाख्रा र बंगुरको खोर निर्माण, गाईगोठ सुधार, चिस्यान केन्द्र निर्माण, मौरी पालन लगायतका कार्यक्रममा स्थानीय नागरिक सचेतना केन्द्र मार्फत सञ्चालन गर्न यो वर्ष ३७ वटा गाउं विकास समितिमा रु.३६ लाख ९४ हजार निकासा गरी खर्च लेखेको छ । नागरिक सचेतना केन्द्र, साना सामुदायिक पूर्वाधार विकास अनुदान सम्बन्धी मार्गदर्शनमा उपभोक्ता समिति र अनुगमन समिति गठन गरी नागरिक सचेतना केन्द्रको जिम्मेवारीमा योजना कार्यान्वयन गर्नुपर्ने

र योजनाको प्राविधिक जांचपास, फरफारक, सार्वजनिक परीक्षण, सार्वजनिक सुनुवाई, अनुगमन तथा मूल्याकन गाउं विकास समितिले गर्नुपर्ने र सबै योजनाको योजनागत खर्च एवं भौतिक प्रगति प्रतिवेदन आर्थिक वर्ष समाप्त भएको एक महिनाभित्र जिल्ला विकास समितिको कार्यालयमा प्राप्त हुनुपर्ने प्रावधान भएकोमा प्रावधान अनुसार कार्यक्रम सञ्चालन गरेको पुष्टि हुने प्रमाण पेश नभएकोले खर्च लेखिएको रकम उद्देश्यमूलक भएको छ भनी विश्वस्त हुने आधार रहेन । कार्यविधि अनुसार सञ्चालित सबै कार्यक्रमको योजनागत खर्च एवं भौतिक प्रगति प्रतिवेदन लिई अनुगमन तथा मूल्याङ्कन हुनुपर्दछ ।

३४. **विल भरपाई** : स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ४६(३) मा विल भरपाई सहित खर्च लेख्नुपर्नेमा झापा जिल्ला क्षेत्र नं.१ को कार्यक्रमबाट एक निर्माण उपभोक्ता समितिलाई रु.३ लाख ८५ हजार भुक्तानीमध्ये एक हार्डवेयरको रु.१ लाख ९३ हजारको सक्कल विल भरपाई संलग्न भएको पाइएन ।

३४.१. विभिन्न मितिमा राजश्व परामर्श समितिको बैठक भत्ता खर्च लेखेकोमा ४ जनाले रु.३ हजार बुझिलिएको भरपाई संलग्न नभएको हुंदा असुल उपर गर्नुपर्दछ ।

३४.२. कार्यालयको एक सवारी साधनका निमित्त एक ट्रेर्ड लिंक मार्फत २ थान टायर मूल्य अभिवृद्धि कर समेत रु.५४ हजारमा खरिद गरेकोमा सोको नियमानुसारको अनुसूची-४६ बमोजिमको चल्ती मेशिन वा सवारीको किताबमा प्रविष्टी जनाई खर्च लेख्नुपर्नेमा सो गरेको पाइएन ।

३४.३. बैठक भत्ता बापत एक कर्मचारीले बुझिलिएको भरपाई संलग्न नगरी रु.५४ हजार खर्च लेखेकोमा भरपाई पेश हुनुपर्ने अन्यथा असुल उपर गर्नुपर्दछ ।

३५. **नदीजन्य राजस्व** : कार्यालयलाई चालु आर्थिक वर्षमा राष्ट्रिय चुरे तराई मधेश संरक्षण विकास समितिको २०७३।२।१४ को पत्रानुसार एक खोलाबाट नदीजन्य पदार्थ संकलन गर्न ८ वटा नाकाबाट ३०,४०० घनमिटर संकलन गर्ने सहमती पाएकोमा कार्यालयले नदीजन्य पदार्थ अमानतमा बिक्री गर्ने निर्णय गरी प्राप्त अभिलेख अनुसार ५१८४ घनमिटर मात्र उत्खनन् गरेको छ। उक्त सामग्रीबाट प्रति घनमिटर रु.६९।९८ का दरले रु.३ लाख ६६ हजार राजस्व असुल गरी दाखिला गर्नुपर्नेमा रु.२ लाख ९० हजार मात्र दाखिला भएकोले दाखिला गर्न बाँकी रकम रु.७६ हजार दाखिला गर्नुपर्दछ ।

३६. **फिल्ड भत्ता** : कार्यालयको नीतिगत निर्णयानुसार जिल्लाभित्र फिल्ड काजमा खटिएका कर्मचारीलाई मासिक रुपमा फिल्ड भत्ता कार्यालयले प्रदान गरिरहेको र जिल्लाभित्र काजमा खटिई जाँदा दैनिक तथा भ्रमण खर्च रकम उपलब्ध नगराउने निर्णय विपरीत हुने गरी एक इञ्जिनियरलाई जिल्लाभित्र भ्रमणमा रहँदाको खर्च रु.१० हजार भुक्तानी भएकोले असुल हुनुपर्दछ ।

३७. **जिन्सी दाखिला** : विभिन्न सप्लायर्स मार्फत रु.५ लाख ७३ हजारको जिन्सी सामग्री खरिद गरेकोमा सो को नियमानुसारको जिन्सी दाखिला तथा सामान बुझाएको भरपाइ पेश नभएकोले जिन्सी दाखिला गरेको प्रमाण पेश हुनुपर्दछ ।

३८. **मर्मत अभिलेख** : कार्यालयको एक सवारी साधनका निमित्त एक इन्टरप्राईजेज मार्फत ४ थान टायर मूल्य अभिवृद्धि कर सहित रु.९० हजारमा खरिद गरेकोमा सोको नियमानुसारको अनुसूची-४६ बमोजिमको चल्ती मेशिन वा सवारीको किताबमा प्रविष्टी जनाई खर्च लेख्नुपर्ने, पुरानो सामान फिर्ता प्राप्त गरी छुट्टै जिन्सी दाखिला हुनुपर्नेमा सो बेगर गरेको खर्च रु.९० हजार नियम विपरीत देखिएको छ ।

३९. **कम अवधिको बैंक जमानत** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११३(४) बमोजिम पेश्की फछ्र्यौट गर्नुपर्ने अवधि भन्दा कम्तीमा १ महिना भन्दा बढी अवधिको बैंक ग्यारेण्टी प्राप्त गरी मात्र पेश्की भुक्तान गर्न सकिने कानूनी प्रावधान रहेको छ ।

३९.१. चालु वर्ष ठेक्का सम्झौता भई शुरु गरेको एक पुल निर्माणका निर्माण व्यवसायीलाई २०७३।२।२१ मा रु.७१ लाख ५० हजार पेश्की भुक्तानी भएको छ । उक्त पेश्की भुक्तानीको लागि प्राप्त सिटिजन बैंकको बैंक जमानतको म्याद आषाढ २०७४ सम्म रहेको छ । खरिद सम्झौताको अवधि २०७४।११।१७ सम्म रहेको छ । खरिद सम्झौता बमोजिम ८० प्रतिशत रकम भुक्तान हुँदा सबै पेश्की कट्टी गरिसक्नु पर्ने उल्लेख छ । ठेक्का अवधि २ वर्षमा ८० प्रतिशत प्रगति १६ औं महिना (२०७४ आषाढ) भन्दा १ महिनाभन्दा बढी अवधि (२०७४ भाद्रसम्म) को बैंक जमानत लिनुपर्नेमा २०७४ आषाढ सम्मको जमानत लिई पेश्की दिएकोमा अनियमित देखिन्छ । सम्झौता बमोजिम घटी अवधि २ महिनाको रु.७१ लाख ५० हजारको १० प्रतिशतले हुने ब्याज रु.१ लाख १९ हजार असुल गर्नुपर्दछ ।

३९.२. सभागृह निर्माण कार्यका निर्माण व्यवसायीलाई २०७३।३।२४ मा रु.१ करोड १२ लाख पेश्की दिएको छ । नेपाल बंगलादेश बैंकबाट प्राप्त बैंक जमानतको म्याद डिसेम्बर २०, २०१६ सम्म रहेको छ । खरिद सम्झौताको म्याद २०७४।३।९ सम्म रहेको छ । खरिद सम्झौता बमोजिम ८० प्रतिशत रकम भुक्तान हुँदा सबै पेश्की कट्टी गरिसक्नु पर्ने उल्लेख छ । ठेक्का अवधि २ वर्षमा ८० प्रतिशत प्रगति २० औं महिना (२०७३ फाल्गुण) १ महिनाभन्दा बढी अवधि (२०७४ बैशाख) को बैंक जमानत मार्फत पेश्की भुक्तान गर्न सकिनेमा सो अवधिसम्मको बैंक जमानत नलिई घटी अवधिको जमानत लिएको ३ महिना समयावधिको बैंक जमानत मार्फत पेश्की भुक्तान गर्ने कार्य अनियमित देखिन्छ । पेश्की रु.१ करोड १२ लाखको १० प्रतिशतले हुने ब्याज रु.२ लाख ८० हजार असुल गर्नुपर्दछ ।

३९.३. उक्त भवनको बजेट माग गर्ने क्रममा रु.३ करोड ५१ लाख ३९ हजारको कार्य सम्पन्न भएको भनी थप बजेट मांग गरेकोमा निर्माण व्यवसायीले पेश गरेको प्रथम रनिङ्ग विलमा रु.१ करोड १२ लाख ११ हजारको मात्र नापी तथा भुक्तानी भएकोले नापी र वास्तविक कार्यवीच विश्वस्त हुन सक्ने देखिएन ।

४०. एक इन्जिनियरिङ फर्मलाई भुक्तान भएको पेश्की रु.९ लाख फछ्र्यौट गरेकोमा तालिममा सहभागी २ कर्मचारीले रु.६ हजार भत्ता बुझेको भरपाई संलग्न नभएकोले असुल उपर गर्नुपर्दछ ।

## जिल्ला भू-संरक्षण कार्यालय

१ **आन्तरिक नियन्त्रण प्रणाली** : कार्यालयले प्रचलित ऐन नियमको पालना गरी आन्तरिक नियन्त्रण व्यवस्था भरपर्दो र प्रभावकारी बनाउनुपर्दछ । आन्तरिक नियन्त्रण व्यवस्थाको मूल्याङ्कन गर्दा जिन्सी निरीक्षण प्रतिवेदनमा लिलाम, मर्मत र मिन्हा गर्नु पर्ने तथा मुल्य खुलाउनु पर्नेमा व्यहोराको कार्यान्वयन नभएको कर्मचारीहरुको कार्य विवरण तयार नगरेको, जिन्सी सहायक भू-संरक्षण अधिकृत पदको पदपूर्ति नभएको जस्ता व्यहोरा देखिएका छन् । प्रचलित ऐन नियमको पालना गरी आन्तरिक नियन्त्रण सुदृढ गर्नुपर्दछ ।

२. **अख्तियारी** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३(२) बमोजिम १५ दिनभित्र अख्तियारी पठाउनु पर्नेमा राष्ट्रपति चुरे तराई मधेश संरक्षण कार्यक्रमको रु.७२,५०,०००।- को अख्तियारी २०७३।१।१७ मा प्राप्त भएको देखियो । समयमा नै अख्तियारी पठाउनु पर्दछ ।

३. **माग पहिचान र योजना तर्जुमा** : भू-तथा जलाधार संरक्षण बिभागको कार्य बिधि २०६१ को परिच्छेद ४ को ४.१.३ बमोजिम सेवाग्राहीबाट प्राप्त निबेदनको आधारमा सो क्षेत्र निरिक्षण गरि

बास्तविक समस्या पहिचान गरी योजना तर्जुमा गर्नुपर्ने ब्यबस्था छ । कार्यालयले उपर्युक्त प्रक्रिया अवलम्वन नगरी योजना छनौट गरी संझौता गरेकोले  कार्य विधिको अवलम्वन हुनुपर्दछ ।

४. **समन्वयको अभाव** : चुरेभावर क्षेत्र उदगमस्थल भएका यस जिल्लाका रतुवामावा, कन्काई, विरीङ र अन्य नदी तथा खोलाहरुवाट हुने क्षतिलाई नियन्त्रण गर्न जिल्ला भुसंरक्षण कार्यक्रम, जनताको तटवन्ध कार्यक्रम, जल उत्पन्न प्रकोप नियन्त्रण, वन तर्फ राष्ट्रपति चुरे संरक्षण कार्यक्रम जस्ता कार्यक्रमहरु अलग अलग निकायको रुपमा संचालित भएको र केही हदसम्म सिचाई विकास डिभिजन र जिल्ला विकास समितिमा पनि यस्ता कार्यक्रम राखी संचालन भएको देखिन्छ । यस्ता कार्यक्रमहरु संचालनको व्यवस्थित अभिलेख नरहने हुनाले सालवसाली रुपमा सम्पादन हुने र निकायहरु वीच कार्यगत एकताको अभावमा कार्य गुणस्तयुक्त, समयमा सम्पादन र नदोहोरिने गरी सम्पादन भएका छन् भन्न सकिएन । उपर्युक्त वमोजिम एकै प्रकृतिका कार्यको कार्यक्रम तथा निकायगत समन्वयको माध्यमवाट संचालन गर्दा कार्य सम्पादनमा अझ वढी प्रभावकारी हुने देखिन्छ ।

५. **तार खरिद** : भू-तथा जलाधार संरक्षण विभागको परिपत्र तथा सार्वजनिक खरिद नियमावली २०६४ को नियम ३१(१) बमोजिम अनिवार्य प्रतिस्पर्धा गराई ग्यावियन तार खरिद गर्नुपर्ने देखिन्छ । उपभोक्ता समितिसंग सम्झौता गरी कार्यालयवाट व्यहोरिने खर्चमध्ये एक आपूर्तकबाट रु.९१,१४,८४२।- मूल्यको ग्यावियन तार सोझै खरिद गरेको देखियो । यसवाट खरिद कार्य मितव्ययी एवं पारदर्शी भएको छ भन्न सकिएन । नियमावली वमोजिम प्रतिस्पर्धा गरी खरिद कार्य गर्नुपर्दछ ।

६. **खर्च सार्वजनिकीकरण** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ (६) (७) अनुसार उपभोक्ता समितिले हरेक किस्ताको कामको प्राविधिक मूल्याकन, बिल, भरपाई र खर्च प्रमाणित गर्ने अन्य कागजात त्यस्तो समितिको बैठकबाट अनुमोदन गराई पेश गर्नुपर्ने, व्यवस्था छ । कार्यालयले उपभोक्तावाट गरेको कार्यको खर्चको सार्वजनिकीकरण गरेको छैन ।

७. **कन्टिजेन्सी खर्च** : अर्थ मन्त्रालयको परिपत्र अनुसार कन्टिजेन्सी वापतको ५ प्रतिशतमध्ये २ प्रतिशत रकम पूँजी निर्माण तथा सम्पत्ति खरीद सम्बन्धी कार्यमा खर्च गर्नुपर्ने व्यवस्था छ । कार्यालयले यस वर्ष विभिन्न चालु प्रकृतिका प्रशासनिक कार्यमा रु.७,८०,३५९।- कन्टिजेन्सी खर्च गरेको र सो बाहेक पूँजीगततर्फ एक मोटर साईकल खरिद गरेको छ । उपर्युक्त निर्देशन अनुसार कन्टिजेन्सीको रकम पूँजीगत कार्यमा खर्च गर्ने गराउने कार्यमा कार्यालयको ध्यान जानुपर्दछ ।

८. **निर्माण कार्यको अभिलेख** : कार्यालयले उपभोक्ता समितिहरु मार्फत् र ठेक्कामा निर्माण गरेका संरचनाहरु निर्माण कार्यको सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३(१) वमोजिम अभिलेख नराखेकोले त्यस प्रकारको अभिलेख राख्नुपर्दछ ।

९. **प्रोजेक्ट प्रोफाइल** : कार्यालयले आफ्नो क्षेत्रभित्र संचालन गरेका भू-संरक्षणका कार्यहरुको सञ्चालन अवधिदेखि हालसम्मको वस्तुस्थिति अवगत हुने गरी जिल्ला प्रोफाइल अद्यावधिक गरी राख्नुपर्नेमा नराखेबाट नदीखोला संरक्षणका कार्यहरुको समष्टीगत स्थिति यकिन हुन सकेन ।

१०. **विरुवा उत्पादन र वितरण** : कार्यालयबाट उत्पादित विरुवाहरु वितरण गरी रोपण भए नभएको कार्यको निरन्तर अनुगमन गरी अभिलेख राख्ने व्यवस्था हुनुपर्दछ । कार्यालयवाट प्राप्त विवरण अनुसार ३०,००० गोटा विरुवा उत्पादन गरी ३०,००० गोटानै विरुवा खर्च गरेको देखिन्छ । विरुवा वितरणको अभिलेख राखी विरुवा रोपण कार्यको अनुगमन हुनुपर्दछ ।

११ **वीउ खरिद** : आर्थिक कार्यविधी नियमावली, २०६४ को नियम ७४(१) मा कामको विवरण खुलाई पेश्की दिन सकिने व्यवस्था छ । कार्यालयले एक कर्मचारीलाई  प्रयोजन नखुलाई रु.५०,०००।- पेश्की दिएको उक्त पेश्की फछ्र्यौट गरी रु.१,४२,६२३।- खर्च लेखेको छ । उक्त खर्चको बिल भरपाई पेश भएको छैन । बिल भरपाई बेगर खर्च लेखेको नियमित देखिएन ।

## जिल्ला जनस्वास्थ्य कार्यालय

१ **आन्तरिक नियन्त्रण** : ऐन नियम एवं र्कायबिधिमा उल्लेख भएका कार्यालयको कामसंग सम्बन्धित आन्तरिक नियन्त्रणको व्यबस्थाको कार्यान्वयन गर्नु पर्दछ । कार्यालयको आन्तरिक नियन्त्रण प्रणालीको मूल्याङ्कन गर्दा जिन्सी निरीक्षण गरी प्रतिवेदन तयार गरेकोमा प्रतिवेदनमा उल्लेख भएबमोजिम पुराना सामानको मर्मत संभार र लिलाम बिक्री कार्य नभएको, मूल्य नखुलेका पुराना सामानको मूल्य कायम गराई नराखेको, तालुक कार्यालयले निरीक्षण अनुगमन नगरेको, कार्यालयको वार्षिक प्रतिवेदन तयार नगरेको, भ्रमण विल सच्याउने गरेको, अनुगमन नगरेको, जस्ता व्यहोराहरु देखिएकाले यसमा सुधार गरी आन्तरिक नियन्त्रण प्रणालीलाईं प्रभावकारी बनाउनु पर्नेदेखिन्छ ।

२ **बजेट खर्चको स्थिति** : आर्थिक वर्ष २०७२।७३ को लागि कार्यालयलाई रु.२६ करोड २२ लाख २८ हजार बजेट व्यवस्था भएकोमा कार्यालयको लागि ४ बजेट उपशीर्षकहरुमा विनियोजित बजेट औसतमा ६० प्रतिशत मात्र खर्च गरेको छ । कार्यालयले कार्यक्रम कार्यान्वयन दक्षता बढाई वैदेशिक अनुदान तथा ऋणको पूर्णरुपमा उपयोग गर्नुपर्नेमा वैदेशिक स्रोत तर्फको बजेट उपयोग गरेको देखिएन । कार्यालयले बजेट उपयोग क्षमता बढाउनुपर्दछ ।

३. **बार्षिक लक्ष्य प्रगति** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २५ मा प्रत्येक कार्यालयले चौमासिक प्रगति विवरण तयार गर्नुपर्ने र नियम २६ मा बजेट तथा कार्यक्रम कार्यान्वयनको प्रगति समिक्षा गर्नुपर्ने उल्लेख छ । कार्यालयको वार्षिक लक्ष्य प्रगति विवरण अनुसार १४० कार्यक्रमको वजेट रु.१३ करोड २३ लाख २० हजारमा १६ कार्यक्रममा शून्य, ७ मा ५० र ४ वटामा ७५ प्रतिशतसम्म प्रगति गरेको देखिन्छ । समयमा नै कार्यक्रम सञ्चालन र सम्पन्न नगर्दा अपेक्षित प्रतिफल प्राप्त गर्न कठिन हुन सक्छ । कार्यालयले लक्षित प्रगति प्राप्त गर्नुपर्दछ ।

४ **अख्तियारी** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३२ मा बजेट विवरण र खर्च गर्ने अख्तियारी पत्र प्राप्त भएको १५ दिनभित्र बजेट, स्वीकृत कार्यक्रम र खर्च व्यहोर्ने स्रोत खोली अख्तियारी पठाउनु पर्ने उल्लेख छ । कार्यालयमा २०७३।३।२६ मा समेत विभागबाट ...... को अख्तियारी प्राप्त भएको पाइयो । अतः नियममा व्यवस्था भए अनुसार तालुक निकायले समयमै बजेट खर्च गर्ने अख्तियारी र कार्यक्रम उपलब्ध गराउनु पर्दछ ।

५ **चौमासिक खर्च** : कार्यालयले कूल रु.२३ करोड ९४ लाख ४९ हजार खर्च गरेकोमध्ये तेस्रो चौमासिकमा रु.१२ करोड ४२ लाख ७६ हजार खर्च भएको छ । तेस्रो चौमासिक खर्चको समग्र प्रतिशत ५१ रहेको छ । ढिलो अख्तियारी प्राप्त हुंदा तेस्रो चौमासिक तथा आषाढ महिनामा बढी खर्च देखिने, कार्य सञ्चालन गर्दा कार्यक्रमको गुणस्तरमा प्रभावकारीता नहुने अवस्था रहन्छ । आर्थिक वर्षको अन्त्यमा खर्च गर्ने अवस्थामा सुधार हुनुपर्दछ ।

६ **दरबन्दी तथा पदपूर्ति** : नेपाल स्वास्थय सेवा ऐन, २०४३ को दफा ८(क) २ मा स्वास्थ्य सेवाको कुनै पद रिक्त भएमा एक महिनाभित्र लोक सेवा आयोगलाई जानकारी दिनुपर्ने व्यवस्था छ । कार्यालयबाट प्राप्त स्वीकृत दरवन्दी र पदपूर्तिको विवरण अनुसार विभिन्न श्रेणी र तहका ४५३ जना स्वीकृत दरवन्दी रहेकोमा ३७२ जना स्थायी र ५९ जना करार समेत ४३१ जना पदपूर्ति भई २२ जना रिक्त रहेको छ । कार्यालयमा आवश्यकता अनुसारको दरवन्दी पदपूर्ति नहुँदा सेवाग्राहीहरुलाई समयमा सेवा उपलब्ध गराउन कठिनाई पर्ने हुन्छ । दरवन्दी अनुसारको पदपूर्ति तथा जनशक्ति व्यवस्थापन गर्न पहल गर्नुपर्दछ ।

७ **औषधि भण्डार परीक्षण** : प्राथमिक स्वास्थ्य सेवा पुर्नजागरण महाशाखाको कार्यक्रम निर्देशिका बमोजिम कार्यालयले खरिद गरेका औषधि तथा सर्जिकल सामानहरुमा **"नेपाल सरकारको निःशुल्क स्वास्थ्य कार्यक्रमका लागि"** भन्ने लोगो लगाउनु पर्ने व्यवस्थामा सार्वजनिक लेखा समितिले समेत म.ले.प. को ४७ औं प्रतिवेदनको निःशुल्क औषधि वितरण लोगोको व्यहोराका सम्वन्धमा

सुझावलाई कडाई साथ लागू गर्ने निर्णय समेत गरेको देखिन्छ । कार्यालयले खरिद गरेका र हस्तान्तरण भई आएका निःशुल्क वितरण गर्ने औषधि तथा सर्जिकल सामानहरुमध्ये विभिन्न १० प्रकारका औषधि तथा सर्जिकल सामानहरुमा "नेपाल सरकारको निःशुल्क स्वास्थ्य कार्यक्रमका लागि" भन्ने लोगो लगाएको छ छैन भन्ने सम्बन्धमा २०७३।१०।१८ मा भण्डार परीक्षण गर्दा २ वटा औषधिमा निशुल्क वितरणको लोगो नभएको र ३ वटामा Supply for MOHP लेखेको पाइयो । जुन स्वीकृत लोगो भन्दा फरक देखिन्छ । यसबाट निर्देशिकाले निर्दिष्ट गरेको विषयलाई पालना भएको देखिएन । यसतर्फ कार्यालयको ध्यान जानु जरुरी छ ।

८ **औषधी उपयोग र मौज्दात** : कार्यालयबाट खरिद भएका र अन्यत्रबाट हस्तान्तरण भई आएका विभिन्न प्रकारका औषधीको प्राप्ती, उपयोग र मौज्दातको स्थितिको परीक्षण गर्दा खरिद एवं हस्तान्तरण भई आएका औषधीहरु वितरण वा खर्च हुन नसकी मौज्दातमा रहेको देखिन्छ । औषधीको मौज्दात प्रणाली स्तरीय हुन सोको प्राप्ती र निकासीवीच सन्तुलन कायम रहनुपर्दछ । न्यूनतम उपभोग्य आइटमको आधारमा खरिद, प्राप्ती एवं मौज्दात अवस्थाको निर्धारण गर्नुपर्नेमा गरेको छैन । मौज्दातमा अधिक औषधी रहँदा म्याद भुक्तानी हुन सक्ने र सेवा प्रवाहमा असर हुने सम्भावना रहेकोले औषधीको माग पहिचान गरी खरिद र खर्चवीच सन्तुलन कायम गर्नुपर्दछ जनतालाई निःशुल्क स्वास्थ्य सेवा पुऱ्याउनेतर्फ ध्यान दिनुपर्दछ ।

९ **अवधि समाप्त औषधि** : लेखापरीक्षण लाई प्राप्त विवरण अनुसार २०७२।७३ मा म्याद भित्र वितरण नगरी अवधि समाप्त भएका ५ औषधिहरुको मूल्य खुलेको छैन । म्यादभित्र वितरण नगर्दा सेवाग्राहीले औषधी प्राप्त गर्नबाट बंचित हुन जाने र राज्यलाई आर्थिक नोक्सानी पर्ने स्थिति देखिन जान्छ । अवधि समाप्त नहुँदै औषधी वितरण गर्नेतर्फ कार्यालयले ध्यान दिनु जरुरी देखिन्छ ।

१० **दोहोरो भ्रमण खर्च** : अधिकार प्राप्त अधिकारीले सरकारी रकम खर्च गर्दा एउटै खर्च दोहोरो नहुने गरी भुक्तानी दिनुपर्दछ । कार्यक्रम भत्ता र दैनिक भ्रमण भत्ताको रकम भुक्तानी दिदा भ्रमण दोहोरो नहुने गरी खर्च लेख्नुपर्दछ । कार्यालयले विभिन्न कर्मचारीहरुलाई रु.३४ हजार भ्रमण भत्ता भुक्तानी दिंदा दोहोरो हुने गरी भुक्तानी दिएको पाइयो । दोहोरो भुक्तानी भएको रकम असुल गर्नुपर्दछ ।

११ **टुक्रा पारि खरिद** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ मा रु.३ लाख सम्मका सामान साझै खरिद गर्न सकिने तर एउटै व्यक्ति वा कम्पनी वा संस्थाबाट एक आर्थिक वर्षमा एक पटकभन्दा बढी खरिद गर्न नपाइने व्यवस्था छ । तर कार्यालयले एउटै फर्मबाट रु.३ लाख घटीका प्याकेज बनाई प्रतिस्पर्धा नहुने गरी रु.६०,१४,२६४।- को सामग्री खरिद गरेको पाइयो । प्रतिस्पर्धा नगरी खरिद गरेबाट खरिद प्रक्रिया मितव्ययी नहुनाको साथै ऐन नियमको पालना भएको देखिएन । अतः टुक्रा गरी खरिद गर्ने प्रकृयामा नियन्त्रण हुनुपर्दछ ।

१२. **टोली गठन** : जिल्ला स्तरिय स्वास्थ्य शिक्षा सूचना तथा सञ्चार कार्यक्रम सञ्चालन पुस्तिका, २०६९ मा उल्लेख गरेबमोजिम स्वास्थ्य एफ.एम. रेडियो तथा पत्रपत्रिकामा कार्यक्रम उत्पादन गर्दा सूचना विज्ञापन तथा अन्य कार्यक्रम प्रकाशन/प्रशारण प्राविधिक टोली गठन गरी स्पेसिफिकेशन तयार गरी स्वास्थ्य सम्बन्धी प्रचार प्रसार गर्नुपर्नेमा प्राविधिक समिति गठन गरेको देखिएन ।

१३ स्वास्थ्य संस्थाहरुलाई दिने अनुदान सम्बन्धी निर्देशिकामा जिल्ला जनस्वास्थ्य कार्यालयले अनुदान रकम पठाएको रकमको यथार्थ अवस्था र भए गरेको कार्य प्रगति प्रतिवेदन प्राप्त भएपछि मात्र चालु वर्षको अनुदान रकम पठाउने व्यवस्था छ । कार्यालयले कार्य प्रगति प्रतिवेदन बेगर दमक नगरपालिकालाई रु.१० लाख अनुदान पठाएको पाइयो । कार्य स्थितिको अवस्था यथार्थ भएको प्रतिवेदन पेश हुनुपर्दछ ।

१४ **अनुगमन** : आमा सुरक्षा कार्यक्रम कार्यविधि निर्देशिका, २०६५ (दोस्रो संशोधन, २०६९) को परिच्छेद ५ दफा ९ को उपदफा (३) बमोजिम स्वास्थ्य संस्थाबाट प्रदान गरिने आमा सुरक्षा कार्यक्रमको

अनुगन जिल्ला स्वास्थ्य कार्यालयले गर्ने उल्लेख छ। त्यसैगरी परिच्छेद ४ को नियम (३) बमोजिम सरकारी बाहेकका जिल्ला भित्रका सामुदायिक, शिक्षण, मिसन अस्पतालहरु, गैर सरकारी तथा निजी अस्पताल तथा सामुदायिक प्रसुती केन्द्र मार्फत सेवाग्राही महिलाले पाउने रकमको व्यवस्थापन सम्बन्धित जिल्ला स्वास्थ्य कार्यालयले गर्ने, सोही परिच्छेदको नियम (५) मा जिल्ला स्थित गैर सरकारी तथा निजी स्वास्थ्य संस्थामा लागू भएको आमा सुरक्षा कार्यक्रमको अनुगमन सम्बन्धित क्षेत्रीय स्वास्थ्य निर्देशनालय तथा जिल्ला स्वास्थ्य कार्यालयले गर्ने र सो अनुगमनको प्रतिवेदन सुझाव सहित स्वास्थ्य सेवा विभागमा पठाउनु पर्ने उल्लेख छ। अनुदान रकम भुक्तानी दिदा अनुसूचीहरु १०, ६, ३ को परीक्षण गरी भुक्तानीको लागि सिफारिस गरेका अनुसूचीहरुको आधारमा भुक्तनी दिनुपर्नेमा सम्बन्धित स्वास्थ्य संस्थाको माग दावीको विवरणबाट भुक्तानी दिने र जिल्ला स्वास्थ्य कार्यालयबाट आवश्यकता अनुसार अनुगमन नगर्ने हुँदा उक्त रकम निर्देशिकाले तोकेबमोजिम सही उपयोग भयो भनी खर्च यकिन गर्ने आधार देखिएन। कार्यालयले अस्पताल एवं स्वास्थ्य संस्थाहरुको अनुगमन गर्नेतर्फ ध्यान दिनुपर्ने देखियो।

१५ **आमा सुरक्षा :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ बमोजिम विल भरपाई बेगर भुक्तानी रकम रु.३२ हजार असुल गरी दाखीला हुनुपर्दछ।

१५.१ स्वास्थ्य क्लिनिक नवीकरणका लागि पेश हुन आएका फाइलमा भौचर मात्र आम्दानी जनाउने के कति क्लिनिक छन। कति नवीकरण र बाँकी रहे सोको अभिलेख व्यवस्थित रहेको देखिएन। अभिलेख व्यवस्थित हुनुपर्दछ।

१५.२ औषधि खरिदको विज्ञापन शुल्क बापत एक निजी कम्पनीलाई मूल्य अभिवृद्धि कर सहित रु.१ लाख ५० हजार भुक्तानी गरेकोमा सोमा सरकारी विज्ञापन प्रकाशनमा २५ प्रतिशत रकम छुट नगरी भुक्तानी गरेको हुँदा मूल्य अभिवृद्धि कर समेत रु.३७,२९०।- हजार असुल उपर गर्नुपर्दछ।

१५.३ कार्यालयले भ्रमण अवधिमा समेत विभिन्न पदाधिकारीहरुलाई बैठक भत्ता/यातायात खर्च भुक्तान गरेको पाइएको हुँदा यसरी भुक्तान गर्न नमिल्ने रकम रु.८ हजार असुल उपर गरी दाखिला गर्नुपर्दछ।

१५.४ आयकर ऐन, २०५८ को दफा ८९ बमोजिमको भुक्तानीमा कर कट्टी नगरेको रकम रु.२ हजार असुल गरी राजस्व दाखिला गर्नुपर्दछ।

१५.५ आयकर ऐन, २०५८ को दफा ८७ बमोजिम पारिश्रमिक कर नपुग कट्टी गर्न बाँकी देखिएको हुँदा सम्बन्धितबाट रु.१४ हजार असुल गरी राजस्व दाखिला गर्नुपर्दछ।

१५.६ विभिन्न मितिमा भ्रमण काजमा रहनु भएका ४ कर्मचारीबाट बढी भुक्तान भएको रकम रु ७ हजार असुल उपर गर्नुपर्दछ।

१६ **पेश्की माथि पेश्की :** आर्थिक कार्यविधी नियमावली, २०६४ को नियम ७४(१) मा सरकारी कामकाजको निमित्त पेश्की लिनु पर्दा कुन कामको लागि के कति रकम चाहिने हो त्यसको विवरण पेश गर्नुपर्ने व्यवस्था छ। कार्यालयले अगाडि लिएको पेश्की फछ्र्यौट नगरी पुनः पेश्की दिने गरेको छ। पेश्की माथि पेश्की दिंदा र फछ्र्यौट गर्दा भिडान गर्न कठिनाई हुने र वढि खर्च हुने सम्भावना रहने हुँदा पेश्की माथि पेश्की दिने प्रवृतिमा सुधार हुनुपर्ने देखिन्छ।

## जिल्ला शिक्षा कार्यालय

१ **आन्तरिक नियन्त्रण :** बिभिन्न ऐन नियम एवं र्कायबिधिमा उल्लेख भएका कार्यालयको कामसंग सम्बन्धित आन्तरिक नियन्त्रणको व्यबस्थाको कार्यान्वयन गर्नुपर्दछ। कार्यालयको आन्तरिक नियन्त्रण प्रणालीको मूल्याङ्कन गर्दा जिन्सी निरीक्षण गरी प्रतिवेदन तयार गरेकोमा प्रतिवेदनमा उल्लेख भएबमोजिम पूराना सामानको मर्मत सम्भार र लिलाम बिक्री कार्य नभएको, मूल्य नखुलेका पुराना सामानको मूल्य कायम गराई नराखेको, तालुक कार्यालयले निरीक्षण नगरेको, वार्षिक

प्रतिवेदन तयार नगरेको, उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान नगरेको, इन्धन खर्चको लगबुक नराखेको, कर्मचारीलाई ऐनले तोके बमोजिमको कार्य विवरण बनाई लागू नगरको, म.ले.प.फा.नं. २ मा नराखेको भ्रमण प्रतिवेदन अनिवार्य नगरेको रुपमा जस्ता व्यहोरा देखिएकाले यसमा सुधार गरी आन्तरिक नियन्त्रण प्रणालीलाईं सुदृढ बनाउनु पर्दछ ।

२ **पेश्की व्यवस्थापन :** आर्थिक कार्यविधि नियमावली, २०६४ नियम ७४ मा पेश्की दिने र फछ्र्यौट गर्ने व्यवस्था रहेको छ । त्यसै गरी आर्थिक वर्षको अन्त्यसम्म काम हुन नपाई केवल बजेट फ्रिज हुन नदिने उद्देश्यले मात्र कसैलाई पेश्की दिन नहुने व्यवस्था छ । कार्यालयले विभिन्न कर्मचारीलाई रु.१४ लाख रुपैयां वर्षको अन्तमा पेश्की दिएको छ । स्वीकृत वार्षिक कार्यक्रम बमोजिम समयमा नै कार्यक्रम सम्पन्न हुने गरी पेश्की दिने र फछ्र्यौट गर्नुपर्दछ ।

३ **पेश्की बांकी :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ७४ बमोजिमको पेश्की आर्थिक वर्षको अन्त्यसम्ममा पनि फछ्र्यौट नभएको रु.१४ लाख १० हजार असुल फछ्र्यौट हुनुपर्दछ ।

४ **दरवन्दी व्यवस्थापन** : शिक्षा ऐन, २०२८ (संसोधन सहित) को दफा १५ मा नेपाल सरकार वा तोकिएको अधिकारीले जिल्ला शिक्षा समितिको राय लिई सञ्चालनमा रहेको कुनै विद्यालयलाई एक स्थानबाट अर्को स्थानमा सार्न, दुई वा दुईभन्दा बढी विद्यालयलाई गाभी एउटा विद्यालय कायम गर्न वा विद्यालयको नाम परिवर्तन गर्न वा विद्यालय बन्द गर्न सक्ने व्यवस्था छ। कार्यालयले दरबन्दी व्यवस्थापन सम्बन्धी कुनै पनि कार्य यो वर्षमा गरेको छैन । समयमा नै दरवन्दी व्यवस्थापन सम्बन्धी कार्य गरेको खण्डमा पी.सी.एफ. लगायत विद्यालयलाई जाने विभिन्न निकासामा प्रभाव परेको छ। दरवन्दीको उचित व्यवस्थापन गरिनु पर्दछ ।

५ **काज :** शिक्षा ऐन, २०५८ तथा नियमावली, २०५८ ले शिक्षकलाई दरवन्दी रहेको विद्यालयभन्दा अन्य विद्यालयमा काज राख्ने व्यवस्था देखिदैन । कार्यालयले उपलब्ध गराएको विवरण बमोजिम विभिन्न विद्यालयका केही शिक्षकलाई दरवन्दी रहेका विद्यालयबाट अन्य विद्यालयमा लामो समयदेखि काजमा राखिरहेको छ। कार्यालयले ऐन तथा नियमावलीले गरेको व्यवस्था बमोजिम दरवन्दी रहेको विद्यालयमा काज फिर्ता गरी दरवन्दी व्यवस्थापन गर्नुपर्दछ ।

६ **वर्षान्तमा निकासा** : कार्यालयले निर्देशिकामा उल्लेख भएबमोजिम विद्यालयहरुको छनौट प्रक्रिया प्रथम चौमासिक अवधिभित्र सम्पन्न गरी सम्झौता अवधिभित्र कार्यसम्पन्न गरी सक्नुपर्नेमा तेस्रो चौमासिकको अन्तमा समेत सम्झौता गरी रकम निकासा गरेको छ । कार्यालयले पूँजीगत अनुदानमा ब.शी.नं.३५०८०३३ बाट तेस्रो चौमासिकमा रु.७ करोड ८८ लाख ९५ हजार र आषाढ महिनामा रु.४ करोड १५ लाख ९५ हजार विभिन्न विद्यालयको लागि निकासा गरेको कारण समयमा कार्यसम्पन्न हुने अवस्था छैन । समयमै सम्झौता र निकासाको व्यवस्था हुनुपर्दछ ।

७ **कार्यसम्पन्न तयार नभएको :** यो वर्ष विभिन्न कार्यक्रमको लागि विभिन्न विद्यालयलाई रु.२८ करोड ८६ लाख निकासा दिएकोमा आर्थिक वर्षको अन्त्यसम्म रु.१ करोड ६६ लाख १८ हजारको कार्य सम्पन्न भएको छ भने बाँकी रु.१२ करोड २४ लाख २० हजार कार्य सम्पन्न प्रतिवेदन तयार नभएकोले प्रमाण पेश हुनुपर्दछ ।

८ **अनुगमन कार्य** : अनौपचारिक शिक्षा तथा साक्षर नेपाल अभियान कायर्क्रम कार्यान्वयन पुस्तिका २०७१ मा सामुदायिक अध्ययन केन्द्रको नवीकरण सम्बन्धी व्यवस्था छ । कार्यालयले अनुगमन गरी सामुदायिक अध्ययन केन्द्र सञ्चालनमा रहेको पाइएमा एक वर्षका लागि नवीकरण गर्नुपर्ने र सामुदायिक अध्ययन केन्द्रको खातामा कार्यक्रमको रकम निकासा गर्नुपर्ने व्यवस्था छ। अनौपचारिक शिक्षा तथा साक्षर नेपाल अभियान कार्यक्रम कार्यान्वयन पुस्तिका, २०७१ को बूंदा नं.१३ मा जिल्ला शिक्षा कार्यालय तथा क्षेत्रीय शिक्षा निर्देशनालयका लागि अनुगमन प्रतिवेदन तथा तथ्याङ्क फारामहरुका नमूना अनुसूची नं.८, ९, १० मा राखिएको छ। निर्दिष्ट फाराम अनुसारका विवरणहरु

कक्षा आरम्भ भएको एक महिनाभित्र र अन्तिम प्रतिवेदन कक्षा समाप्त भएको १५ दिनभित्र अनौचारिक शिक्षा केन्द्रमा अनिवार्य रुपमा पठाउनुपर्ने व्यबस्था भएकोमा सो अनुसूची विवरणहरु भरी अनौचारिक शिक्षा केन्द्रमा पठाएको देखिएन । नियममा व्यवस्था भएबमोजिम प्रक्रिया अवलम्बन गरी निकासा दिनुपर्दछ ।

९ **अनुगमन मूल्याङ्कन** : सामुदायिक विद्यालय क्षमता अभिवृद्धि कार्यक्रम अर्न्तगत सरकारी निकाय, समिति एवं बोर्डहरुलाई सर्शत चालु अनुदान अर्न्तगत यो वर्ष प्राविधिक धारमा सञ्चालन भएका विद्यालयहरुका लागि शिक्षकको तलब भत्ता र सामग्री सदुपयोग अनुदान अर्न्तगत बिभिन्न कार्यक्रमको लागि अनुदान निकासा गरेको छ । सशर्त चालु अनुदान शीर्षकमा प्राप्त भएको अख्तियारीवमोजिम उक्त विद्यालयले प्रयोगात्मक सामग्री व्यवस्था गरे नगरेको र अनुदान उपलव्ध गराउँदा पालना गर्नुपर्ने शर्त पूरा भए नभएको, ल्याव, OJT, वैकल्पिक ऊर्जा, निकायको सहकार्य र शैक्षिक सामग्री आदि कार्य गरे नगरेको सो समेत मूल्याङ्कन गरी अनुगमन प्रतिवेदन पेश गरेको पाइएन ।

१० **विद्यालय अभिलेख** : कार्यक्रम कार्यान्वयन निर्देशिकाले हरेक जिल्ला शिक्षा कार्यालयले आफ्नो क्षेत्र भित्रका विद्यालयमा कार्यरत कर्मचारीहरुको अभिलेख व्यबस्थित गरी राख्नुपर्ने व्यबस्था गरेकोमा जिल्ला शिक्षा कार्यालयले विद्यालयमा कार्यरत कर्मचारीहरुको अभिलेख व्यबस्थित गरी राखेको पाइएन । निर्देशिकाले तोके बमोजिमको अभिलेख कार्यालयले तयार गरी राख्नुपर्दछ ।

एक उच्च मावि (मावितर्फको) को २०७२।७३ को लेखापरीक्षण प्रतिवेदन अध्ययन गर्दा विद्यालयले प्राप्त गरेको अपाङ्गहरुको छात्रवृत्ति रकम रु.३ लाख ५० हजार वितरण नगरी खाना र व्यवस्थापनमा खर्च गरेको देखिन्छ । छात्रवृत्ति वितरण गर्नुपर्ने रकम वितरण नगरेको देखिएकोले छानबिन गरी रु.३ लाख ५० हजार असुल गर्नुपर्दछ ।

११ **आयकर कट्टी** : आयकर ऐन, २०५८ को दफा ९० मा कट्टी गरेको कर रकम १५ दिनभित्र दाखिला गर्नुपर्ने व्यवस्था छ । विद्यालयको लेखापरीक्षण प्रतिवेदन अनुसार २ विद्यालयहरुले गरेको कर रकम रु.२१ हजार दाखिला नगरेकोले जरिवाना सहित दाखिला गर्नुपर्दछ ।

## जिल्ला हुलाक कार्यालय

१ **आन्तरिक नियन्त्रण प्रणाली** : कार्यालयले प्रचलित ऐन नियमको पालना गरी आन्तरिक नियन्त्रण व्यवस्था भरपर्दो र प्रभावकारी बनाउनुपर्दछ । आन्तरिक नियन्त्रण व्यवस्थाको मूल्याङ्कन गर्दा जिन्सी निरीक्षण प्रतिवेदनमा लिलाम, मर्मत र मिन्हा गर्नुपर्ने तथा मूल्य खुलाउनुपर्नेमा व्यहोराको कार्यान्वयन नभएको कर्मचारीहरुको कार्य विवरण तयार नगरेको, विभिन्न ६६ पदको पदपूर्ति नभएको जस्ता व्यहोरा देखिएका छन् । प्रचलित ऐन नियमको पालना गरी आन्तरिक नियन्त्रण सुदृढ गर्नुपर्दछ ।

२. **हुलाक बचत बैंक** : हुलाक बचत वैंक कार्य सञ्चालन निर्देशिका, २०६३ बमोजिम बचत बैंकबाट ऋण लगानी गर्दा ऋण प्राप्त गर्ने कर्मचारीलाई फिर्ता गर्नुपर्ने अवधि सहितको सावाँ व्याज बुझाउनु पर्ने किस्ता खुलेको तालिका समेत प्रमाणित गरी कार्यालय प्रमुखले दिनुपर्ने व्यवस्था गरेको छ । तर कार्यालयले यो वर्ष र गतविगत वर्षदेखि ऋण लिने कर्मचारीहरुको ऋण फिर्ता भुक्तानी तालिका बेगर नै ऋण दिने र फिर्ता बुझ्ने गरेकोले निर्देशिकाले तोकेको प्रकृया र अभिलेख खडा गरेर मात्र लगानी गर्नुपर्दछ ।

३. **ऋण प्रवाह** : हुलाक बचत बैंक सञ्चालन निर्देशिकाले हुलाक सेवा भित्रका कर्मचारीहरुलाई बैंकमा जम्मा भएको रकमबाट ऋण लगानी गर्ने व्यवस्था गरी निर्देशिकामा प्रतिव्यक्ति रु.३,००,०००।- सम्म ऋण लगानी गर्न सक्ने र सोको ऋण फिर्ता अवधि ६० महिना कायम गरी किस्ता र घट्दो व्याज दरमा ऋण फिर्ता गर्ने तालिका समेत तोकिदिएको छ । कार्यालयले कर्मचारीहरुलाई किस्ताको

फिर्ता तालिका नदिएको, २ वा ३ महिनादेखि वर्षमा २ वा ३ पटक सीमा बढाउदैं ऋण लगानी र प्रत्येक पटक सेवा शुल्क लिई थप व्याज समेत भुक्तानी गर्नु परेको अवस्था देखियो । ऋण लिने कर्मचारीले मासिक तलव रकमबाटै वचत बैंकको साँवा व्याज कट्टी हुने हुँदा अघिल्लो महिनाको २४ गतेपछि तलववाट व्याज वुझाउने कर्मचारीले सो महिनाको लगतै १४ वा १५ गते ऋण लिदा पुनः पछिल्लो नयाँ दरको व्याज असुल हुने गरेको छ। ऋण नविकरण सरह कारोबार गर्नाले सेवा शुल्क र एक महिना अवधि पूरा नभए पनि दुवै सीमा दरको व्याज असुल गरेको देखियो। नवीकरण गरी पुनः ऋण लगानीको व्यवस्था नभएकोले यसमा नियन्त्रण हुनुपर्दछ।

४. **तहविल मौज्दात** : हुलाक बचत बैंक सञ्चालन निर्देशिकाले अत्यावश्यक भएको रकम मात्र तहविलमा राखी सोको पहिलो दिन बैंक दाखिला गर्नुपर्ने व्यवस्था गरी तहविल रकम राख्ने अधिकतम सीमा अघिल्लो महिनाको कुनै दिनमा भएको वढी कारोबारसम्म हुने व्यवस्था गरेको छ। कार्यालयले कर्मचारीको तलव वितरण वापत सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयवाट प्राप्त चेक रकम वचत वैंक खातामा एकमुष्ठ जम्मा गरी सो वरावरको कारोवार अधिकतम रहेको देखाई चेक जम्मा भएको केही दिन पछि पुनः वचत वैंक खातावाट रकम निकाली तलव वितरण गर्न नगद राख्ने गरेकोले वास्तविक रुपमा वचतमा जम्मा नभै निकासा मार्फत प्राप्त रकमको सीमासम्मको तहविल राख्न वा आवश्यकताभन्दा वढी रकम तहविल राख्ने कार्यमा नियन्त्रण हुनुपर्दछ ।

## डिभिजन सडक कार्यालय,

१ **आन्तरिक नियन्त्रण प्रणाली** : कार्यालयले प्रचलित ऐन नियमको पालना गरी आन्तरिक नियन्त्रण व्यवस्था भरपर्दो र प्रभावकारी बनाउनुपर्दछ। आन्तरिक नियन्त्रण व्यवस्थाको मूल्याङ्कन गर्दा जिन्सी निरीक्षण प्रतिवेदनमा लिलाम, मर्मत र मिन्हा गर्नुपर्ने तथा मुल्य खुलाउनुपर्नेमा व्यहोराको कार्यान्वयन नभएको कर्मचारीहरुको कार्य विवरण तयार नगरेको, जस्ता व्यहोरा देखिएका छन्। प्रचलित ऐन नियमको पालना गरी आन्तरिक नियन्त्रण सुदृढ गर्नुपर्दछ।

२. **अख्तियारी** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३(२) बमोजिम १५ दिनभित्र अख्तियारी पठाउनुपर्ने व्यवस्था छ । यस डिभिजनमा कूल रु.५९,०३,४५,०००।- को अख्तियारी प्राप्त भएकोमा आषाढ महिनामा मात्र रु.१६,९६,२०,०००।- को अख्तियारी प्राप्त भएको देखियो । समयमा नै अख्तियारी पठाउनुपर्दछ।

३. **चौमासिक र आषाढ महिनाको खर्चको स्थिति** : वार्षिक बजेट तथा स्वीकृत कार्यक्रमका आधारमा चौमासिक लक्ष्य अनुसार खर्च गरी कार्यक्रम सञ्चालन गर्नुपर्दछ। कार्यालयको कूल पूँजीगत खर्च रु.४८,५२,४८,०००।- मध्ये तेश्रो चौमासिकमा रु,३८,५५,८२,०००।- र आषाढ महिनामा रु.२४,४५,७२,०००।- खर्च गरेको छ । बर्षान्तमा बढी खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्ने देखिन्छ।

४. **कण्टिन्जेन्सी खर्च** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १०(७) को अनुसूची-१ मा निर्माण कार्यको लागत अनुमान तयार गर्दा ५ प्रतिशतसम्म कण्टिन्जेन्सी वापत थप गर्ने व्यवस्था रहेको छ। सो अनुरुप निर्माण कार्यको लागत अनुमानको ५ प्रतिशतसम्म कण्टिन्जेन्सी खर्च गर्न सकिने मान्यता राखी कन्टिन्जेन्सी खर्च हुदै आएको छ। यो वर्ष रु.१ करोड ३१ लाख ९३ हजार कन्टिन्जेन्सी खर्च लेखेको पाइयो । सम्बन्धित योजनाहरुको कूल लागत अनुमानको ०.७७ प्रतिशत, यस वर्षको विनियोजनको २.२७ प्रतिशत र यस वर्षको कूल सार्वजनिक निर्माण खर्चको २.७१ प्रतिशत हुन आउँछ। खर्चलाई व्यवस्थित गर्न खर्च सम्बन्धी निर्देशिका तथा लगत इष्टिमेट तयार गरी कन्टिजेन्सी खर्च गर्नु गराउनु पर्दछ।

५. **लक्ष्य प्रगति** : कार्यालयले स्वीकृत वार्षिक कार्यक्रम तथा लक्ष्य अनुरुप प्रगति हासिल गर्नुपर्दछ । कार्यालयवाट प्राप्त वार्षिक प्रगति प्रतिवेदन अनुसार १० योजनाहरु सञ्चालन नै नभएको र २ योजनामा ४० प्रतिशतभन्दा न्यून प्रगति हासिल भएको देखियो । यसरी कार्यक्रम नै सञ्चालन नहुनु र न्यून प्रगति हुनुको कारण तथा समस्या पहिचान गरी निर्धारीत लक्ष्य अनुसार प्रगति हासिल गर्नेतर्फ ध्यान जानुपर्ने देखिन्छ ।

६. **बीमा** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११२ बमोजिम दश लाख रुपैयांभन्दा बढी मूल्यको निर्माण कार्य गर्दा बीमा गराउनुपर्ने, बीमा गराउँदा प्रतिस्थापन खर्चको १५ प्रतिशत रकम वा सम्झौतामा उल्लेखित भए वमोजिमको अतिरिक्त रकमको समेत बीमा गराउनुपर्ने उल्लेख छ । कार्यालयले यस वर्ष सञ्चालन गरेका अधिकांश सडक निर्माण कार्यको शुरुमा बीमा नगरी खरिद सम्झौता अवधिको अन्ततिर बीमा गर्ने, बीमा गराउँदा न्यून प्रतिस्थापन खर्चको बीमा गर्ने गरेको पाइयो । नियमावलीमा तोकिएअनुसार बीमा गराउनुपर्दछ ।

७. **अख्तियारी र कार्यक्रममा तालमेल** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २२ अनुसार जिल्ला स्तरीय आयोजना राष्ट्रिय योजना आयोगको नीतिभित्र रही सम्वन्धित मन्त्रालयका सचिवले र केन्द्रीय स्तरीय आयोजना राष्ट्रिय योजना आयोगले स्वीकृत गर्नुपर्ने र त्यस्तो कार्यक्रमलाई संसोधन गर्न आवश्यक ठानेमा संसोधन गर्नुपर्ने स्पष्ट कारण खोली तालुक मन्त्राललयको स्वीकृति लिई राष्ट्रिय योजना आयोगमा संसोधनको लागि पठाउनुपर्ने व्यवस्था छ । यस वर्ष वजेट खर्च गर्ने अख्तियारी प्राप्त भएका रणनैतिक सडक पुल निर्माण तथा पुल पुलेसा मर्मत संरक्षण, सम्भावित रणनीतिक सडक र क्षेत्रीय तथा पर्यटकीय महत्वका सडकहरुमा रु.४,३०,४०,०००।-कार्यक्रममा बजेट खर्च गर्ने अख्तियारी र स्वीकृत कार्यक्रममा तालमेल भएको देखिएन ।

८. **जग्गाधनी प्रमाण पूर्जाः-** सडकको विन्दुवाट दायां वायां १५।१५ मिटरमा पर्ने जग्गाको लगत कट्टा गरी डिभिजन सडक कार्यालयको नाममा जग्गाधनी प्रमाण पूर्जा प्राप्त गर्नुपर्दछ। यो वर्ष कार्यालयले मेची राजमार्ग चारआली च्यानेडाडा सडक खण्डको शान्तिनगर गा.वि.स. वडा नं.१(क) र ६(क) को सडक सीमाभित्र पर्ने सडकको विन्दुवाट १५।१५ मिटरको लगत कट्टा गर्ने कार्य गरेको भनी विभिन्न पटक कण्टिजेन्सीवाट रु.१,८९,५५०।- खर्च गरेको छ । नापी कार्यालयका कर्मचारीहरु समेतको टोलीबाट उक्त गा.वि.स.वा २८६ कित्ताहरुको लगत कट्टा गर्ने कार्य भइसकेको देखिन्छ । यसरी लगत कट्टा भइसकेका कित्ताहरुको जग्गा धनी प्रमाण पूर्जा प्राप्त गर्नुपर्दछ ।

९. **पेश्की कट्टी** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११३(५) अनुसार सार्वजनिक निकायले उपनियम (१) वमोजिम दिएको पेश्की खरिद सम्झौतामा उल्लेख भए वमोजिम कुल भुक्तानी गर्नुपर्ने रकमको ३० प्रतिशत भुक्तानी भएपछि प्रत्येक रनिङ्ग बिलबाट पेश्की कट्टा गर्नुपर्ने व्यवस्था रहेको छ । कार्यालयले ठे.नं.८०/२०७१।७२ का निर्माण व्यवसायीलाई सम्झौता रकम रु.२,६७,८९,८१०।- को ४५.१२ प्रतिशत रु.१,२०,८८,५५५।- भुक्तानी भएकोमा सम्झौता अनुसार रु.३९,२६,५६६।- पेश्की कट्टी गर्नुपर्नेमा दोश्रो बिलसम्ममा रु.१,९०,०००।- मात्र कट्टी गरेकोले रु.३७,३६,५६६।- पेश्की कट्टी नगरी निर्माण व्यवसायीलाई अनावश्यक सुविधा दिएको देखिन्छ ।

१०. **लागत अनुमान** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९(१) मा सार्वजनिक निकायले खरिदका लागि लागत अनुमान तयार गर्दा खरिद सम्झौता वमोजिमको काम सम्पन्न गर्नका लागि लाग्न सक्ने अधिकतम समय खुलाउनु पर्ने व्यवस्था छ । कार्यालयले निर्माण कार्यको लागत अनुमान तयार गर्दा निर्माण कार्य सम्पन्न गर्ने समयावधि किटान गर्ने गरेको छैन । यसले गर्दा अधिकांश निर्माण कार्य तोकिएको समयमा सम्पन्न हुन सकेका छैन, पटक पटक म्याद थप्नु पर्ने अवस्था रहेको छ । नियमावलीको व्यवस्था पालना हुनुपर्दछ ।

११. **मोविलाईजेशन पेश्की** : आर्थिक कार्यविधि नियमावली, २०६४ तथा खरिद सम्झौता वमोजिम मोविलाईजेशन पेश्की दिन सकिने व्यवस्था छ । यसरी पेश्की दिदा निर्माण व्यवसायी सम्वन्धित निर्माण स्थलमा परिचालित भएको हुनुपर्ने व्यवस्था भएतापनि कार्यस्थलमा परिचालित भएको प्रमाण बेगर मोविलाईजेशन पेश्की दिने गरेको देखियो । नियमावली तथा सम्झौतानुसार निर्माण व्यवसायी कार्य स्थलमा परिचालित भएपछि मात्र मोविलाईजेशन पेश्की दिनुपर्दछ ।

१२.. **सम्भाव्यता अध्ययन** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २२ मा आयोजना स्वीकृति गर्ने गराउने उपनियम (१) मा स्वीकृति आयोजना कार्यान्वयन गर्नको लागि विस्तृत सर्भेक्षण ड्रइङ डिजाईन लागत अनुमान र सो अनुसार वार्षिक कार्यक्रम निश्चित गरी सोही आधारमा कार्यक्रम सञ्चालन गर्नुपर्ने व्यवस्था छ । डिभिजनले यस वर्ष क्षेत्रीय तथा पर्यटकीय महत्वको सडकहरु २१ र अन्य शहरी सडकहरु ४१ गरी जम्मा ६२ सडकहरुमा क्रमश: रु.३ करोड १८ लाख ८ हजार र रु.२ करोड ३७ लाख ६८ हजार गरी जम्मा ५ करोड ५५ लाख ७६ हजारको सम्भाव्यता अध्ययन विस्तृत सर्वेक्षण बेगर सञ्चालन गरेको देखियो । नियमावली अनुसार कार्यक्रम सञ्चालन गरिनुपर्दछ ।

१३. **थप कार्य सम्पादन जमानत** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ६५ मा निर्माण कार्यको वोलपत्रको विशेष मूल्यांकन तथा उपदफा (१) को (ख) मा बोलपत्र दाताले विल अफ क्वान्टिटीमा संलग्न आइटमको लागि उल्लेख गरेको प्रतिइकाई दर विश्वसनीय भए वा नभएको र मूल्याङ्कन समितिले त्यस्तो बोलपत्रदातासंग दर विश्लेषण सहितको स्पष्टीकरण माग गर्नुपर्ने र त्यस्तो मागबाट समिति सन्तोष भएमा त्यस्ता बोलपत्र दातासंग कबोल अङ्कको ८ प्रतिशतले हुने रकम बराबरको थप कार्य सम्पादन जमानत लिई वोलपत्र दातालाई शिफारिस गर्ने र स्पष्टीकरण सन्तोषजनक नभएमा त्यस्तो वोलपत्र अस्विकृत गर्न सक्ने व्यवस्था छ । डिभिजनले विभिन्न ४ सडक योजनाहरुको २०.४७ देखि ३९.४७ प्रतिशत सम्मका घटी वोलपत्र दातासंग निर्माण कार्यको वोलपत्र स्वीकृति गर्दा उपर्युक्तानुसारको प्रक्रिया अवलम्वन गर्नुपर्नेमा डिभिजन सडक कार्यालयले निर्माण खरिद सम्झौता गर्दा दर विश्लेषण मागी वोलपत्र अङ्कको आठ प्रतिशतले हुने वरावरको थप कार्य सम्पादन जमानत लिएको देखिएन । यसबाट निर्माण व्यवसायीले फ्रन्ट लोडिङ गर्ने र समयमा नै कार्य सम्पन्न नगरी सडक योजनाहरु अधुरा रहेको अवस्था देखियो । नियममा भएको प्रक्रिया अवलम्वन गर्नुपर्दछ ।

१४. **पुल निर्माण** : यस वर्षको अन्तिमसम्ममा रु.१९,००,००,०००।- वजेट विनियोजन भई रु.१७,७०,३६,७६४।- निकासा तथा खर्च भएकोमा शुरु अख्तियारी रु.३,९०,००,०००/- को पटक पटक गरी २०७३।३।२१ मा १२,००,००,०००/- थप अख्तियारी प्राप्त गरेको देखियो । उपर्युक्तानुसार शुरु अख्तियारी रु.३,९०,००,०००।- को ४८७.१८ प्रतिशत बजेट थप भएको छ भने असार अन्तमा मात्र रु.१२,००,००,०००।- अर्थात् ६३.१५ प्रतिशतको अख्तियारी प्राप्त भएकोले ५ पुल आयोजनाको कार्यक्रम नै सञ्चालन नभएको र ६ पुल निर्माण कार्यको २ देखि ४३ प्रतिशतसम्म प्रगति भएको देखियो । यस सम्बन्धमा तालुक निकायको ध्यान जानुपर्दछ ।

१५. विभिन्न ४ सडक योजनाहरुमा ४ निर्माण व्यवसायीलाई खरिद सम्झौता अनुसार रु.१,४७,१४,०००।- आर्थिक वर्षको अन्तमा पेश्की दिएको देखियो । वर्षन्तमा पेश्की दिने यस्तो प्रवृत्तिमा नियन्त्रण गर्नु पर्दछ ।

१६. **म्याद थप** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ५९ मा निर्माण व्यवसायीले खरिद सम्झौता बमोजिम कार्य सम्पादन नगरेमा खरिद सम्झौता अन्त गर्न सक्ने व्यवस्था छ । डिभिजनमा भएका निर्माण खरिद सम्झौताहरु अधिकांश शुरु तोकिएको अवधिमा सम्पन्न भएका छैनन् । यसबाट कार्यमा भेरिएशन हुने, मूल्य वृद्धि भुक्तानी दिनुपर्ने सेवाग्राहीले समयमा नै सेवाको उपभोग गर्न नपाउने जस्ता समस्याहरु देखिएका छन । खरिद सम्झौताको समय कति अवधिसम्म

थप गर्न पाउने सीमा निर्धारण नभएको र कस्तो कस्तो अवस्था भएमा मात्र म्याद थप गर्न सकिने स्पष्ट कानूनी व्यवस्था नहुँदा डिभिजनमा निर्माण कार्यभन्दा पनि म्याद थपका प्रशासनिक कार्यले समय लिएको देखियो । अधिकांश योजनाहरु सम्पन्न हुन धेरै समय लागेको र कतिपय योजनाहरु अधुरै अवस्थामा रहेका देखियो ।

१७. **कोभहरा पुल** : उक्त पुल निर्माण कार्य २०६९।३।२३ मा सम्पन्न गर्ने गरी एक निर्माण व्यवसायीसंग रु.२६,२५,३४२।- को सम्झौता २०६७।३।२२ मा भएकोमा अन्तिम पटक २०७३।२।२२ सम्मको लागि म्याद थप भए तापनि निर्माण कार्यको भौतिक प्रगति ८५.८१ प्रतिशत भएको तथा रु.१,८१,०४,७६६।- भुक्तानी भएको छ । यस कार्यको पहिलो पटक २०७१।३।२५ सम्म र दोश्रो पटक २०७२।८।२४ सम्म थपिएको म्यादभित्र कार्य सम्पन्न नभएमा पूर्व निर्धारित क्षतिपूर्ति लगाउने गरी म्याद थप स्वीकृत भएको देखिन्छ। सडक विभागका महानिर्देशकको संयोजकत्वमा २०७२।११।२ को समितिले साविकमा म्याद थप गरिएका आयोजनाहरुको हकमा महा-भूकम्प र असहज आर्थिक अवस्थाका कारण क्रमशः २ र ५ महिना आयोजना प्रमुख वा डिभिजन प्रमुखवाट स्पष्ट कानून खुलाई आएमा खरिद सम्झौताको म्याद थप गर्ने निर्णय गरे वमोजिम पुन २०७३।२।३२ सम्म थप भएको र म्यादभित्र कार्य सम्पन्न नभए क्षतिपूर्ति लिई कार्य सम्पन्न गर्ने गरी २०७३।२।३२ मा महानिर्देशकबाट निर्णय भएको छ । यसरी विभागबाट आफैले गरेको पूर्व निर्णय विपरीत पूर्व निर्धारित क्षतिपूर्ति नलिई पटक पटक म्याद थप गरेको औचित्यपूर्ण देखिएन ।

१८. **निन्द्रा खोला पुल** : उक्त पुल २०७०।११।४ सम्ममा निर्माण सम्पन्न गर्ने गरी एक निर्माण व्यवसायीसंग २०६८।११।५ मा रु.३,१४,५८,०९३।- को खरिद सम्झौता भएकोमा डिभिजन प्रमुखबाट २०७१।५।४ सम्म दोश्रो पटक २०७२।३।२५ सम्मको लागि म्याद थप भएको छ । सडक विभागका महानिर्देशकको संयोजकत्वमा २०७२।११।२ मा गठित समितिले साविकमा म्याद थप गरिएका आयोजनाहरुको हकमा आयोजना प्रमुख वा डिभिजन प्रमुखको स्पष्ट शिफारीसको आधारमा महाभुकम्पका लागि २ महिना र आर्थिक अन्यौलता लागि ५ महिना गरी ७ महिनासम्म म्याद थप गर्न सक्ने व्यवस्था गरेको देखिन्छ । यस वर्षको रु.१०,२९१६२७- समेत रु.३,२०,०१,३०६।- भुक्तानी भएको छ । सार्वजनिक खरिद नियमावली, खरिद सम्झौता वमोजिम पूर्व निर्धारित क्षतिपूर्ति लिने व्यवस्था भएकोमा सम्झौता रकम रु.३,१४,५८,०९३।- को २०७२।३।२६ देखि २०७२।४।५ मसान्त सम्मको रु.२,५१,६६५।- निर्धारित क्षतिपूर्ति लिई रु.३,७४,८७,७९०।- को लागत अनुमानको रु.२,७४,४८,५७८।- मा (मूल्य अभिवृद्धि कर बाहेकको) सम्पन्न भएको छ ।

१९. **कार्य अधुरो** : गौरादह वैगुनधुरा कोरोमरी सडक कालोपत्रे सडकको खरिद सम्झौताको म्याद वन्द हडताल, नाकावन्दी आदिको कारण जनाई पहिलो पटक ६ महिना थप गरी सकेपछि कार्य सम्पन्न नभएको साथै कुनै कारवाही पनि नभएको अवस्था देखियो । तसर्थ नियमावलीमा उल्लेख भएवमोजिम २०७३ आषाढ मसान्तसम्म अवधिको सम्झौता रकमको ०.०५ प्रतिशतका दरले हुने पूर्वनिर्धारित क्षतिपूर्ति रु.४९,९६२।-असुल गर्नुपर्दछ ।

२० **पेश्की मिलान** : खरिद सम्झौता नं.८२ मा एक निर्माण सेवालाई देउनिया, दुलारीचोक वुधवारे पुल्चोक, भोक्से सडक निर्माणको लागि २०७१।७२ को मोविलाइजेशन पेश्की रु.२०,८१,०००।- भुक्तानी भएकोमा यस आयोजनाको रनिङ्ग बिलबाट कट्टी भएको रु.४,००,०००।- गत आ.व.को पेश्की फछ्र्यौटमा देखाउनु पर्नेमा २०७२।७३ को पेश्कीमा कट्टी गर्नाले चालु २०७२।७३ मा एक निर्माण सेवाको नाममा कायम भएको पेश्की बाँकीमा रु.४,००,०००।- घटी हुने र निजको विगतको पेश्की फछ्र्यौट भएभन्दा रु.४,००,०००।- बढी नै देखिने हुँदा उक्त विगत र यस वर्षको पेश्की हिसाब मिलान गर्नुपर्दछ ।

२१ **कर विजक बेगर भुक्तानी** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(३) अनुसार नियमावली बमोजिम खर्च गर्दा खर्चको विल भपाई सहित लेखा राख्नुपर्ने व्यवस्था रहेको छ ।

कार्यालयले २ निर्माण व्यवसायीलाई बीमा वापत रु.५,४७,४९२/- भुक्तानी दिँदा कर विजक वेगरनै भुक्तानी दिइएको पाइएकोले कर विजकको प्रमाण पेश गर्नुपर्दछ ।

२२. **बढी भुक्तानी :** एक निर्माण व्यवसायीसंग सम्झौता गर्दा खरिद अंकमा १५ प्रतिशत घटीमा सडक निर्माण कार्य गर्ने सम्झौता गरेको देखिन्छ । ठेक्का सम्झौतामा उल्लेख भए अनुसार विमा वापतको भुक्तानी रकम रु.१,२७,५००।- मा १५ प्रतिशतले हुने रु.१९,१२५।- कट्टी गरी रु.१,०८,३७५।- भुक्तानी हुनुपर्नेमा वढी भुक्तानी भएको रकम रु.१९,१२५/- असुल गरी दाखिला गर्नुपर्ने गर्नुपर्दछ ।

२३. **बीमा :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११२(१) मा निर्माण व्यवसायीलाई निर्माण स्थल सुम्पीएको मिति देखि हस्तान्तरण प्रमाण पत्र जारी गरिने मितिसम्म विमा गराउनुपर्ने व्यवस्था रहेको छ । डिभिजनले देवनीया हुलाकीचोक वुधवारे पुल्चोक भोक्से सडक र मेची नगरपालिकाको राधास्वामी भवन धुलावारी सडक निर्माण कार्यको लागि निर्माण कार्यको म्याद थपको अवधिमा बीमा गरेको देखियो । यसरी नियम विपरीत भुक्तानी भएको रु.१,४६,१८२/- असुल हुनुपर्दछ ।

२४. **कार्य सम्पादन जमानत :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११०(४) मा कार्य सम्पादन जमानतको मान्य अवधि खरिद सम्झौतामा उल्लेखित मालसामान आपूर्ति गर्नुपर्ने अवधी वा निर्माण कार्यको त्रुटी सच्याउने दायित्व अवधि भन्दा कम्तीमा एक महिना वढी अवधीको हुनुपर्ने व्यवस्था रहेको छ । खरिद सम्झौता नं.८० को सडक निर्माणका निर्माण व्यवसायीले कार्य सम्पादन जमानतको म्याद २०७४।७।३० सम्म हुनुपर्नेमा २०७४।४।१ सम्म म्याद भएको जमानत पेश भएकोले कार्य सम्पादन जमानतको म्याद थप हुनुपर्दछ ।

२५. **कर विजक :** मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम १७(१) मा दर्ता भएको व्यक्तिले वस्तु वा सेवा आपूर्ति गर्दा अनुसूची-५ बमोजिमको ढाँचामा कर विजक दिनुपर्ने व्यवस्था छ । एक निर्माण व्यवसायीले पेश गरेको रु.१०,८८,७४३।- को वीजक पुनर्लेखन भएकोले मूल्य अभिवृद्धि कर बापत भुक्तानी भएको रु.१,२३,२५४।- समायोजन गरेको प्रमाण पेश गर्नुपर्दछ ।

२६. **पेश्की बाँकी :** आर्थिक बर्षको अन्त्यमा ५ निर्माण व्यवसायीसंग रु.५,९०,४०,०००/- पेश्की बाँकी रहेकोले सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११३ अनुसार फछ्र्यौट गर्नुपर्दछ ।

## डिभिजन सहकारी कार्यालय

१ **आन्तरिक नियन्त्रण प्रणाली :** कार्यालयले प्रचलित ऐन नियमको पालना गरी आन्तरिक नियन्त्रण व्यवस्था भरपर्दो र प्रभावकारी बनाउनुपर्दछ । आन्तरिक नियन्त्रण व्यवस्थाको मूल्याङ्कन गर्दा कर्मचारीहरुको कार्य विवरण तयार नगरेको, तेस्रो चौमासिकमा भवन निर्माणको सम्झौता गरेको जस्ता व्यहोरा देखिएका छन् । प्रचलित ऐन नियमको पालना गरी आन्तरिक नियन्त्रण सुदृढ गर्नुपर्दछ ।

२. **अनुगमन मूल्याङ्कन :** कार्यालयबाट प्रकाशित वार्षिक प्रगति विवरण अनुसार कार्यक्षेत्रभित्र दर्ता, एकीकरण र खारेज भई ८७४ सहकारी संस्था कायम रहेको उल्लेख छ । कार्यालयले अनुगमनलाई प्रभावकारी वनाई सञ्चालन हुन नसकेका वा नगरेका सहकारीहरुलाई आवश्यक कारवाही गरी संचालनमा रहेका संस्थालाई सुविधा र सुरक्षा प्रदान गर्नुपर्दछ ।

३. **सहकारी संस्था गतिविधि :** यस कार्यालय अन्तर्गत दर्ता भई हालसम्म कायम रहेका ८७४ सहकारी संस्थाहरुले २,७१६ (प्रतिसहकारी संस्था ३.११ जना) जनालाई रोजगारी प्रदान गरेको देखिन्छ । प्रत्येक सहकारी संस्था नाफामा रहेको र प्रतिसहकारी संस्थाले औषतमा रु.५,४७,९४४।- का दरले कूल रु.४७,८९,०३,५१५।- नाफा गरेको देखिन्छ । ती संस्थाले रु.१३,४७,०६,१४,२२६।- लगानी गरेको उल्लेख छ । सहकारी संस्थाले गरेको लगानीको अनुगमन गरी वचत कर्ताको लगानीलाई सुरक्षित गर्नुपर्दछ ।

४. **लेखापरीक्षण र नविकरण** : यो वर्ष कायम रहेको ८७४ मध्ये ६१५ सहकारी संस्थाले मात्र लेखापरीक्षण प्रतिवेदन तथा अन्य विवरण पेश गरेको र ३३९ संस्थाले लेखापरीक्षण प्रतिवेदन सहित विवरण पेश गरेका छैनन् । अतः लेखापरीक्षण प्रतिवेदन र विवरण पेश नगर्ने सहकारी संस्था उपर सहकारी ऐन र नियमावली अनुसार कारबाही गर्नुपर्दछ ।

५. **सञ्चालक फरार** : कार्यालयमा दर्ता भएका सहकारी संस्थामध्ये ३ सहकारी संस्थाका सञ्चालक फरार रहेकोमा उनीहरु विरुद्ध अदालतमा कारबाही भइरहेको भनी गत वर्ष औंल्याइएकोमा स्थिति यथावत छ । यथाशीघ्र कारबाही टुग्याउनु पर्दछ ।

६. **अग्रिम कर** : आयकर ऐन, २०५८ को दफा ८८(१) मा भत्ता बापतको भुक्तानीमा १५ प्रतिशतले अग्रिम कर कट्टा गर्ने व्यवस्था गरेको छ । विभिन्न ३ व्यक्तिलाई प्रतिवेदन भत्ता भुक्तानी गर्दा कर कट्टी गरेको नदेखिएकोले १५ प्रतिशतले हुने रु.४,२००।- असुल गर्नुपर्दछ ।

७. **पेश्की बाँकी** : भवन निर्माण कार्यका निर्माण व्यवसायीलाई मोविलाइजेशन पेश्की रु.३२,२०,४९६।- वाँकी रहेकोले आर्थिक कार्यविधि नियमावली, २०६४ अनुसार फछ्र्यौट हुनुपर्दछ ।

८. **धरौटी** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ६७ अनुसार प्रयोजन वाँकी रहेका वाहेक अन्य धरौटी रकम राजस्वमा आम्दानी बाँध्नु पर्दछ । कार्यालयमा २०६७।६८ देखि ठेगाना नखुलेका २ जनाको नाममा रहेको धरौटी रु.५०,०००।- सदरस्याहा गर्नुपर्दछ ।

## नापी कार्यालय, चन्द्रगढी

१ **आन्तरिक नियन्त्रण** : बिभिन्न ऐन नियम एवं र्कायबिधिमा उल्लेख भएका कार्यालयको कामसंग सम्बन्धित आन्तरिक नियन्त्रणको व्यबस्थाको कार्यान्वयन गर्नुपर्दछ । कार्यालयको आन्तरिक नियन्त्रण प्रणालीको मूल्याङ्कन गर्दा जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भएबमोजिम पुराना सामानको मर्मत संभार र लिलाम बिक्री कार्य नभएको, मूल्य नखुलेका पुराना सामानको मूल्य कायम गराई नराखेको, तालुक कार्यालयले निरीक्षण नगरेको, वार्षिक प्रतिवेदन तयार नगरेको जस्ता व्यहोराहरु देखिएकाले यसमा सुधार गरी आन्तरिक नियन्त्रण प्रणालीलाईं प्रभावकारी बनाउनु पर्नेदेखिन्छ ।

२ कार्यालयको भवन निर्माणको लागि २०७२।५।२० मा रु.२,३२,८९,८२१।- को सम्झौता भई कार्य भइरहेको देखियो । उक्त कार्य २०७३।९।११ मा सम्पन गर्नुपर्नेमा सम्पन्न नभएकोले कार्य सम्पन्न गराउन कर्यालयले ध्यान दिनुपर्ने देखिन्छ ।

३ एक निर्माण व्यावसायीलाई दिएको मोविलाईजेसन पेश्की रु.२३ लाख ३० हजार फछ्र्यौट नभएकोले नियमानुसार असुल फछ्र्यौट गर्नुपर्दछ ।

## नापी कार्यालय, दमक

१ **आन्तरिक नियन्त्रण** : बिभिन्न ऐन नियम एवं र्कायबिधिमा उल्लेख भएका कार्यालयको कामसंग सम्बन्धित आन्तरिक नियन्त्रणको व्यबस्थाको कार्यान्वयन गर्नुपर्दछ । कार्यालयको आन्तरिक नियन्त्रण प्रणालीको मूल्याङ्कन गर्दा जिन्सी निरीक्षण गरी प्रतिवेदन तयार गरेकोमा प्रतिवेदनमा उल्लेख भएबमोजिम पुराना सामानको मर्मत संभार र लिलाम बिक्री कार्य नभएको, मूल्य नखुलेका पुराना सामानको मूल्य कायम गराई नराखेको, तालुक कार्यालयले निरीक्षण नगरेको, प्रतिवेदन तयार नगरेको जस्ता व्यहोराहरु देखिएकाले यसमा सुधार गरी आन्तरिक नियन्त्रण प्रणालीलाईं प्रभावकारी बनाउनु पर्नेदेखिन्छ ।

## पर्यटन कार्यालय

१ **आन्तरिक नियन्त्रण प्रणाली** : कार्यालयले प्रचलित ऐन नियमको पालना गरि आन्तरिक नियन्त्रण व्यवस्था भरपर्दो र प्रभावकारी बनाउनुपर्दछ । आन्तरिक नियन्त्रण व्यवस्थाको मूल्याङ्कन गर्दा जिन्सी निरीक्षण प्रतिवेदनमा लिलाम, मर्मत र मिन्हा गर्नुपर्ने तथा मूल्य खुलाउनुपर्नेमा व्यहोराको

कार्यान्वयन नभएको २ पदको पदपूर्ति नभएको भ्रमण अभिलेख नराखि दैनिक भ्रमण भत्ता खर्च लेखेको खरिद योजना नवनाएको, आम्दानीको यकिन नभएको जस्ता व्यहोरा देखिएका छन् । प्रचलित ऐन नियमको पालना गरी आन्तरिक नियन्त्रण सुदृढ गर्नुपर्दछ ।

२. **लक्ष्य प्रगति** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २०(२) र २५ को अनुसूची-२ बमोजिम राष्ट्रिय योजना आयोगले तोकेको ढाँचामा भौतिक एवं वित्तिय प्रगति देखिने गरी वार्षिक लक्ष्य प्रगति विवरण तयार गर्नुपर्नेमा सो तयार गरेको नदेखिएकोले आर्थिक विवरणमा देखाइएको खर्चवाट कुन कुन आयोजनामा के कति भौतिक प्रगति हांसिल भयो सो यकिन गर्न सकिएन । चान्दु सिमसार क्षेत्र पर्यटन पूर्वाधार महारानी गा.वि.स. ३ झापा र टावर निर्माण लाली गुराँस तिनजुरे तेह्रथुमको कार्यक्रम नै सञ्चालन भएको देखिएन ।

३. **अख्तियारी** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३२(१) अनुसार सम्बन्धित मन्त्रालयको सचिवले आर्थिक वर्ष शुरु भएको १५ दिनभित्र अख्तियारी पठाउनुपर्ने व्यवस्था छ । कार्यालयवाट प्राप्त विवरण अनुसार रु.१०,००,०००।- को अख्तियारी बर्षान्तमा प्राप्त भएकोले समयमा अख्तियारी पठाउन तालुक निकायले ध्यान दिनुपर्दछ ।

४. **चौमासिक र आषाढ महिनाको खर्चको स्थिति** : कार्यालयले वार्षिक बजेट तथा स्वीकृत कार्यक्रमका आधारमा चौमासिक लक्ष्य अनुसार खर्च गरी कार्यक्रम सञ्चालन गर्नुपर्दछ । कार्यालयको कूल पूँजीगत खर्च रु.६,१५,०९,६७६/- मध्ये तेश्रो चौमासिकमा रु.५,१६,१५,७०६/- र आषाढ महिनामा ४८.१७ प्रतिशत खर्च गरेको छ । बर्षान्तमा बढी खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्ने देखिन्छ ।

५. **व्यवसाय दर्ता** : पर्यटन ऐन २०५३ को दफा १० मा कुनै व्यक्तिले आफ्नो होटल, लज, रेष्टुराँ, रिसोर्ट तथा बारलाई पर्यटक स्तरमा दर्ता गर्न चाहेमा स्तर निर्धारण गरी दर्ता गर्नुपर्ने व्यवस्था छ । कार्यालयवाट पेश भएको विवरण अनुसार होमस्टे १२, स्तर वर्गीकरण गरिएका २२ र ईजाजत पत्र प्रदान गरिएका ट्राभल एजेन्सी ६४ रहेको देखिन्छ । ठूलो क्षेत्र रहेको यस कार्यालयमा दर्ता भएका, स्तरीकरण गरिएका र ईजाजत पत्र प्रदान गरिएका होटल, होमस्टे र ट्राभल एजेन्सी दर्ता संख्या न्यून देखिएकोले अनुगमन निरीक्षण गरी दर्ताको दायरामा ल्याउनु पर्दछ ।

६. **ट्राभल एण्ड ट्रेकिङ्ग एजेन्सी** : पर्यटन ऐन, २०३५ दफा ३ बमोजिम ६४ वटा ट्राभल एजेन्सी दर्ता भएको देखिएको छ । ऐनमा नवीकरण गराउने, म्याद समाप्त भएको अवस्थामा स्वतः खारेज हुने व्यवस्था भएकोमा नवीकरण नभएका ट्राभल एजेन्सीहरु सञ्चालनमा छन् छैनन् अनुगमन गरी कारबाही गर्नुपर्दछ ।

७. **कन्टिजेन्सी खर्च** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १०(७) मा निर्माण कार्यको लागत अनुमान अनुसूची-१ को ढाँचामा तयार गरी ५ प्रतिशत कन्टीजेन्सी खर्च समावेश गर्ने व्यवस्था छ । यो वर्ष २ वटा पूँजीगत शीर्षकबाट रु.२६,९२,१४४।- कन्टिन्जेन्सी खर्च भएको देखिन्छ । कन्टिजेन्सी खर्च ५ प्रतिशतमध्ये २ प्रतिशत पूँजीगत कार्यमा खर्च गर्नुपर्ने व्यवस्था रहेकोमा कार्यालयले रु.१८,२६,७४२।- पूँजीगत कार्यमा र रु.८,६५,४०२।- प्रशासनिक कार्यमा खर्च गरेको देखिन्छ ।

८. **उपभोक्ता समितिलाई पेश्की** : उपभोक्ता समूहसंग सम्झौता गर्दा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(१३) मा व्यवस्था भए अनुसार आफूले प्राप्त गरेको कुनै रकम दुरुपयोग गरेको पाइएमा त्यस्तो रकम उपभोक्ता समितिका पदाधिकारीहरुवाट दामासाहीले सरकारी बाँकी सरह असुल उपर गरिने व्यवस्था भएकोमा कतिपय अधुरा योजनाहरुमा पेश्की रकम लिएर काम नगरी म्याद गुजारेर वसेका उपभोक्ता समितिहरुलाई समेत कार्यवाही अगाडी वढाएको देखिएन । म्याद सकिएर काम सम्पन्न नभएका र कामै नगरी म्याद सकिएका उपभोक्ता समूहहरुलाई निर्धारित मितिमा कार्य सम्पन्न गराउन आवश्यक कारवाही गर्नुपर्ने देखिन्छ ।

९. **कार्य सम्पन्न प्रतिवेदन** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२५ र पर्यटन वोर्डको खर्चको निर्देशिकाले कार्तिक मसान्तसम्ममा कार्य सम्पन्न गर्नुपर्ने व्यवस्था गरेकोमा कार्यालयले सो अनुसार खरिद सम्झौताबमोजिम निर्माण कार्य सम्पन्न गरेको देखिएन । तसर्थ यस वर्ष उपभोक्ता समितिलाई विभिन्न ८ कार्यक्रमको भुक्तानी दिईएकोमा उक्त कार्यक्रमहरुको रु.३७,४५,७२४।- को कार्य सम्पन्न प्रतिवेदन पेश हुनुपर्दछ ।

१०. **बढी भुक्तानी** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ५७ मा सार्वजनिक निकायले विल विजकको भुक्तानी खरिद सम्झौताको अधिनमा रही तोकिए वमोजिम दिने व्यवस्था रहेको छ । कार्यालयले एक कन्स्ट्रक्सनसंग किरात चुम्लीङ्गमा २ कोठे सार्वजनिक शौचालय निर्माणका लागि सम्झौता अनुसार रु.४,७५,२४७- भुक्तानी हुनुपर्नेमा रु.४,८२,७०७।३७ भुक्तानी भएकोले बढी भुक्तानी भएको रु.७,४६०।३७ निर्माण व्यवसायीबाट असुल गर्नुपर्दछ ।

११. **पेश्की फछ्र्यौट** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(१३) मा उपभोक्ता समिति वा लाभग्राही समूहबाट काम गराउने कार्यविधिको व्यवस्था गरेको छ। उपभोक्ता समितिसंग सोही वर्ष कार्यसम्पन्न गर्ने गरी सम्झौता भएको छ । कार्य सम्पन्न गर्ने गरी ६ उपभोक्ता समितिलाई दिएको पेश्की रु.१५,६२,०००/- बाँकी नै रहेकोले कार्य सम्पन्न गराई पेश्की फछ्र्यौट गर्नुपर्दछ ।

१२. **अग्रिम कर** : आयकर ऐन, २०५८ को दफा ८९(१) अनुसार वासिन्दा व्यक्तिले ठेक्का वा करार वापत पचास हजार रुपैयाभन्दा बढीको रकम भुक्तानीमा १.५ प्रतिशतले अग्रिम कर कट्टी गर्ने व्यवस्था रहेको छ । कार्यालयले एक व्यवसायीवाट सोलार प्यानल खरिद गरी रु.२,८३,५००।- भुक्तानी दिएकोमा कर कट्टी नगरेकोले १.५ प्रतिशतले हुने रु.४,२५२।- असुल गरी दाखिला गर्नुपर्दछ ।

१३. **बढी भुक्तानी** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १४८ मा जिल्ला दररेट निर्धारण समितिले तय गरेको निर्माण सामग्री र ढुवानीको दररेट अनुसार कार्य गर्ने गराउने व्यवस्था रहेको छ । कार्यालयले कम्पाउण्ड वालको कार्य गराउँदा अदक्ष कामदार १८ र दक्ष कामदार ८ को जिल्ला दररेटभन्दा वढी भुक्तानी भएको रु.१,७००/- असुल गर्नुपर्दछ ।

१४. **बिल भरपाईभन्दा बढी भुक्तानी** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ (३) मा यस नियमावली बमोजिम खर्च गर्दा खर्चको विल भपाई सहितको लेखा राख्ने व्यवस्था रहेको छ । कार्यालयले होमस्टे अनुगमन कार्यक्रममा रु.१,००,०००।- खर्च लेखेकोमा बिल भरपाई बेगर रु.५,०९५।- खर्च लेखेकोले उक्त रकम असुल गर्नुपर्दछ ।

## पूर्वाञ्चल क्षेत्रीय सडक निर्देशनालय

१. सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११३ अनुसार इन्धन वापत एक कर्मचारीले लिएको पेश्की रु.४०,०००।- फछ्र्यौट नभएकोले नियमानुसार फछ्र्यौट हुनुपर्दछ ।

## व्यावसायिक तथा सिप विकास तालिम केन्द्र

१ **आन्तरिक नियन्त्रण** : बिभिन्न ऐन नियम एवं कार्यबिधिमा उल्लेख भएका कार्यालयको कामसंग सम्बन्धित आन्तरिक नियन्त्रणको व्यबस्थाको कार्यान्वयन गर्नु पर्दछ। कार्यालयमा पुराना सामानको मर्मत संभार र लिलाम बिक्री कार्य नगरेको, मूल्य नखुलेका पुराना सामानको मूल्य कायम गराई नराखेको, खर्च भएका सबै बिल भरपाईहरुमा सिलसिलेवार नम्बर राखी अधिकार प्राप्त अधिकारीबाट प्रमाणीत गरी भुक्तानीको छाप लगाई नराखेको, अनुगमन संयन्त्र तर्जुमा नगरेको,सुशासन तालुक कार्यालयले निरीक्षण नगरेको, वार्षिक प्रतिवेदन तयार नगरेको, कर्मचारीलाई ऐनले तोके बमोजिमको कार्य विवरण बनाइ लागु नगरेको जस्ता व्यहोराहरु देखिएकाले यसमा सुधार गरी आन्तरिक नियन्त्रण प्रणालीलाई सुदृढ बनाउनु पर्दछ ।

२ **कार्यक्रम तथा प्रगति** : विभिन्न सिपमूलक र वैदेशिक एवं युवा स्वरोजगार तालिम प्रदान गर्ने कार्यक्रममध्ये वेल्डिङ तालिममा रु.१ लाख २० हजारको लागतमा ३० जनालाई तालिम दिनुपर्नेमा १४ जनालाई तालिम दिएको देखियो । कार्यक्रम अनुसार १४ जनालाई तालिम दिन रु.५६ हजार खर्च लाग्नेमा रु.१ लाख २० हजार खर्च लेखेकोले बढी खर्च लेखेको रु.६४ हजार अनियमित देखिएको छ ।

## मालपोत कार्यालय, चन्द्रगढी

१ **आन्तरिक नियन्त्रण** : बिभिन्न ऐन नियम एवं कार्यबिधिमा उल्लेख भएका कार्यालयको कामसंग सम्बन्धित आन्तरिक नियन्त्रणको व्यवस्थाको कार्यान्वयन गर्नुपर्दछ । कार्यालयमा पूराना सामानको मर्मत सम्भार र लिलाम बिक्री कार्य नभएको, मूल्य नखुलेका पुराना सामानको मूल्य कायम गराई नराखेको, खरिदको गुरुयोजना तथा बार्षिक खरिद योजना तयार नगरेको, चौमासिक रुपमा वार्षिक कार्यक्रम स्वीकृत गरी सोहीबमोजिम खर्च हुने नगरेको, खर्च भएका बिल भरपाईहरुमा सिलसिलेवार नम्बर राखी अधिकार प्राप्त अधिकारीबाट प्रमाणीत गरी भुक्तानी जनाउने छाप लगाई नराखेको, अनुगमन संयन्त्र तर्जुमा नगरेको, जग्गाको मूल्याङ्कन दर समय सापेक्ष नगरेको, कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान नगरेको, कर्मचारीलाई ऐनले तोके बमोजिमको कार्य विवरण बनाई लागू नगरेको जस्ता व्यहोरा देखिएकाले यसमा सुधार गरी आन्तरिक नियन्त्रण प्रणालीलाई सुदृढ बनाउनु पर्दछ ।

२ आयकर ऐन, २०५८ अनुसारको रु.३० लाखभन्दा बढीको कारोबारमा पूँजीगत लाभ कर असुल गर्नुपर्दछ । रजिष्ट्रेशन नम्बर २२२(२१) मिति २०७२।८।८ बाट एक ब्यक्तिको रु.६६ लाख ६७ हजारको जग्गा एक ब्यक्तिलाई हक छाडी दिएको देखियो । निजले रसीद नम्बर ५१०७(ग) मिति २०७२।१०।२१ लगायतबाट आयकर ऐन, २०५८ अनुसारको रु.३० लाखभन्दा बढीको कारोबार गरी लाभकर समेत तिरिसकेकोले बांकी कारोबारको लाभकर यकिन गरी रु.३ लाख ३३ हजार असुल गर्नुपर्दछ ।

३ एक निजी अस्पताले अनारमनी-७ को १०३७.५५ वर्गमिटर जग्गा रु.३१ लाख १५ हजारमा एक ब्यक्तिलाई बिक्री गरेको देखियो । सोही जग्गामध्ये आधा जग्गा २०७३।३।३० मा रजिष्ट्रेशन नम्बर १०५६२ बाट रु.२ करोड २० लाखमा बिक्री गरेको देखियो । जग्गाको हैसियत एउटै भएको छोटो अवधिमा दुई पटक बिक्री हुँदा पहिलो जग्गाको बिक्री अविश्वनीय रुपमा कम देखिएकोले २०७२।७३ को न्यूनतम मूल्याङ्कन पुस्तिकाको निर्णय नं. घ बमोजिम घरबाटोको कम थैली राखी घटी मूल्याङ्कन भएमा छानबिन गरी पुनः असुल उपर गर्ने व्यवस्था अनुसार पहिलो लिखतबाट न्यूनतम थैली कायम रु.१ करोड ४ लाख ४२ हजारको रजिष्ट्रेशन दस्तुर रु.४ लाख १८ हजार असुल हुनुपर्ने र न्यूनतम थैलीबाट आयकर समेत छली हुने हुँदा सो कारोबारको जानकारी समेत आन्तरिक राजस्व कार्यालयलाई दिनुपर्दछ ।

४ रजिष्ट्रेशन नम्बर १७७७।७१।२।०१ बाट एक ब्यक्तिले पाराखोपी-६ को १५ कट्ठा जग्गा रु.२५ लाखमा बिक्री गरेको देखियो । निजले सोही आर्थिक वर्षमा रजिष्ट्रेशन नम्बर ६४९७।०७२।१२।१२, ६४९८।०७२।१२।१२, ६४९९।०७२।१२।१२ लगायतबाट आयकर ऐन, २०५८ को दफा ९५ बमोजिम लाभकर तिरेकोले यसमा पनि दफा २५ बमोजिम लाग्ने ५ प्रतिशत पूँजीगत लाभ कर रु.१ लाख २५ हजार असुल गर्नुपर्दछ ।

५ रजिष्ट्रेशन नम्बर ९६५४ मिति २०७३।३।२२ बाट घर जग्गाको कारोबार गर्ने एक निजी कम्पनीले रु.२९ लाख ५० हजारमा ज्यामिरगढी-९ को ४-१९-१९ क्षेत्रफल जग्गा एक ब्यक्तिलाई बिक्री गरेको देखियो । उक्त बिक्रीकर्ताले उक्त जग्गामा बाटो नभएको भनी गाविसबाट सिफारिस पत्र

पेश गरेको देखियो । निजको उद्देश्यमा नै विकसित घडेरी बिक्री गर्ने उल्लेख भएकोमा उद्देश्य विपरीत बाटो विनाको घडेरी विक्री गरेको भनी विश्वास गर्ने आधार देखिदैंन । उक्त जग्गाको २०७२।७३ को न्यूनतम मूल्याङ्कन पुस्तिकाको सो गाविस वडा नं.-९ को घडेरीको लागि बाटो भएको जग्गाको न्यूनतम मूल्याङ्कन प्रति कट्ठा रु.१ लाख भएकोले सोको आधारमा उक्त जग्गाको न्यूनतम थैली रु.९९ लाख ९५ हजार कायम हुनुपर्ने देखिन्छ । न्यूनतम थैली कायम गर्दा घटी भएको रु.७० लाख ४५ हजारको रजिष्ट्रेशन दस्तुर ३ प्रतिशतले हुने रु.१ लाख ४१ हजार असुल गर्नुपर्दछ ।

६ रजिष्ट्रेशन नम्बर १४७ क मिति २०७२ श्रावणबाट मेचीनगर-२ (क) एक ब्यक्तिले २६३३.७६ वर्ग मिटर जग्गा एक ब्यक्तिलाई बिक्री गरेको देखियो । सोही जग्गा रजिष्ट्रेशन नम्बर ३९६ मिति २०७३।४।२६ बाट रु.८० लाखमा पुन: बिक्री भएको देखिन्छ । उक्त जग्गा २०७१।११।२७ को नगरपालिकाको पत्रानुसार बाटो नभएको भनी पेश भएको आधारमा लिखत पारित भएको देखियो । कार्यालयलको न्यूनतम पुस्तिकाको निर्णयमा कारोवार हुनुभन्दा ३५ दिन अगाडीसम्मको पत्रलाई आधार लिई लिखत पारित गर्नुपर्ने उल्लेख भएकोमा सो व्यवस्था कार्यान्वयन भएको देखिएन । वास्तविक उठ्नु पर्ने राजस्व यकिन गर्ने आधार नदेखिएकोले थप छानबिन गरी छुट राजस्व असुल गर्नुपर्दछ ।

७ दुईवटा रजिष्ट्रेशन लिखतमा गाविस सिफारिसमा घर भनी उल्लेख भए तापनि बाटो नभएको भनी सिफारिस भएको आधारमा सोही व्यहोरालाई आधारमानी न्यूनतम थैलीमा रजिष्ट्रेशन पारित गरेको देखिंदा घर भएको स्थानमा बाटो हुने हुँदा स्थानीय निकायका सिफारिस र सो आधारमा पारित लिखतबाट उठ्नु पर्ने राजस्वमा विश्वस्त हुने आधार देखिएन । यस्तो कारोबार सम्बन्धमा थप छानविन हुनुपर्दछ ।

८ जग्गाको रजिष्ट्रेशन लिखत लगायत जग्गा प्रशासन सम्बन्धी कार्य गर्दा स्थानीय निकायबाट घर बाटो खुल्ने सिफारिस लिनुपर्ने व्यवस्था छ । उक्त व्यवस्थामा लिखत पारित हुने जग्गामा घर भए तोकिएको निकायले तोकिदिएको मूल्य राख्नुपर्ने व्यवस्था छ। कार्यालयबाट पारित अधिकांश लिखतमा स्थानीय निकायबाट घर निर्माण भएको लामो अवधि पछि बिक्री गर्दा पनि निर्माण लागत, वर्तमान मुल्यांकन र बिक्री मूल्य एकै कायम भएकोले विश्वस्त हुन सक्ने आधार देखिएन । यसबाट रजिष्ट्रेशन तथा पूँजीगत लाभकर छुट हुने देखिन्छ ।

## मालपोत कार्यालय, दमक

१ **आन्तरिक नियन्त्रण :** बिभिन्न ऐन नियम एवं कार्यबिधिमा उल्लेख भएका कार्यालयको कामसंग सम्बन्धित आन्तरिक नियन्त्रणको व्यबस्थाको कार्यान्वयन गर्नुपर्दछ । कार्यालयको नापी किताब व्यवस्थित नगरेको  पूराना सामानको मर्मत संभार र लिलाम बिक्री कार्य नभएको, मूल्य नखुलेका पूराना सामानको मूल्य कायम गराई नराखेको, जिन्सी खाता प्रमाणित र मूल्य खुलाई नराखेको, बार्षिक खरिद योजना तयार नगरेको, चौमासिक रुपमा वार्षिक कार्यक्रम स्वीकृत सोहीबमोजिम खर्च हुने नगरेको, खर्च भएका बिल भरपाईहरुमा भुक्तानी भएको जनाउने छाप लगाई नराखेको, नगरेको, सम्भावित जोखिमहरु पहिचान नगरेको, निर्माण कार्यको लागत इष्टिमेट, नापी किताव र कार्यसम्पन्न प्रतिवेदन आदिमा तयार पार्ने, पेश गर्ने, जाँच गर्ने र सदर गर्ने कर्मचारीको नाम, पद, छाप एवम् मिति उल्लेख गर्ने नगरेको, आधार सहित जग्गाको मूल्याङ्कन अद्यावधिक नगरेको, कर्मचारीलाई ऐनले तोके बमोजिमको कार्य विवरण बनाई लागू नगरेको, राजस्व आम्दानीको गोश्वारा भौचर खडा नगरेको जस्ता व्यहोरा देखिएकाले यसमा सुधार गरी आन्तरिक नियन्त्रण प्रणालीलाई सुदृढ बनाउनु पर्दछ ।

२ **निर्माण नक्सा :** एक निर्माण व्यवसायीले कार्यालय भवन निर्माण कार्य सम्पन्न गरिसकेपछि सम्झौताको दफा ५६.२ बमोजिम एजविल्ट ड्रइङ्ग पेश नगरेमा रु.५ लाख रोक्का राख्नुपर्ने व्यवस्था गरेको छ । उक्त भवन निर्माण भई हस्तान्तरण भइसकेकोमा एजविल्ट ड्रइङ्ग पेश नगरेकोले सो पेश गर्नुपर्ने अन्यथा रु.५ लाख असुल गर्नुपर्दछ ।

३ रजिष्ट्रेशन नम्बर १३२ ख मिति २०७२।४।१२ मा एक व्यक्तिले दमक नपा-४ को जग्गा एक व्यक्तिलाई रु.७० लाख ५० हजार र पुनः रु.२१ लाख ६० हजार समेत रु.९२ लाख १० हजार बिक्री गरेको देखियो । एक ब्यक्तिले उक्त जग्गा २०६७।३।३१ मा एक विकास बैंकबाट रु.१ करोड ५० लाखमा खरिद गरेको देखियो । मालपोत कार्यालयको न्यूनतम मूल्याङ्कन पुस्तिका, २०७२ अनुसार पहिलो कारोवार भएको रकम भन्दा न्यूनतम हुने गरी थैली कायम गर्न नपाउने व्यवस्था गरेकोमा रु.५७ लाख ९० हजार घटी हुने गरी थैली कायम गरेकोले नपुग रजिष्ट्रेशन दस्तुर रु.१ लाख ७३ हजार सम्बन्धितबाट असुल गर्नुपर्दछ ।

४ रजिष्ट्रेशन नम्बर १०० ख मिति २०७२।४।११ बाट एक विकास बैंकले दमक नपा-३ (क) को कित्ता नं.२५२९ को २-३-७१/२ घर जग्गा एक ब्यक्तिलाई रु.४० लाख ५० हजारमा बिक्री गरेको देखियो । उक्त जग्गा दमक नगरपालिकाको दमक चक्रपथसंग जोडिएको भनी सिफारिस पेश भएको छ । सो आधारमा जग्गाको न्यूनतम मूल्याङ्कन पुस्तिका प्रकरण च(१) अनुसार प्रतिकठ्ठा रु.१ लाख ५५ हजार न्यूनतम मूल्य कायम गरेको देखिन्छ । जस अनुसार सो जग्गाको न्यूनतम मूल्याङ्कन रु.६७ लाख २५ हजार हुनेमा रु.२७ लाख १८ हजार न्यून थैली कायम गरेकोले नपुग रजिष्ट्रेशन शुल्क रु.१ लाख ९ हजार असुल गर्नुपर्दछ ।

४.१ सोही जग्गा रजिष्ट्रेशन नम्बर १३९४ ख मिति २०७२।७।२९ बाट एक ब्यक्तिले उपरोक्त जग्गामध्ये १ विगाहा जग्गा एक व्यक्तिलाई रु.२९ लाख ९८ हजारमा बिक्री गरेको देखियो । न्यूनतम रु.१ लाख ५५ हजार प्रति कठ्ठाको आधारमा रु.३१ लाख थैली कायम हुनुपर्नेमा रु.२९ लाख ५० हजार थैली कायम गरी घटी थैली कायम रु.१ लाख ५० हजारको रजिष्ट्रेशन शुल्क रु.६ हजार तथा आयकर ऐन, २०५८ को दफा ९५ बमोजिम लाग्ने पूँजीगत लाभकर रु.१ लाख ५५ हजार समेत यकिन गरी रु.१ लाख ६१ हजार असुल गर्नुपर्दछ ।

५ रजिष्ट्रेशन नम्बर २२४८ ख मिति २०७२।९।२३ बाट दमक-५ को कित्ता नं.१४०८ को १-१० कठ्ठा जग्गा एक विल्डर्स एण्ड डेभलर्सले रु.३७ लाख ५० हजार थैली कायम गराई एक ब्यक्तिलाई विक्री गरेको देखियो । न्यूनतम मूल्याङ्कन पुस्तिका, २०७२ को (पेज नं.४२) अनुसार उक्त कित्ताको न्यूनतम मूल्याङ्कन रु.५ लाख रहेको देखियो । सो आधारमा १-१० कठ्ठाको थैली रु.१ करोड ५० लाख हुनुपर्नेमा रु.१ करोड १२ लाख ५० हजार थैली कायम गरी बिक्री गरेकोले घटी रजिष्ट्रेशन दस्तुर रु.४ लाख ५० हजार तथा न्यूनतम थैली घटाई निसर्ग गरेकोले आयकर ऐन, २०५८ बमोजिम निकायले तिर्नुपर्ने लाभकर समेत असुल गर्न छुट हुँदा सो रकमको पूँजीगत लाभकर रु.५ लाख ६२ हजार समेत रु.१० लाख १३ हजार असुल गर्नुपर्दछ ।

५.१ सो जग्गा रजिष्ट्रेशन नम्बर ६२९८ क बाट एक व्यक्तिले रु.३७ लाख ५० हजारमा एक हाउजिङ्ग प्रालिलाई बिक्री गरेको देखियो । न्यूनतम रु.१ लाख ५० हजार प्रतिकठ्ठाका दरले रु.१ करोड ५० लाख न्यूनतम थैली कायम गरी निर्णय हुनुपर्नेमा रु.२७ लाख ५० हजार थैली कायम गरेकोले घटी थैली रु.१ करोड १२ लाख ५० हजारको ५ प्रतिशतले हुने रु.५ लाख ६३ हजार आयकर ऐन, २०५८ को दफा ९५ बमोजिम सम्बन्धितबाट असुल गर्नुपर्दछ ।

५.२ सोही जग्गा एक हाउजिङ्ग प्रालिले रु.३७ लाख ५० हजारमा खरिद गर्दा न्यूनतम थैली रु.१ करोड १२ लाख ५० हजार घटेको देखिंदा सोको ४ प्रतिशतले हुने रजिष्ट्रेशन शुल्क रु.४ लाख ५० हजार सम्बन्धितबाट असुल गर्नुपर्दछ ।

## मेची अञ्चल अस्पताल

१ **आन्तरिक नियन्त्रण :** बिभिन्न ऐन नियम एवं कार्यबिधिमा उल्लेख भएका कार्यालयको कामसंग सम्बन्धित आन्तरिक नियन्त्रणको व्यबस्थाको कार्यान्वयन गर्नुपर्दछ । कार्यालयमा पुराना सामानको मर्मत संभार र लिलाम बिक्री कार्य नभएको, मूल्य नखुलेका पुराना सामानको मूल्य कायम गराई नराखेको, चौमासिक रुपमा वार्षिक कार्यक्रम स्वीकृत गरी सोहीबमोजिम खर्च हुने नगरेको, खर्च भएका बिल भरपाईहरुमा अधिकार प्राप्त अधिकारीबाट प्रमाणित गरी भुक्तानी भएको जनाउने छाप लगाई नराखेको, अनुगमन संयन्त्र तर्जुमा नगरेको, तालुक कार्यालयले निरीक्षण नगरेको सम्भावित जोखिमहरु पहिचान नगरेको, निर्माण कार्यको लगत इष्टिमेट, नापी किताव र कार्यसम्पन्न प्रतिवेदन आदिमा तयार पार्ने, पेश गर्ने, जाँच गर्ने र सदर गर्ने कर्मचारीको नाम, पद, छाप एवम् मिति उल्लेख गर्ने नगरेको, कर्मचारीलाई ऐनले तोके बमोजिमको कार्य विवरण बनाइ लागू नगरेको, घर जग्गाको लगत मूल्य खुलाई नराखेको, भ्रमण प्रतिवेदन अनिवार्य नगरेको निरिक्षण प्रतिवेदन तयार नगरेको, जोखिम नियन्त्रणका उपायहरु सहितको आन्तरिक नियन्त्रणको कार्यविधि तयार नगरेको, गत वर्ष उपयोग भएको परिमाण र चालू आर्थिक वर्षमा खरिद गरिएको परिमाणको तुलनात्मक विवरण तयार नगरेको, वार्षिक प्रतिवेदन तयार नगरेको जस्ता व्यहोरा देखिएकाले यसमा सुधार गरी आन्तरिक नियन्त्रण प्रणालीलाई सुदृढ बनाउनु पर्दछ ।

२ **बजेट खर्चको स्थिति :** यो वर्ष कार्यालयलाई रु.५ करोड ८१ लाख ९८ हजार बजेट विनियोजन भएकोमा औसतमा ८५.५ प्रतिशत मात्र खर्च गरेको छ । कार्यालयले कार्यक्रम कार्यान्वयन दक्षता बढाई वैदेशिक अनुदान तथा ऋणको पूर्णरुपमा उपयोग गर्नुपर्नेमा वैदेशिक स्रोततर्फ ३४ प्रतिशत मात्र खर्च देखिँदा बजेट उपयोग क्षमतामा कमी देखिएको छ । कार्यालयले बजेट उपयोग क्षमता वढाउनुपर्दछ ।

३ **बार्षिक लक्ष्य प्रगति :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २५ र २६ बमोजिम बजेटमा कार्यक्रमको वार्षिक लक्ष्य तथा प्रगति तयार गरिएको पाइएन ।

४ **लेखा प्रणाली :** मेची अञ्चल अस्पताल आर्थिक प्रशासन नियमावली, २०६३ को नियम ३.२ मा समितिको आय-व्यय लेखा गठन आदेशको दफा १९ को उपदफा (१) बमोजिम नेपाल सरकारले अपनाएको लेखा प्रणाली अनुसारको ढाँचा र तरिका बमोजिम राखिने ब्यबस्था छ । अस्पतालले पेश गरेको आर्थिक विवरणमा चालुवर्षको कारोवार अंङ्कहरु मात्र उल्लेख छ । सम्बन्धित शीर्षकमा गत वर्षको समेत देखिने गरी तुलनात्मक एकीकृत आय-व्यय विवरण बनाएको पाइएन । तुलनात्मक विवरण नहुँदा अस्पतालको सम्बन्धित शीर्षकमा गत वर्षको कारोवार अङ्क र कार्य सम्पादन स्तरको तुलना गर्न सकिएन । अस्पतालले सम्बन्धित शीर्षकमा गत वर्षको अङ्क समेत उल्लेख गरी एकीकृत आय-व्यय विवरण तयार गर्नुपर्दछ ।

५ **दरवन्दी तथा पदपूर्ति :** नेपाल स्वास्थय सेवा ऐन, २०४३ को दफा ८(क) २ मा कुनै पद रिक्त भएमा सोको जानकारी एक महिनाभित्र लोक सेवा आयोगलाई दिनुपर्ने व्यवस्था छ । कार्यालयबाट प्राप्त विवरण अनुसार विभिन्न श्रेणी र तहका १६४ स्वीकृत दरवन्दी रहेकोमा ८२ स्थायी र २५ करार समेत १०७ पदपूर्ति भई ५७ रिक्त रहेको छ । कार्यालयमा आवश्यकता अनुसारको दरवन्दी पदपूर्ति नहुँदा सेवाग्राहीहरुलाई समयमा सेवा उपलब्ध गराउनु कठिनाई पर्ने हुँदा कार्यालयले रिक्त दरवन्दी पदपूर्ति गर्न आवश्यक कदम चाल्नु पर्दछ । दरवन्दी अनुसारको पदपूर्ति तथा जनशक्ति व्यवस्थापन गर्न पहल गर्नुपर्दछ ।

६ **करार सेवा :** मेची अञ्चल अस्पताल नियमावली, २०६३ को नियम ६.३ मा मेडिकल सुपरिटेण्डेण्टले पदपूर्ति समितिको सिफारिसमा सो पदका लागि तोकिएको योग्यता पुगेका उपयुक्त व्यक्तिलाई बढीमा ६ महिनाको लागि करारमा नियुक्त गर्न सक्ने व्यवस्था छ । करारको अवधि मेडिकल सुपरिटेण्डण्टको सिफारीसमा पदपूर्ति समितिले थप गर्न सक्ने उल्लेख छ। विगत वर्षदेखि करारमा कार्यरत २५ कर्मचारीको म्याद समाप्त भएकोमा पदपूर्ति समितिले म्याद थप गरेको छैन। अस्पताल विकास समितिको निर्णयअनुसार मेडिकल सुपरिटेण्डेण्टबाट म्याद थपगरी करार सेवाका २५ कर्मचारीलाई रु.५६ लाख ८२ हजार तलव भत्तामा खर्च लेखेको पाइयो । नियमावलीमा भएको व्यवस्थाभन्दा फरक पारी करार सेवाको अवधि थप गर्न मिल्ने देखिदैन ।

७ **टुक्रा पारि खरिद गरेको :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ मा रु.३ तीनलाख सम्मका सामान साझै खरिद गर्न सकिने तर एउटै व्यक्ति वा कम्पनी वा संस्थावाट एक आर्थिक वर्षमा एक पटकभन्दा वढी खरिद गर्न नपाइने व्यवस्था छ। तर कार्यालयले एउटै फर्मबाट ३ लाख घटिका प्याकेज बनाई प्रतिपर्धा नगराउने उदेश्यले पटक पटक खरिद गरेको छ । यस वर्षमा नियमावलीको व्यवस्था विपरीत विभिन्न फर्मबाट पटक पटक गरी रु.५० लाख ४८ हजारको औषधी खरिद गरेको पाइयो । प्रतिस्पर्धा नगरी टुक्रा गरी खरिद गर्ने प्रवृत्तिमा नियन्त्रण हुनुपर्दछ ।

८ **औषधि भण्डार परीक्षण -** प्राथमिक स्वास्थ्य सेवा पुर्नजागरण महाशाखाको कार्यक्रम निर्देशिका बमोजिम कार्यालयले खरिद गरेका औषधि तथा सर्जिकल सामानहरुमा **"नेपाल ८.१० ८.१० सरकारको निःशुल्क स्वास्थ्य कार्यक्रमका लागि"** भन्नेलोगो लगाउनु पर्ने व्यवस्था भएकोमा सार्वजनिक लेखा समितिले महालेखापरीक्षकको ४७ औं प्रतिवेदनको निःशुल्क औषधि वितरण लोगोको व्यहोराका सम्वन्धमा सुझावलाई कडाई साथ लागू गर्ने निर्णय समेत गरेको छ। कार्यालयले खरिद गरेका र हस्तान्तरण भई आएका निःशुल्क वितरण गर्ने औषधि सम्बन्धमा २०७३।११।१ मा भण्डार परिक्षण गर्दा ४ वटा औषधिमा निःशुल्क वितरणको लोगो नभएको, ४ वटामा Supply for MOHP लेखेको पाइयो । जुन स्वीकृत लोगोभन्दा फरक देखिन्छ। यसबाट निर्देशिकाले निर्दिष्ट गरेको विषयलाई पालना भएको देखिएन । यसतर्फ कार्यालयको ध्यान जानु जरुरी छ ।

९ **उपयोग र मौज्दात :** कार्यालयबाट खरिद भएका र अन्यत्रबाट हस्तान्तरण भई आएका विभिन्न औषधीको प्राप्ती, उपयोग र मौज्दातको स्थितिको परीक्षण गर्दा खरिद एवं हस्तान्तरण भई आएका औषधीहरु वितरण वा खर्च हुन नसकी मौज्दातमा रहेको देखिन्छ। औषधीको मौज्दात प्रणाली स्तरीय हुन सोको प्राप्ती र निकासीवीच सन्तुलन कायम रहनु पर्दछ। मौज्दातमा अधिक औषधी रहँदा म्याद समाप्त हुन सक्ने र सेवा प्रवाहमा असर हुने सम्भावना रहेकोले औषधीको माग पहिचान गरी खरिद र खर्चवीच सन्तुलन कायम गरी जनतालाई निःशुल्क स्वास्थ्य सेवा पुऱ्याउनेतर्फ ध्यान दिनुपर्दछ ।

१० **बजेट :** आर्थिक कार्यविधी नियमावली, २०६४ को नियम ३५ मा खर्च तथा निकासा दिने अधिकारीले खर्च गर्दा रकम स्वीकृत बजेटभित्र छ कार्यक्रम स्वीकृत छ र खर्च गर्न बाँकी छ भने मात्र खर्च गर्न सक्ने उल्लेख छ। समितिले यस वर्षको शुरुमा बजेट पारीत नगरी रु.२ करोड ४४ लाख ६९ हजार खर्च गरेको पाइयो । समितिले २०७२/६/१९ मा बजेट बाँडफाँड र २०७३/१०/६ मा खर्च समर्थन गरे तापनि बजेट सीमा बेगरको खर्च नियमित र व्यवस्थित छ भन्ने आधार देखिएन । अतः बजेट बाँडफाँड स्वीकृत गरी खर्च गर्ने व्यवस्था मिलाउनु पर्दछ ।

११ **अवकास कोष :** अस्पताल विकास समितिको कर्मचारी विनियमको दफा १४(४) मा स्वीकृत अवकाश कोषमा कर्मचारीको एक महिनाको तलव बराबरको रकम जम्मा गर्नुपर्ने व्यवस्था छ । विनियममा उक्त व्यवस्था भएतापनि अस्पतालले अवकाश कोष खातामा रकम जम्मा गरेको पाइएन । हरेक बर्षको एक महिना बराबरको रकम अवकास कोष खातामा जम्मा नगरेका कारण

अवकाश प्राप्त गर्ने कर्मचारी अवकास सुविधा प्राप्त गर्ने अवस्था देखिएन । तसर्थ विनियममा भएको व्यवस्थाको कार्यान्वयन हुनुपर्दछ ।

१२ **मूल खाता** : क्षेत्रीय, उपक्षेत्रीय तथा अञ्चल अस्पताल आर्थिक प्रशासन नियमावली, २०६३ को नियम २.१ (१) मा अस्पतालमा प्राप्त हुन आएका सबै रकम समितिले तोकेको बाणिज्य बैंकमा मूल खाता खोली जम्मा गरिने र मूल खातामा जम्मा भएका रकम अन्य बैंक खातामा ट्रान्सफर गरी समितिको आर्थिक कारोबार सञ्चालन गरिने व्यवस्था छ । समितिका सबै रकम जम्मा गर्ने गरी मूल खाताको व्यवस्था गरेको पाइएन । मूल खाता नहुँदा समितिको सबै प्रकारको आय एकीकृत रुपमा नदेखिने र बजेट नियन्त्रण व्यवस्था कमजोर हुने देखिएको छ । मूल खाता मार्फत आर्थिक कारोबार सञ्चालन गरिनुपर्दछ ।

१३ **भुक्तानी बाँकी** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ४०(७) मा अगामी वर्षमा भुक्तानी दिनुपर्ने रकम भुक्तानी दिन बाँकीको कच्चाबारीमा चढाई कार्यालय प्रमुख र कोष तथा लेखा नियन्त्रक कार्यालयबाट प्रमाणित गराई राख्नुपर्ने व्यवस्था छ। अस्पतालले गत वर्षको भुक्तानी दिन बाँकीको प्रमाणित विवरण बेगर भुक्तानी दिएको रु.१३ लाख ८२ हजार अनियमित देखियो ।

१४ **आन्तरिक आय** : अस्पताल विकास समिति आर्थिक प्रशासन नियमावली, २०६३ को नियम २.१ को उपनियम २ मा समितिको नाममा प्राप्त हुन आएको नगद प्राप्त भएकै दिनमा र सो दिन नभ्याएमा भोलिपल्ट मूल खातामा दाखिला गर्नुपर्ने उल्लेख छ । कार्यालयको नगद जिम्मा लिने कर्मचारीबाट तोकिएको समयमा रकम जम्मा नगरेकोले हर्जाना लिने भनी गत प्रतिवेदनमा उल्लेख भएकोमा यस वर्ष पनि केही रकम तोकिएको समयभित्र दाखिला भएको छैन । नियमावलीले व्यवस्था गरे अनुसार समयमा नै दाखिला गराउनेतर्फ समितिको ध्यान जानुपर्ने देखियो ।

## मेची बहुमुखी क्याम्पस

१ **बजेटको स्वीकृति** : त्रिभुवन विश्वविद्यालय स्वायत्तता सम्बन्धी नियम, २०६२ तथा त्रिभुवन विश्वविद्यालय आर्थिक व्यवस्थापन तथा सञ्चय कोष सम्बन्धी नियम, २०५० (संशोधन सहित) को नियम ११३ मा सभाबाट प्रस्तुत भएको प्रस्तावित बजेट र पछि थपघट भएको वजेटमा सभाबाट स्वीकृति प्रदान गर्नुपर्ने व्यवस्था छ । क्याम्पसले यो वर्ष शुरू प्रस्तावित बजेट तथा बर्षभरी भएको खर्चलाई सभाबाट स्वीकृत गरेको छैन । नियममा व्यवस्था भएवमोजिम खर्च भएको रकमलाई सभाबाट स्वीकृत गराउनु पर्दछ ।

२ **वासलात** : क्याम्पसले यस वर्ष नियमित खर्च तर्फको वासलातमा पूँजीगत सम्पत्ति रु.६,३८,०३,९६७- देखाएको छ । क्याम्पसको नाममा रहेको कतिपय जग्गाको मूल्य कायम नभएको, क्याम्पस हाताभित्रका घरहरुको मूल्याङ्कन नभएको, घर, जग्गा तथा फर्निचर लगायत पूँजीगत सामानको यर्थाथ मूल्य, ह्रासकट्टी पछिको मूल्य आदि विवरण नखुलाई मूल्य कायम गरेकोले वासलातले यथार्थ स्थितिको चित्रण गरेको छैन । वासलातमा क्याम्पसको नाममा रहेको सम्पूर्ण चल-अचल सम्पत्तिको यथार्थ स्थिति देखाउनु पर्दछ ।

३ **पेश्की व्यवस्थापन** : विश्वविद्यालयको आर्थिक व्यवस्थापन तथा सञ्चय कोष सम्बन्धी नियम, २०५० को परिच्छेद ७ मा पेश्की दिने र फछ्र्यौट गर्ने सम्बन्धि व्यवस्था गरेको छ । क्याम्पसले गत विगत वर्ष देखिनै शिक्षक/कर्मचारीहरुलाई तलब पेश्की उपलब्ध गराउँदै आएको छ । गत विगतको समेत तलब पेश्की, खर्च पेश्की, भ्रमण पेश्की तथा अन्य पेश्की रु.२७,३७,८९५।- फछ्र्यौट भएको छैन । जुन आर्थिक वर्षमा दिएको पेश्की हो सोही आर्थिक वर्षभित्र फछ्र्यौट हुने गरेको छैन । यो वर्ष पेश्की रु.१० लाख ७८ हजार नियमानुसार फछ्र्यौट हुनुपर्दछ ।

४ **केन्द्रमा दाखिला** : त्रिभुवन विश्वविद्यालयले तोकेको नियमित आम्दानी शीर्षकहरु बाहेक अन्य शीर्षकहरुबाट क्याम्पसले यो वर्ष रु.१ करोड २२ लाख २४ हजार अतिरिक्त आम्दानी गरेको छ ।

आर्थिक व्यवस्थापन तथा संचयकोष सम्बन्धी नियमको परिच्छेद २ को नियम ४(२) अनुसार उक्त आम्दानीको १० प्रतिशत रकम त्रिभुवन विश्वविद्यालय केन्द्रीय हिसाबमा पेन्सन प्रयोजनको लागि दाखिला गर्नुपर्नेमा सो अनुसार गरेको पाइएन । केन्द्रीय हिसाबमा रु.१२ लाख २२ हजार दाखिला गर्नुपर्दछ ।

५ **जग्गा भाडा :** शरणामती लगायतका स्थानमा रहेका जग्गा भाडामा लगाउने गरी शरणामती गा.वि.स. वडा नं.५ स्थित ३ वटा कित्तामा रहेको १२०–३–५ विघा जग्गामा २१४ जना, नकलबन्ध, डांगीबारी र हल्दीबारीको ९ कित्ताको १।१ जना गरी ३ जना समेत २१७ जना मोहीहरुलाई ठेक्कामा दिएकोमा ती व्यक्तिबाट प्राप्त भएको र प्राप्त हुन बाँकी रकमको अभिलेख राखेको छैन । क्याम्पसले राखेको विवरणमा आर्थिक वर्ष उल्लेख नगरी रु.२ लाख २० हजारमा एकमुष्ट असुल हुनुपर्ने उल्लेख गरेकोले १० प्रतिशत व्याज सहित सम्बन्धितबाट असुल गर्नुपर्दछ । मोहीहरुबाट प्राप्त हुनुपर्ने वर्षगत र जग्गागत अभिलेख व्यवस्थित गर्नुपर्दछ ।

६ **आन्तरिक नियन्त्रण :** सार्वजनिक खरिद ऐन, २०६३, सार्वजनिक खरिद नियमावली, २०६४, तथा आर्थिक कार्यविधि नियमावली, २०६४, लगायत विभिन्न सार्वजनिक ऐन तथा नियमावली बमोजिम कार्यालयको आन्तरिक नियन्त्रण व्यवस्था प्रभावकारी बनाउन उपर्युक्त नियममा भएको व्यवस्था अनुशरण गर्नुपर्ने हुन्छ । कार्यालयले जिन्सी प्रतिवेदन बमोजिम पूरानो सामान लिलाम नगरेको, खरिद योजना तयार नगरेको, गत विगतदेखि बाँकी रहेको पेश्की फछ्र्यौट गर्नतर्फ तदारुकता नअपनाएको, फर्म निकायलाई एसीपेई चेकबाट भुक्तानी नगरेको, मुद्दती खातामा रहेको रकमको व्याज सोही समयमा आम्दानी नजनाएको, परामर्शदाता प्रक्रिया अनुसार नियुक्ति नगरेको, कार्यसम्पन्न प्रतिवेदन तयार नगरेको, लागत अनुमान तयारी नगरी निर्माण, मर्मत कार्य गरेको जस्ता व्यहोरा देखिएको छ । उक्त व्यवस्थाहरुको कार्यान्वयन गरी आन्तरिक नियन्त्रण व्यवस्था सुदृढ गर्नुपर्दछ ।

७ वर्षको अन्त्यमा रु.१ करोड ४० लाख २६ हजार मौज्दात रहेको वितिय विवरण पेश गरेकोमा वैंक हिसाव मिलान विवरण पेश नभएकोले वास्तविक मौज्दात यकिन गर्न सकिएन । वैंक हिसाव मिलान विवरण तयार गरी वास्तविक मौजदात रकम यकिन गर्नुपर्दछ ।

८ **कर दाखिला :** बस रिजर्भ गरी भाडा भुक्तानी गरेकोमा आयकर ऐन, २०५८ को दफा ८८ बमोजिम १० प्रतिशतले हुने अग्रिम कर रु.१६ हजार असुल  गरी राजस्व दाखिला गर्नुपर्दछ ।

९ त्रिभुवन विश्वविद्यालय कर्मचारी प्रशासन महाशाखाको निर्णय नं.४५४ अनुसार आंशिक शिक्षक नियुक्ति गर्दा त्रिभुवन विश्वविद्यालय केन्द्रीय कार्यालयबाट सो विषयको रिक्त पदलाई प्रमाणित गराई सो पदमा स्नातक तहको लागि साप्ताहिक न्यूनतम १५ पिरियड र स्नातकोतर तहको लागि १२ पिरियड कक्षाभार भएमा केन्द्रीय  कार्यालयको स्वीकृति लिई आशिंक शिक्षक पदमा नियुक्ति गर्नुपर्ने व्यवस्था गरेकोमा स्वीकृति बेगर विगतदेखि सञ्चालित वि.वि.ए लगायतका कार्यक्रम अन्तर्गत आंशिक शिक्षक नियुक्ति भई कक्षा सञ्चालन भएको छ। यस सम्बन्धमा विश्वविद्यालयबाट समेत अनुगमन गरिनुपर्दछ ।

## मेची भन्सार कार्यालय

१ **कर्मचारी दरबन्दी र पदपूर्ति :** कार्यालय संचालनको लागि स्वीकृत दरवन्दी अनुरुप पदपूर्ति हुनुपर्दछ । कार्यालयको कार्यबोझ अनुसार स्वीकृत दरवन्दी भन्दा बढी जनशक्ति आवश्यक परेमा दरवन्दी पुनरावलोकन हुनुपर्दछ । कार्यालयबाट प्राप्त विवरण अनुसार विभिन्न तहको ६१ जनाको दरवन्दी स्वीकृत रहेकोमा १०२ जना कार्यरत रहेकोले दरवन्दीभन्दा ४१ जना बढी कार्यरत रहेको पाइयो । दरबन्दीभन्दा बढी कार्यरतमध्ये २ जना कम्प्युटर अधिकृत, १ नायव सुव्वा, २ टाइष्टि नायव सुव्वा, ३ कम्प्युटर अपरेटर, १ खरिदार, ३ हलुका सवारी

चालक र २८ जना कार्यालय सहयोगी रहेका छन् । स्वीकृत दरवन्दीभन्दा बढी कर्मचारीहरु खटाउने र निजहरुको तलव भत्ता खर्च भएको सम्बन्धमा तालुक निकायको ध्यान जानुपर्ने देखिन्छ ।

२ **सोझै खरिद** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१ मा सार्वजनिक निकायले दशलाख रुपैया सम्मको सामान खरिद गर्दा दरभाउपत्र मार्फत र दशलाख रुपैयाभन्दा माथिको मालसामान खरिद गर्दा बोलपत्र आह्वान गरी खरिद गर्नुपर्ने उल्लेख छ । कार्यालयले यो वर्ष एउटै फर्मबाट ३ लाख घटिका प्याकेज बनाई प्रतिष्पर्धा बेगर रु.१७ लाख २८ हजारका सामग्री सोझै खरिद गरेको पाईयो । अतः टुक्रा गरी खरिद गर्ने प्रकृयामा नियन्त्रण हुनुपर्दछ ।

३ **प्रज्ञापनपत्र** : प्राप्त विवरण अनुसार उपरोक्त कारोवार अन्तर्गत राजस्व असूलीको सन्दर्भमा प्रयोग भएका २५,३६६ प्रज्ञापनपत्रबाट रु. ६ अर्व ३४ करोड ८२ लाख १३ हजार राजस्व असुली भएको छ ।

४ **लक्ष्य तथा प्रगति** : विगत ३ बर्षको कार्यालयको राजस्वको लक्ष्य प्रगति एवं यस वर्षको शीर्षकगत राजस्वको लक्ष्य प्रगति विवरण अनुसार गत वर्षको तुलनामा यो वर्षको राजस्व रु.१ अर्ब ७७ करोड ११ लाख ६० हजारले वृद्धि भएको छ । यो वर्षको लक्ष्यको तुलनामा १०६.८ प्रतिशत प्रगति भएको छ । कुल असुलीतर्फ १०६.८ प्रतिशत प्रगति देखिएकोमा भन्सार महसुलतर्फ १२७.७९ प्रतिशत असुल भएको देखिन्छ भने अन्तशुल्कतर्फ २६.६ प्रतिशत मात्र असुली भएको छ । कार्यालयले लक्ष्य अनुसार प्रगति गर्नेतर्फ ध्यान पुर्‍याउनु पर्ने देखिन्छ ।

५ **वस्तुगत राजस्व असुलीको स्थिति** : यो वर्ष भन्सार, मूल्य अभिवृद्धि कर, अन्तःशुल्क समेत कुल राजस्व रु.६ अर्ब ८४ करोड ३३ लाख २ हजार असुली भएको छ । उक्त असुलीमा प्रमुख १५ वस्तुले कुल राजस्व असुलीको ५७.४५ प्रतिशत योगदान पुर्‍याएको देखिन्छ । सोमध्ये कोइला, पेट्रोल, क्लिङकर, डिजल र जुसले प्रमुख ५ स्थान लिएको देखिन्छ ।

६ **आशिकुडा प्रणाली** : पैठारीकर्ता वा पैठारीकर्ताको एजेन्टले पैठारी गरेको वस्तुको नाम, मूल्य, संकेत नं., भाडा, बीमा, स्थायी लेखा नम्बर आदि खुलाई प्रज्ञापन पत्र भरी पेश गरेपछि प्रज्ञापन पत्र दर्ता हुने र त्यसपछि उक्त प्रज्ञापन पत्र आशिकुडा प्रणालीमा प्रविष्ट हुने गरेको देखिन्छ । तत्पश्चात् सामान चेकजाँच गरी जाँचपास हुने गरेको छ । गत वर्षको लेखापरीक्षण प्रतिवेदनमा औंल्याएपछि व्यापारीक प्रयोजनको लागि ल्याएको सुन चाँदी, हिरा, कलर स्टोन समेत आशिकुडामा आवद्ध गरेको भएता पनि व्यक्तिगत प्रयोजनको लागि ल्याएको अभिलेख आशिकुडामा आवद्ध गरेको छैन ।

७ **आन्तरिक लेखापरीक्षण** : भन्सार विभागको २०५८।११।११ को परिपत्र अनुसार कार्यालयबाट सामान जांचपास भएको प्रज्ञापनपत्रहरुमा उल्लेखित मूल्याङ्कन दरवन्दी र महशुल सम्बन्धमा जांचपास भएको दिन नभए भोलिपल्ट आन्तरिक लेखापरीक्षण गर्नुपर्ने अनिवार्य व्यवस्था गरेको छ । सो व्यवस्था अनुसार कार्यालयले पैठारी र निकासीतर्फ प्रयोग भएको प्रज्ञापनपत्रको आन्तरिक लेखापरीक्षण गर्दा २० प्रज्ञापन पत्रबाट दरवन्दी फरक परेको, न्यून विजकीकरण भएको आदि कारणबाट रु.१९ लाख १२ हजार असुल गरेको देखिन्छ ।

८ **जाँचपास पछिको परीक्षण** : भन्सार ऐन, २०६४ को दफा ३४ मा जांचपास भैसकेपछि छानिएका फर्म वा मालवस्तुको जांचपास पछिको परीक्षण भंसार विभागका महा–निर्देशकले तोकेको अधिकारी वा भंसार अधिकृतले गर्नसक्ने व्यवस्था छ । परीक्षण गर्दा मूल्याङ्कन कम भई राजस्व घटी भएको प्रमाणित भएमा त्यस्तो पैठारीकर्ताबाट घटी भएको मूल्यको छुट कर, महशुल र उपदफा २ र ३ बमोजिम शतप्रतिशत थप महसुल असुल गरी प्रचलित कानुन बमोजिम अन्य सजाय गर्न सकिने

उल्लेख छ । कार्यालयबाट प्राप्त विवरण अनुसार जांचपास पछिको परीक्षणबाट रु.५ लाख ३० हजार राजस्व असुली गर्ने लक्ष्य रहेकोमा कार्यालयले ४८ प्रज्ञापनपत्रको जांचपास पछिको परीक्षणबाट रु.७१ लाख ६० हजार राजस्व असुल गर्नुपर्ने यकिन गरेकोमा रु.७० लाख ५० हजार मात्र असुल गरेको देखिएकोले बांकी रकम समेत असुल गर्नुपर्दछ ।

९ **मुद्दा** : कार्यालयबाट प्राप्त विवरण अनुसार गत वर्षबाट जिम्मेवारी सरी आएको १३ र यो वर्ष दर्ता भएका ३३९ समेत ३५२ मुद्दामध्ये यो वर्ष ३२७ मुद्दा फैसला भई २६ मुद्दा आगामी वर्षलाई जिम्मेवारी सारेको छ । भन्सार ऐन, २०६४ को दफा ४४ बमोजिम जफत भई लिलाम बिक्री गर्ने गरी फैसला भएको अधिकांश मुद्दाका सामानहरु यो वर्ष पनि लिलाम बिक्री भएको छैन । कार्यालयबाट प्राप्त विवरण अनुसार लिलाम बिक्रीको लागि फैसला भएका तर समयमा लिलाम बिक्री नहुंदा रु.२ करोड २४ लाख १६ हजार राजस्व असुली हुन सकेको छैन । फैसला भएका मुद्धाहरुको समयमा लिलाम विक्रि गर्नेतर्फ ध्यान पुर्‍याउनु पर्दछ ।

१० **लगतमा पैठारी** : आर्थिक ऐन,२०७२ को अनुसूची १ को दफा १९(२) मा कुनै सरकारी निकाय, उद्योग, व्यक्ति, संस्था वा बिदेशी नागरिकले कुनै खास कार्य प्रयोजनको लागि (व्यापारिक प्रयोजन बाहेक) पछि फिर्ता लैजाने शर्तमा पैठारी गर्ने मालबस्तु सम्बन्धित मन्त्रालय वा दुतवासको सिफारिसमा बढीमा तीन महिनासम्मको लागि लगतमा राखी पैठारी गर्न दिन सकिने र दफा १३(२) मा कुनै खास कार्य वा प्रयोजनको लागि अस्थायी तबरबाट पछि फिर्ता लैजाने शर्तमा लगतमा पैठारी भएका सवारी साधन, यन्त्रउपकरण एवं अन्य मालवस्तुहरु उक्त कार्य समाप्त भएपछि नेपाल भित्र कसैलाई उपहार दिई वा बिक्री गरी वा आफैले प्रयोग गर्ने गरी महशुल बुझाई सकेको अवस्थामा बाहेक तीन महिना भित्र फिर्ता लगिसक्नु पर्ने र यसरी तोकिएको अवधिभित्र फिर्ता नलगेमा वा महशुल नबुझाएमा त्यस्ता मालवस्तुहरु नेपाल सरकारले म्याद थप दिएको अवस्थामा बाहेक जफ्त गर्नु पर्ने उल्लेख छ। उक्त सुविधा अर्न्तगत पैठारी भएका मालवस्तुहरुको कार्यालयले लगत राखि जाँचपास गर्नु पर्नेमा लगत राखेको देखिएन । अतः त्यसरी पैठारी हुने मालवस्तुहरुको लगत राखी मात्र जाँचपास गर्ने र तोकिएको समयमा फिर्ता भए नभएको अनुगमन गरी समयमा निकासी नभएका मालवस्तु जफत गरी सोमा लाग्ने महशुल असुल गर्ने गर्नुपर्दछ ।

११ **घटी अन्त शुल्क** : आर्थिक ऐन, २०७२ को दफा २ मा विदेशबाट नेपालभित्र पैठारी हुने सामानमा अनुसूची-१ बमोजिम भन्सार महशुल लगाउनु पर्ने, दफा ६ मा मूल्य अभिबृद्धिकर ऐन, २०५२ बमोजिम मूल्य अभिबृद्धिकर लगाई असुल गर्नुपर्ने गर्नुपर्ने उल्लेख छ । प्रज्ञापन पत्रबाट पैठारी गर्दा कार्यालय सामान अन्तर्गत १५ प्रतिशत अन्तशुल्क र मूल्य अभिवृद्धि कर लगाई जांचपास गर्नुपर्ने व्यवस्था रहेकोमा दरबन्दी लगाई जांचपास गर्दा घटी भएको अन्तशुल्क रु.४५ हजार असुल गर्नुपर्दछ ।

१२ **फरक दरवन्दी** : आर्थिक ऐन, २०७२ को दफा २ मा विदेशबाट नेपालभित्र पैठारी हुने सामानमा अनुसूची-१ बमोजिम भन्सार महसुल लगाउनु पर्ने, दफा ५ मा नेपाल भित्र पैठारी भएका मालवस्तुमा अन्तशुल्क ऐन, २०५८ बमोजिम अन्तःशुल्क असुल गर्नुपर्ने र दफा ६ मा मूल्य अभिवृद्धि कर ऐन, २०५२ बमोजिम मूल्य अभिवृद्धि कर लगाई असुल गर्नुपर्ने उल्लेख छ। प्रज्ञापन पत्रबाट पैठारी गर्दा भन्सार महसुल र मूल्य अभिवृद्धि कर लगाई जाँचपास गरेको छ। यसरी फरक दरबन्दी लगाई जांचपास गर्दा घटी भएको भन्सार महसुल, अन्तशुल्क र मूल्य अभिवृद्धि कर समेत रु.८ लाख ८५ हजार असुल गर्नुपर्दछ ।

१३ **केन लरी** : भन्सार दरवन्दी सम्बन्धी व्याख्या अनुसार मुख्यतः व्यक्ति वा मालवस्तुको यातायातका लागि बनाएका बाहेकका खास उद्देश्यका मोटर गाडीहरु (जस्तै अवरोध गर्ने लरी, क्रेनलरीहरु,

दमकलहरु, कंक्रिट मिश्रण लरी, सडक बढार्ने कामका लरीहरु, स्प्रेगर्ने लरीहरु आदि) दरवन्दी ८७०५ बाट जांचपास गर्नुपर्ने र उचाल्ने ढांचाका लरीहरु दरवन्दी ८४.२६ अन्तर्गत पर्ने हुंदा, व्याख्या किताब अनुसार इंजिन जडित Movable क्रेन लरीलाई र Fixed क्रेन लरीलाई अन्यबाट जांचपास गर्नुपर्ने व्यवस्था छ । कार्यालयले प्रज्ञापन पत्र नम्बर १७२६२ मिति २०१६।७।१५ मा इंजिन जडित क्रेन लरी समेत ८४२६११ बाट जांचपास गरी १५ प्रतिशत भन्सार महसुल असुल गरेको छ । यसबाट भन्सार दरवन्दी शीर्षक ८७०५१० बाट सो क्रेन जांचपास गर्दा भन्सार महसुल १० प्रतिशत र मूल्य अभिवृद्धि कर लाग्नेमा कार्यालयले ती क्रेनलरी आर्थिक ऐन, २०७२ अनुसारका मील मेशीनरीमा लाग्ने भन्सार महसुल ९५ प्रतिशत र मूल्य अभिवृद्धि कर छुट गरी जांचपास गरेकोले छुट राजस्व रु.१८ लाख १७ हजार ९८४ असुल गर्नुपर्दछ ।

१४ **मेशीनरी पार्ट्स** : मूल्य अभिबृद्धि कर ऐन, २०५२ को दफा ५ संग सम्बन्धीत अनुसुचि १ मा मूल्य अभिवृद्धि कर छुट हुने बस्तु तथा सेवाहरु उल्लेख छ । जस अन्तर्गत भन्सार शीर्षक ८४७४८० मा मेशीनरीको लागि मूल्य अभिवृद्धि कर छुट हुने देखिन्छ भने शीर्षक ८७०५३००० अर्न्तगत पर्ने मेशीनरीको पाट्सहरुमा मूल्य अभिवृद्धि कर छुट हुने देखिएन । कार्यालयले प्रज्ञापन दर्ता नम्बर १३७६७ मिति २०१५।७।२२ बाट भन्सार शीर्षक ८७०५३००० बाट कारोबार मूल्य रु.४,४६,९७,५९०।- को अग्नि नियन्त्रक र सोको पाटर्स पैठारी गर्दा ५ प्रतिशत भन्सार महशुल मात्र लिई जाँचपास गरेको छ । अत ती मेशीन पाट्र्समा मूल्य अभिवृद्धि कर पुरै छुट भएकोले मुल सामान र पार्टस यकिन गरी पार्टसमा मूल्य अभिवृद्धि कर रु.६१ लाख १ हजार २२१।- असुल गर्नुपर्दछ ।

१५ **हस्तकला सामग्री** प्रज्ञापन पत्र नं.१६९७० मिति २०१५।०९।१८ (ई.सं.) बाट विशुद्ध हस्तकलाको सामग्रीलाई भन्सार दरबन्दी ९७०३००००० बाट रु.७,४४,०९,३९३।- मूल्यका हस्तकलाको सामानहरु मा भन्सार महसुल छुट दिएको देखियो । भन्सार दरबन्दी तथा आर्थिक ऐन, २०७२ अनुसार यस प्रकारको छुट दिने व्यवस्था नभएकोले १० प्रतिशत भन्सार महसुल रु.७४ लाख ४० हजार ९३९।- तथा मूल्य अभिवृद्धि कर रु.९ लाख ६७ हजार ३२२।- समेत रु.८४ लाख ८ हजार २६१/- असुल गर्नुपर्दछ ।

१६ **नेटवर्किङ्ग उपकरण** भन्सार दरबन्दी अनुसार नेटवर्किङ्ग उपकरण भन्सार दरबन्दी ८५१७७०००० बाट ५ प्रतिशत अन्तशुल्क लगाई असुल गर्नुपर्ने व्यवस्था छ । ३ वटा प्रज्ञापन पत्रबाट रु.१५६७०२४३।- को नेटवर्किङ्ग उपकरण आयात गरेकोमा फरक दरबन्दी लगाई रु. ५ प्रतिशत अन्तशुल्क असुल छुट भएकोले रु.७ लाख ८३ हजार ५१२।१३ अन्तशुल्क र छुट मूल्य अभिवृद्धि कर रु.१ लाख १ हजार ८५६।०० समेत रु.८ लाख ८५ हजार ३६९।- असुल गर्नुपर्दछ ।

१७ दुई निकासीकर्ताले सामान निकासी गर्दा प्रापकको स्थायी लेखा नम्बर प्रज्ञापनपत्रमा उल्लेख गरेको छैन । भन्सार निकासी गर्दा प्रज्ञापन पत्रमा स्थायी लेखा नम्बर नहुंदा आय विवरणमा सो रकम समावेश नहुने हुंदा थप छानविन गर्नुपर्दछ ।

१८ **धरौटी** : श्रेस्ताभन्दा बैंक घटी देखिएको धरौटी रकम रु.३ लाख ५ हजार बैंक दाखिला गरी हिसाब मिलान गर्नुपर्दछ ।

१८.१ एक ट्रेडर्सले सामान मर्मत वापत रु.२२ हजार धरौटी राखेको देखियो । एक महिनाको लागि २०७२।७।२३ मा धरौटी राखी सामान लगेकोमा २०७२।११।२० मा मात्र फिर्ता भएकोमा पनि पुरै धरौटी फिर्ता दिएकोले तोकिएको अवधि भन्दा बढीको भन्सार महसुल यकिन गरी रु.२२ हजार असुल गर्नुपर्दछ ।

१८.२ एक प्रतिवादीले मुद्दामा राखेको धरौटी रु.९ लाख ७ हजारमध्ये रु.४ लाख १८ हजार फिर्ता दिंदा पुनरावेदनको म्याद समाप्त भएपछि फिर्ता दिने भनी २०७२।९।३० मा निर्णय भएकोमा पुनरावेदन

म्याद समाप्त नहुँदै २०७२।१०।६ मा फिर्ता दिएको छ । यसरी पुनरावेदनको समय अगावै धरौटी रु.४ लाख १८ हजार फिर्ता दिएको उपयुक्त देखिएन ।

२१ **आन्तरिक नियन्त्रण** : बिभिन्न ऐन नियम एवं कार्यबिधिमा उल्लेख भएका कार्यालयको कामसंग सम्बन्धित आन्तरिक नियन्त्रणको व्यबस्थाको कार्यान्वयन गर्नुपर्दछ । कार्यालयको आन्तरिक नियन्त्रण प्रणालीको मूल्याङ्कन गर्दा जिन्सी निरीक्षण गरी प्रतिवेदन तयार गरेकोमा प्रतिवेदनमा उल्लेख भएबमोजिम पूराना सामानको मर्मत संभार र लिलाम बिक्री कार्य नभएको, मूल्य नखुलेका पुराना सामानको मूल्य कायम गराई नराखेको, सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली, २०६५ बमोजिम तालुक कार्यालयले निरीक्षण नगरेको, आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम १४ बमोजिम वार्षिक प्रतिवेदन तयार नगरेको जस्ता व्यहोरा देखिएकाले यसमा सुधार गरी आन्तरिक नियन्त्रण प्रणालीलाईं प्रभावकारी बनाउनु पर्ने देखिन्छ ।

२२ **वार्षिक लक्ष्य प्रगति** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २५ र २६ बमोजिम कार्यक्रमको वार्षिक लक्ष्य तथा प्रगति तयार गरेको नपाइएकोले प्रगति विवरण पेश हुनुपर्दछ ।

## यातायात व्यवस्था कार्यालय, मेची अञ्चल

१ **आन्तरिक नियन्त्रण प्रणाली** : कार्यालयले प्रचलित ऐन नियमको पालना गरी आन्तरिक नियन्त्रण व्यवस्था भरपर्दो र प्रभावकारी बनाउनुपर्दछ । आन्तरिक नियन्त्रण व्यवस्थाको मूल्याङ्कन गर्दा जिन्सी निरीक्षण प्रतिवेदनमा लिलाम, मर्मत र मिन्हा गर्नु पर्ने तथा मुल्य खुलाउनुपर्नेमा व्यहोराको कार्यान्वयन नभएको कर्मचारीहरुको कार्य विवरण तयार नगरेको, सफ्टवेयर लागु भएकोमा हातले सच्चाएको रकम दाखिला भएको फाजिल कर्मचारी समायोजन नभएको, कारोवारको अन्तिम जाँचबुझ गरी विश्वस्त हुने आधार तयार नभएको, जस्ता व्यहोरा देखिएका छन् । प्रचलित ऐन नियमको पालना गरी आन्तरिक नियन्त्रण सुदृढ गर्नुपर्दछ ।

२. **रसिदहरुको अभिलेख** : कार्यालयबाट प्राप्त २०७२।७३ को नगदी रसिद व्लुवुक, होलोग्राम सवारी चालक अनुमती पत्रको आम्दानी खर्च विवरणमा उल्लेख भएका नगदी रसिद ठेलीहरुमध्ये यस वर्ष खर्च भई बाँकी रहेका ठेलीहरुको रसिदको संख्या, शुरु रसिद र अन्तिम रसिद नम्वर समेत खुल्ने गरी विवरण तयार गरेको पाइएन । त्यस्तो विवरण तयार गरी प्रयोग भएका र बाँकी रसीदहरु यकिन गर्नुपर्दछ ।

३. **अग्रिम कर** : आयकर ऐन, २०५८ को दफा ८९ अनुसार कुनै पनि फर्म वा निर्माण व्यवसायीसंग ५० हजारभन्दा वढीको खरिद कार्य गराई भुक्तानी दिंदा १.५ प्रतिशत अग्रिम आयकर कट्टा गर्नुपर्दछ । विभिन्न ६ फर्म तथा निर्माण व्यवसायीलाई भुक्तानी गर्दा रु.२२,९६८।- अग्रिम आयकर कट्टा गर्नुपर्नेमा रु.१३१६१।- मात्र कट्टा गरेको देखिएकोले नपुग कर रु. ९,८०७/- असुल गर्नुपर्दछ ।

४. **घटी दाखिला** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ९ मा राजस्व रकम बुझ्ने र दाखिला गर्ने व्यवस्था रहेको छ । कार्यालयले २०७३।३।३१ मा २ चक्के सवारी कर वापत रु. ९,२२,९००।- नगद प्राप्त गरेकोमा रु.९,१९,९००।- मात्र राजस्व दाखिला गरेको हुँदा नपुग रु.३,०००।- दाखिला गर्नुपर्दछ ।

## राष्ट्रिय चिया तथा कफि विकास बोर्ड, क्षेत्रीय कार्यालय

१ **आन्तरिक नियन्त्रण प्रणाली** : कार्यालयले प्रचलित ऐन नियमको पालना गरि आन्तरिक नियन्त्रण व्यवस्था भरपर्दो र प्रभावकारी बनाउनुपर्दछ । आन्तरिक नियन्त्रण व्यवस्थाको मूल्याङ्कन गर्दा जिन्सी निरीक्षण प्रतिवेदनमा लिलाम, मर्मत र मिन्हा गर्नुपर्ने तथा मुल्य खुलाउनुपर्ने जस्ता व्यहोराको कार्यान्वयन नभएको, खरिद योजना तयार नगरेको, वार्षिक आर्थिक कारोवारको प्रतिवेदन तयार नगरेको जस्ता व्यहोरा देखिएका छन् । प्रचलित ऐन नियमको पालना गरी आन्तरिक नियन्त्रण सुदृढ गर्नुपर्दछ ।

२. **मूल्य अभिवृद्धी करको जानकारी नदिएको :** मूल्य अभिवृद्धि कर नियमावली अनुसार आपूर्तिकर्ताबाट सामान खरिद गरी भुक्तानी दिदा आपूर्तिकर्तालाई मूल्य अभिवृद्धि कर बापत भएको भुक्तानीको जानकारी सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा दिनुपर्नेमा एक निजी कम्पनीलाई रु.१,५२,७५०/- भुक्तानी दिएकोमा सो जानकारी सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा दिएको छैन । भुक्तानीको जानकारी दिई कर समायोजन गर्नुपर्दछ ।

## स्थानीय विकास कोषको सचिवालय

१ **आन्तरिक नियन्त्रण :** विभिन्न ऐन नियम एवं कार्यबिधिमा उल्लेख भएका कार्यालयको कामसंग सम्बन्धित आन्तरिक नियन्त्रणको व्यबस्थाको कार्यान्वयन गर्नु पर्दछ । कार्यालयमा पुराना सामानको मर्मत संभार र लिलाम बिक्री कार्य नभएको, मूल्य नखुलेका पुराना सामानको मूल्य कायम गराई नराखेको, खर्च भएका सबै बिल भरपाईहरुमा सिलसिलेवार नम्बर राखी अधिकार प्राप्त अधिकारीबाट प्रमाणीत गरी भुक्तानी भएको जनाउने छाप लगाई नराखेको, सुशासन सञ्चालन ( कार्यविधि नियमावली), २०६५ अनुसार अनुगमन संयन्त्र तर्जुमा नगरेको, तालुक कार्यालयले निरीक्षण नगरेको, वार्षिक प्रतिवेदन तयार नगरेको, चौमासिक रुपमा वार्षिक कार्यक्रम स्वीकृत गरी सोही बमोजिम चौमासिक रुपमा लक्ष्य तोकी बजेट विनियोजन भएकोमा सोहीबमोजिम खर्च हुने नगरेको जस्ता व्यहोरा देखिएकोले आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउनु पर्ने देखिन्छ ।

२ **बार्षिक लक्ष्य प्रगति :** प्राप्त वार्षिक लक्ष्य प्रगति विवरण अनुसार १ योजनाको शून्य र १४ योजनाको ७५ प्रतिशतसम्म वार्षिक प्रगति रहेको पाइयो । कार्यालयले लक्षित प्रगति प्राप्त गर्नुपर्दछ ।

३ **आन्तरिक लेखापरीक्षण :** स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा २३२(१) अनुसार जिल्ला विकास समितिको आन्तरिक लेखापरीक्षण आन्तरिक लेखापरीक्षण शाखाले गर्नुपर्ने व्यवस्था छ । कोषको आन्तरिक लेखापरीक्षण मासिक रुपमा गर्नुपर्नेमा वार्षिक रुपमा गरेको पाइयो । नियमको प्रावधान अनुरुप कार्य योजना बनाई मासिक रुपमा आन्तरिक लेखापरीक्षण गर्नुपर्दछ ।

४ **उठ्न बाँकी ब्याज** : कोषले गरेको लगानीको ब्याज समयमा असुल गर्नुपर्दछ । लेखापरीक्षणमा प्राप्त विवरण अनुसार २०७२।७३ को अन्त्यसम्म १८ संस्थालाई लगानी भएको रु.१ करोड २६ लाख ३ हजारमा उठ्न बाँकी ब्याज रु.२ लाख ६७ हजार असुल हुनुपर्दछ ।

## सशस्त्र प्रहरी बल पाथीभरा गण

१ **आन्तरिक नियन्त्रण प्रणाली :** कार्यालयले प्रचलित ऐन नियमको पालना गरि आन्तरिक नियन्त्रण व्यवस्था भरपर्दो र प्रभावकारी बनाउनुपर्दछ । आन्तरिक नियन्त्रण व्यवस्थाको मूल्याङ्कन गर्दा जिन्सी निरीक्षण प्रतिवेदनमा लिलाम, मर्मत र मिन्हा गर्नु पर्ने तथा मुल्य खुलाउनुपर्ने व्यहोराको कार्यान्वयन नभएको, जग्गाका स्वामित्व गणको नाममा आई नसकेको, कारोवारको अन्तिम जांच वुझ गरी विश्वस्त हुने आधार तय नभएको जस्ता व्यहोरा देखिएका छन् । प्रचलित ऐन नियमको पालना गरी आन्तरिक नियन्त्रण सुदृढ गर्नुपर्दछ ।

२. **धरौटी फिर्ता :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ६६ मा धरौटी फिर्ता गर्दा सम्बन्धित व्यवसायीको मूल्य अभिवृद्धि कर समायोजन पत्र र कर चुक्ता प्रमाण पत्र पेश गर्नुपर्ने व्यवस्था भएकोमा एक इन्टरप्राईजेजको धरौटी रु.२०,७५,१५४।- फिर्ता गर्दा कर समायोजन पत्रको आधारमा मात्र फिर्ता गरेको देखिएकोले कर चुक्ता प्रमाण पत्र पेश हुनुपर्दछ ।

## सशस्त्र प्रहरी बल सीमा सुरक्षा कार्यालय

१ **आन्तरिक नियन्त्रण प्रणाली :** कार्यालयले प्रचलित ऐन नियमको पालना गरी आन्तरिक नियन्त्रण व्यवस्था भरपर्दो र प्रभावकारी बनाउनुपर्दछ । आन्तरिक नियन्त्रण व्यवस्थाको मूल्याङ्कन गर्दा जिन्सी निरीक्षण प्रतिवेदनमा लिलाम, मर्मत र मिन्हा गर्नुपर्ने तथा मुल्य खुलाउनुपर्नेमा व्यहोराको

कार्यान्वयन नभएको कर्मचारी अभिलेख प्रमाणित गरी राशन भत्ता खर्च नलेखेको, कारोवारको अन्तिम जांवुभ गरी विश्वस्त हुने आधार तय नभएको जस्ता व्यहोरा देखिएका छन् । प्रचलित ऐन नियमको पालना गरी आन्तरिक नियन्त्रण सुदृढ गर्नुपर्दछ ।

## सिंचाई विकास डिबिजन

१ **आन्तरिक नियन्त्रण प्रणाली** : कार्यालयले प्रचलित ऐन नियमको पालना गरी आन्तरिक नियन्त्रण व्यवस्था भरपर्दो र प्रभावकारी बनाउनुपर्दछ । आन्तरिक नियन्त्रण व्यवस्थाको मूल्याङ्कन गर्दा कर्मचारीहरुको कार्य विवरण तयार नगरेको, ३ पदपूर्ति नभएको जस्ता व्यहोरा देखिएका छन् । प्रचलित ऐन नियमको पालना गरी आन्तरिक नियन्त्रण सुदृढ गर्नुपर्दछ ।

२. **लक्ष्य प्रगति** : आर्थिक कार्यबिधि नियमाबली, २०६४ को नियम २० संग सम्बन्धित अनूसुची २ अनुसारको प्रगति विवरण प्राप्त नभएकोले हालसम्मको भौतिक र वित्तीय प्रगति यकिन गर्न सकिएन । नियमावलीले तोकेवमोजिमको ढाँचामा वार्षिक लक्ष्य अनुसार प्रगति गरी प्रगति विवरण तयार गर्नुपर्दछ ।

३. **अख्तियारी** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३(२) मा स्वीकृत वार्षिक कार्यक्रम र खर्च गर्ने अख्तियारी सम्वन्धित मन्त्रालयले आर्थिक वर्ष शुरु भएको १५ दिनभित्र सम्बन्धित कार्यालयमा पठाउनुपर्ने व्यवस्था छ । यस डिभिजनमा ५ बजेट उपशीर्षकमा आषाढ महिनामा रु.४,२१,३२,०००।- को थप अख्तियारी प्राप्त भएको देखियो । तालुक विभागबाट समयमा नै अख्तियारी प्रदान गर्नुपर्दछ ।

४. **खर्चको स्थिति** : कार्यालयले वार्षिक बजेट तथा स्वीकृत कार्यक्रमका आधारमा चौमासिक लक्ष्य अनुसार खर्च गरी कार्यक्रम सञ्चालन गर्नुपर्दछ । कार्यालयले पूँजीगत खर्चको ६९.२९ प्रतिशतदेखि १०० प्रतिशत र आषाढ महिनामा मात्र कार्यक्रमको ३०.३५ प्रतिशतदेखि १०० प्रतिशतसम्म खर्च गरेको छ । बर्षान्तमा बढी खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्ने देखिन्छ ।

५ **भौतिक प्रगति** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९ मा लागत अनुमान तयार गर्दा विचार गर्नुपर्ने विभिन्न कुराहरुको व्यवस्था छ । कार्यालयले मूल नहर र नहरको संरचना पुनरनिर्माण निर्माण कार्यको लागत अनुमान तयार गर्दा विभिन्न प्याकेजमा टुक्रयाई जल उपभोक्ता समितिको योगदान, भुक्तानी र निर्माण व्यवसायीसंग खरिद सम्झौताको भुक्तानी गरेको देखियो । सोको अलग अलग निर्माण अभिलेख राखेको पाईयो । यसवाट कार्यको एकिकृत एवं यथार्थ भौतिक तथा वित्तिय प्रगतिको स्थिति स्पष्ट भएन ।

६. **निर्माण कार्यको अभिलेख** : कार्यालयले उपभोक्ता समितिहरु मार्फत् र ठेक्कामा निर्माण गरेका संरचनाहरु निर्माणको कार्यको सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३(१) बमोजिम अभिलेखाङ्कन गरेको देखिएन ।

७. **प्रोजेक्ट प्रोफाइल** : कार्यालयले आफ्नो क्षेत्रभित्र सञ्चालन भएका सिंचाई सम्बन्धी कार्यहरुको संचालन अवधिदेखि हालसम्मको वस्तुस्थिति अवगत हुने गरी आयोजनागत प्रोफाइल अद्यावधिक गरी राख्नुपर्नेमा राखेको पाइएन ।

८. **खर्चको सार्वजनिकीकरण** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(७) बमोजिम उपभोक्ता समिति वा लाभग्राही समुदायले आफूले प्रत्येक किस्तामा गरेको खर्चको सूचना सार्वजनिक स्थानमा टाँस गरी खर्चको सार्वजनिकीकरण गर्नुपर्ने व्यवस्था छ । कार्यालयले २ कार्यक्रमको रु.६८,४२,८२८।- को खर्च सार्वजनिकीकरण नगरेबाट खर्चको पारदर्शीता देखिएन । खर्च सार्वजनिक गर्ने व्यवस्था मिलाउनु पर्दछ ।

९. **धरौटी** : मूल्य अभिवृद्धि कर समायोजन पत्र बेगर बैंक ग्यारेन्टीका आधारमा एक निर्माण सेवाको रु.५,३२,६९२।- र एक कन्स्ट्रक्शनको रु.१६,१४,५७३।- को धरौटी फिर्ता दिएको देखियो । मूल्य

अभिवृद्धि कर समायोजन र कर चुक्ता प्रमाण पत्र पेश नगरी वैंक ग्यारेन्टीका आधारमा धरौटी फिर्ता गर्नु नियमसम्मत देखिएन । उक्त वैंक ग्यारेन्टी फुकुवा गर्दा उक्त निर्माण व्यवसायीहरुको मूल्य अभिवृद्धि कर समायोजन पत्र र कर चुक्ता प्रमाण पत्र संलग्न गरी मात्र फुकुवा गर्नुपर्दछ ।

१०. **कन्टिन्जेन्सी खर्च** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १०(७) मा निर्माण कार्यको लागत अनुमान तयार गर्ने र उक्त लागत अनुमान तयार गर्दा ५ प्रतिशतसम्म कन्टिजेन्सी खर्च गर्न सकिने व्यवस्था रहेको छ। कार्यालयले कार्यक्रम खाता र कन्टिजेन्सीको अभिलेख राखेको देखिएन । यस वर्ष रु.१,७१,४९,६६७- कन्टिजेन्सी खर्च गरेको विवरण प्राप्त भएको छ। कन्टिजेन्सीको अभिलेख नभएवाट सीमा नाघे ननाघेको यकिन गर्न सकिएन । कार्यक्रम खाता तयार गरी सो अनुसारको कन्टिजेन्सी अभिलेख राख्नुपर्दछ ।

११. **अग्रिम कर** : आय कर ऐन, २०५८ को दफा ८९(१) अनुसार ठेक्का वा करार बापत रु.५००००। भन्दा माथिको रकम भुक्तानी दिँदा भुक्तानीको कुल रकममा १.५ प्रतिशत अग्रिम आयकर कट्टा गर्नुपर्ने व्यबस्था छ । कार्यालयले उपभोक्ता समुह मार्फत १४ आपूर्तिकर्ताबाट सामग्री आपूर्ति गरेकोमा अग्रिम कर कट्टा नगरेको रु.४९,८८२/- असुल गर्नुपर्दछ ।

१२. **कर विजक** : मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम १७(१) मा दर्ता भएको व्यक्तिले कुनै वस्तु वा सेवा आपूर्ति गर्दा कर अधिकृतले अन्यथा स्वीकृत गरेदेखि बाहेक प्रापकलाइं अनुसूची ५ र ५(क) बमोजिमको ढांचामा कर वीजक दिनुपर्ने व्यवस्था छ। पाईप खरीद गर्दा एक आपूर्तकले पेश गरेको रु.१,२०,८८२।- को कर विजकमा मूल्य अभिवृद्धि कर बापत रु.१५,७१५।- उल्लेख भएकोमा उक्त कर वीजकमा वीजक नम्बर उल्लेख नभएकोले मूल्य अभिवृद्धि कर समायोजन गरेको प्रमाण पेश हुनुपर्दछ ।

१३. **सामान उपयोग** : यस वर्ष सम्झौता अनुसार अन्तिम बिलमा रु.१,५१,५१२।- वरावरको फिटीङ्गस आईटमहरु ठेक्का बिल र कार्यसम्पन्न प्रतिवेदनमा समावेश भएको देखिएन । उक्त फिटीङ्ग सामग्रीहरु योजनामा उपयोग भएको प्रमाण पेश गर्नुपर्दछ ।

१४. **पेश्की बाँकी** : आर्थिक बर्षको अन्त्यमा ५ निर्माण व्यवसायीको नाममा बाँकी रहेको रु. २,०५,७०,०००/- पेश्की सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११३ अनुसार फछ्र्यौट गर्नुपर्दछ ।

## आन्तरिक लेखापरीक्षण

यस जिल्ला अन्तरगत ६६ कार्यालयको आन्तरिक लेखापरीक्षण कोष तथा लेखा नियन्त्रक कार्यालयबाट सम्पन्न भएको छ। आन्तरिक लेखापरिक्षण प्रतिवेदनअनुसार ५५ कार्यालयको बेरुजू नदेखिएको जनाएको छ। यस बर्ष आन्तरिक लेखापरीक्षणको आधारमा लेखापरीक्षण सम्पन्न गरिएका २१ मध्ये निम्न ४ कार्यालयको रु.४,४७,४०२।- बेरुजू बाकी देखिएको छ। २ कार्यालयको सम्बन्धित कार्यालयको ऐन अनुसार छुट्टै निकायबाट आन्तरिक लेखापरिक्षण सम्पन्न भएको छ। आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ९६ अनुसार आन्तरिक लेखापरीक्षणबाट औंल्याएको बेरुजू अन्तिम लेखापरीक्षण अगावै फछ्यौट गर्नुपर्नेमा बाँकी देखिएकोले नियमानुसार फछ्यौट गर्नुपर्दछ।

| सि न | कार्यालय | शीर्षक | व्यहोरा | | रकम (रु) |
|---|---|---|---|---|---|
| १ | पूर्वान्चल क्षेत्रीय सडक निर्देशनालय | ३३७०१५३ | पेश्की बाकी - ह.स.चा. लिलानाथ लुइटेलको | | ४००००।- |
| २ | खाध्य क्वारेन्टाइन प्रयोगशाला | धरोटी | तोकिएको ढांचामा धरौटीको कारोवार नराखेको | | सैद्धान्तिक |
| ३ | नेपाल इन्टर मोडेल विकास समिति | कोष | जिन्सी निरीक्षण प्रतिवेदन कार्यान्वयन नभएको | | सैद्धान्तिक |
| ४ | ग्रामिण विकास प्रशिक्षण केन्द्र | कोष | भ्रमण विल बढी भूक्तानी | २९१५०। | ४०७४०२।- |
| | | | अग्रिम कर कटट नगरेको | ३७७०। | |
| | | | स्वआर्जन खातामा दखिला गर्नुपर्ने | १३१३१०। | |
| | | | कल्याणकारी कोषमा दखिला गर्नुपर्ने | २४३१७२। | |
| | | | | **जम्मा** | ४,४७,४०२।- |

**(जीवन प्रसाद सुवेदी )**
**नायब महालेखारीक्षक**

अनुसूची १

# लेखापरीक्षण गरिएका कार्यालय र लेखापरीक्षण अंक

## लेखापरीक्षण विधिः विस्तृत

(रु लाखमा)

| क.स. | कार्यालयको नाम | विनियोजन निकासा | राजस्व असुली | धरौटी आम्दानी | अन्य कारोवार | लेखापरीक्षण अङ्क |
|---|---|---|---|---|---|---|
| १. | २१ नं. बाहिनी | १०९२ | ० | ११ | ० | ११०३ |
| २. | काली बहादुर गण | २१७३ | २ | १४ | ० | २१८९ |
| ३. | जिल्ला शिक्षा कार्यालय | १७४४४ | ३९५ | ८ | ४१ | १७८८८ |
| ४. | मेची भंसार कार्यालय | ५६७ | ७०६७७ | ९२९ | ४८३ | ७२६५६ |
| ५. | आन्तरिक राजस्व कार्यालय | ३१९ | ४४९६० | ७० | ५०६ | ४५८५५ |
| ६. | जिल्ला विकास समिति कार्यालय | ० | ० | ० | २५३२० | २५३२० |
| ७. | जिल्ला प्राविधिक कार्यालय | ५४९ | ० | ४ | ० | ५५३ |
| ८. | मालपोत कार्यालय, चन्द्रगढी | १९० | २१४७ | २६ | २१०० | ४४६३ |
| ९. | मालपोत कार्यालय, दमक | ४०० | १३३२ | ११ | १४४२ | ३१८५ |
| १०. | नापी कार्यालय, चन्द्रगढी | ३९९ | ६४ | ६ | ३ | ४७२ |
| ११. | नापी कार्यालय, दमक | १४८ | ३२ | ० | ४ | १८४ |
| १२. | मेची बहुमुखी क्याम्पस | ० | ० | ० | ८४० | ८४० |
| १३. | जिल्ला स्वास्थ्य कार्यालय | २३९४ | १५ | ५ | १२१ | २५३५ |
| १४. | जिल्ला आयुर्वेद कार्यालय | १८३ | १ | ४ | ० | १८८ |
| १५. | मेची अंचल अस्पताल | ५३९ | ० | २२ | २३६ | ७९७ |
| १६. | शैक्षिक तालिम केन्द्र | ७९ | ० | ० | ० | ७९ |
| १७. | जिल्ला अदालत | ३९४ | १८० | ६५६ | १७ | १२४७ |
| १८. | जिल्ला निर्वाचन कार्यालय | ६७ | ० | ६ | १ | ७४ |
| १९. | स्थानिय विकास कोषको सचिवालय | ० | ० | ० | २११ | २११ |
| २०. | कोष तथा लेखा नियन्त्रक कार्यालय | १२१ | १ | १ | ० | १२३ |
| २१. | सिप विकास तालिम केन्द्र | ११६ | ० | १ | ० | ११७ |
| २२. | जिल्ला वन कार्यालय | ५९१ | ८० | १३८ | २३१ | १०४० |
| २३. | डिभिजन सडक कार्यालय | ५२६२ | २७ | ४५६ | ००.०० | ५७४५ |
| २४. | जिल्ला प्रशासन कार्यालय | ३०१ | १०२३ | १३० | ३७९ | १८३३ |
| २५. | पर्यटन कार्यालय | ६५१ | २० | १० | ६६ | ७४७ |
| २६. | खानेपानी तथा सरसफाई डिभिजन | २६५१ | १० | २५४ | २३ | २९३८ |
| २७. | जिल्ला कारागार कार्यालय | ३२० | ००.०० | १ | ५ | ३२६ |
| २८. | जिल्ला पशु विकास कार्यालय | ४७८ | ४ | ३ | १९ | ५०४ |
| २९. | जिल्ला हुलाक कार्यालय | ४८२ | ७० | १५ | १०१७ | १५८४ |
| ३०. | चन्द्रडांगी विउ विजन तथा दुग्ध | ५७ | ० | ० | ४७ | १०४ |
| ३१. | जनताको तटवन्ध कार्यक्रम फिल्ड | ३००८ | ४ | २२१ | ००.०० | ३२३३ |
| ३२. | यातायात व्यवस्था कार्यालय मेची | १२९ | ३०३५ | १० | ००.०० | ३१७४ |
| ३३. | जिल्ला प्रहरी कार्यालय झापा | २२०० | १ | २९ | ३३१ | २५६१ |
| ३४. | जल उत्पन्न प्रकोप नियन्त्रण डिभिजन | १५२९ | ० | ४५ | ० | १५७४ |
| ३५. | जिल्ला भु संरक्षण कार्यालय | २६६ | ०.०० | ० | ० | २६६ |
| ३६. | डिभिजन सहकारी कार्यालय | १०४ | २ | १ | ० | १०७ |
| ३७. | जिल्ला कृषि विकास कार्यालय | ६६७ | २ | ६ | ७ | ६८२ |
| ३८. | सिचाई विकास डिभिजन | १७१९ | ४ | २१३ | ० | १९३६ |
| ३९. | कन्काई सिचाई व्यवस्थापन डिभिजन | ५६९ | ५८ | ४९ | ० | ६७६ |
| ४०. | राष्ट्रिय चिया तथा कफि विकास वोर्ड क्षेत्रीय कार्यालय | ६६ | ० | १ | ० | ६७ |
| ४१. | सशस्त्र प्रहरीवल पाथीभरा गण लखनपुर | २३४३ | ० | २१ | ० | २३६४ |
| ४२. | सशस्त्र प्रहरीवल सीमा सुरक्षा कार्यालय | १४८७ | ० | १२ | ० | १४९९ |
| ४३. | इलाका प्रशासन कार्यालय दमक | ५१ | ३८२ | ० | ० | ४३३ |
| ४४. | वडा प्रहरी कार्यालय भद्रपुर | २९९ | ० | ० | ० | २९९ |

| क.स. | कार्यालयको नाम | विनियोजन निकासा | राजस्व असुली | धरौटी आम्दानी | अन्य कारोवार | लेखापरीक्षण अङ्क |
|---|---|---|---|---|---|---|
| ४५. | अञ्चल सशस्त्र प्रहरी गुल्म मेची अनुसन्धान | ३७९ | ० | ० | ० | ३७९ |
| ४६. | सशस्त्र प्रहरीवल राजस्व तथा भन्सार गस्ती | २३१ | ० | ४ | ० | २३५ |
| ४७. | अध्ययनगमन कार्यालय काकडभित्ता | २१ | ८४ | ० | ० | १०५ |
| ४८. | अञ्चल प्रहरी कार्यालय मेची | २९४ | १ | ०.०० | ० | २९५ |
| ४९. | इलाका प्रहरी कार्यालय काकडभित्ता | ३७२ | ० | ० | ० | ३७२ |
| ५०. | इलाका प्रहरी कार्यालय दमक | ४०६ | ० | ० | ० | ४०६ |
| ५१. | इलाका प्रहरी कार्यालय धुलावारी | १९१ | ० | ० | ० | १९१ |
| ५२. | राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालय चन्द्रगढी | ८४ | ० | २ | ० | ८६ |
| | जम्माः | ५४३८२ | १२४६१३ | ३३९५ | ३३४५० | २१५८४० |

**लेखापरीक्षण विधिः आन्तरिक लेखापरीक्षण र केन्द्रीय आर्थिक विवरणको आधारमा** (रु लाखमा)

| क.स. | कार्यालयको नाम | विनियोन/ निकासा | राजस्व असुली | धरौटी आम्दानी | अन्य कारोवार | लेखापरीक्षण अङ्क |
|---|---|---|---|---|---|---|
| १. | इन्टरमोडल यातायात विकास समिति | १९७ | २९० | १ | ० | ४८८ |
| २. | ग्रामिण विकास प्रशिक्षण केन्द्र | ४४ | ० | ० | ३९ | ८३ |
| ३. | करदाता सेवा कार्यालय, दमक | ४६ | २५७२ | ० | ० | २६१८ |
| ४. | जिल्ला सरकारी वकिल कार्यालय | ४७ | ० | ० | ० | ४७ |
| ५. | घरेलु तथा साना उधोग कार्यालय | ८० | १७२ | २ | ० | २५४ |
| ६. | विशेष नापी कार्यालय | ६१ | ० | ० | ० | ६१ |
| ७. | श्रम कार्यालय | २५ | ० | ० | ० | २५ |
| ८. | नं. २१ फि.ए.गुल्म | २६ | ० | १ | ० | २७ |
| ९. | भुमिसुधार कार्यालय | ८४ | १ | ७ | १ | ९३ |
| १०. | पूर्वाञ्चल क्षेत्रीय सडक कार्यालय | ३११ | ० | १०५ | ००.०० | ४१६ |
| ११. | खाद्य क्वारेन्टायन प्रयोगशाला | ३९ | १० | १ | ००.०० | ५० |
| १२. | जिल्ला ट्राफिक प्रहरी कार्यालय, विर्तामोर्ड | ००.०० | १७७ | ००.०० | ००.०० | १७७ |
| १३. | इलाका प्रहरी कार्यालय अनारमनि | ३८९ | ००.०० | ००.०० | ००.०० | ३८९ |
| १४. | इलाका प्रहरी कार्यालय झिलझिले | २१८ | ००.०० | ००.०० | ००.०० | २१८ |
| १५. | इलाका प्रहरी कार्यालय, गौरीगञ्ज | १९९ | ००.०० | ००.०० | ००.०० | १९९ |
| १६. | पशु क्वारेन्टायइन कार्यालय काकडभिट्टा | ६८ | ००.०० | ०.०० | ००.०० | ६८ |
| १७. | क्षेत्रीय प्लान्त क्वारेन्टायन कार्यालय काकडभिट्टा | ९२ | १२ | १ | ००.०० | १०५ |
| १८. | क्षेत्रीय माटो परीक्षण प्रयोगशाला | ३४ | ० | ६ | ००.०० | ४० |
| १९. | हेभी इक्वीपमेन्ट/ यान्त्रिक कार्यालय | १०० | १५ | १८ | ००.०० | १३३ |
| २०. | मेचीपूल विर्तामोर्ड | २० | ००.०० | ००.०० | ००.०० | २० |
| २१. | महिला विकास कार्यालय | २०० | ००.०० | ००.०० | ४९ | २४९ |
| २२. | इलाका प्रशासन कार्यालय गौरीगञ्ज | १३ | २४ | ००.०० | ००.०० | ३७ |
| २३. | इलाका हुलाक कार्यालय दमक | ००.०० | १ | ००.०० | ००.०० | १ |
| | जम्माः | २२९३ | ३२७४ | १४२ | ८९ | ५७९८ |
| | **कुल जम्माः** | **५६६७५** | **१२७८८७** | **३५३७** | **३३५३९** | **२२१६३८** |

अनुसूची २

# बेरुजूको स्थिति

(रु हजारमा)

| क.स. | कार्यालयको नाम | सूरु बेरुजू | | प्रतिक्रियावाट फछ्यौट तथा समायोजन | | बाँकी दफा र बेरुजू | | | | | असुली | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | दफा | रकम | दफा | रकम | दफा | असुल गर्नुपर्ने | अनियमित | पेश्की | जम्मा | ले.प.को कममा | प्रतिक्रिया बाट | जम्मा |
| १. | आन्तरीक राजस्व कार्यालय | ५५ | ५२५२६ | २४ | ० | ३१ | ५२५२६ | ० | ० | ५२५२६ | ० | ० | ० |
| २. | कंकाइ सिंचाइ विकास डिभिजन | ८ | ९७३७ | १ | ० | ७ | ० | २३७ | ९५०० | ९७३७ | ० | ० | ० |
| ३. | खाध्य क्वारेन्टाइन प्रयोगशाला | १ | सैद्धान्तिक | ० | ० | १ | ० | ० | ० | ० | ० | ० | ० |
| ४. | खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय | ३४ | १७३६२ | ३ | १५९८ | ३१ | ७८ | १२०१० | ३६७६ | १५७६४ | ० | ० | ० |
| ५. | चन्द्रडांगी विऊ विजन तथा दुग्ध विकास समिति | ७ | ५ | २ | ० | ५ | ५ | ० | ० | ५ | ० | ० | ० |
| ६. | जनताको तटबन्ध कार्यक्रम फिल्ड कार्यालय | १७ | ३८७२४ | ३ | ० | १४ | ० | ३८७२४ | ० | ३८७२४ | ० | ० | ० |
| ७. | जल उत्पन्न प्रकोप नियन्त्रण डिभिजन | ९ | २३४ | ० | ० | ९ | ११ | २२३ | ० | २३४ | ३ | ० | ३ |
| ८. | जिल्ला आयुर्वेद कार्यालय | ४ | १३९ | २ | ० | २ | १३९ | ० | ० | १३९ | ० | ० | ० |
| ९. | जिल्ला कारागार कार्यालय | ४ | सैद्धान्तिक | १ | ० | ३ | ० | ० | ० | ० | ० | ० | ० |
| १०. | जिल्ला कृषि विकास कार्यालय | ९ | सैद्धान्तिक | ४ | ० | ५ | ० | ० | ० | ० | ० | ० | ० |
| ११. | जिल्ला प्राविधिक कार्यालय | ७ | सैद्धान्तिक | १ | ० | ६ | ० | ० | ० | ० | ० | ० | ० |
| १२. | जिल्ला प्रशासन कार्यालय | १७ | ८७६ | ७ | ० | १० | १८३ | ६८३ | ० | ८७६ | ० | ० | ० |
| १३. | जिल्ला प्रहरी कार्यालय | १३ | २८६० | ५ | ० | ८ | ० | ० | २८६० | २८६० | १३ | ० | १३ |
| १४. | जिल्ला पशु विकास कार्यालय | ८ | सैद्धान्तिक | ३ | ० | ५ | ० | ० | ० | ० | ४ | ० | ४ |
| १५. | जिल्ला वन कार्यालय | २८ | ६४४ | ५ | ० | २३ | ३८१ | २६३ | ० | ६४४ | ० | ० | ० |
| १६. | जिल्ला विकास समिति | ७३ | १०००३८ | ३३ | ० | ४० | ८१८४ | २५७९६ | ६६०५८ | १०००३८ | ० | ० | ० |
| १७. | जिल्ला भूसंरक्षण कार्यालय | १५ | १४३ | ४ | ० | ११ | ० | १४३ | ० | १४३ | ० | ० | ० |
| १८. | जिल्ला जनस्वास्थ्य कार्यालय | २३ | ११३३ | ७ | ० | १६ | १३३ | १००० | ० | ११३३ | ० | ० | ० |
| १९. | जिल्ला शिक्षा कार्यालय | १२ | १२४२०२ | १ | ० | ११ | ३७१ | १२२४२० | १४११ | १२४२०२ | ० | ० | ० |
| २०. | जिल्ला हुलाक कार्यालय | ६ | सैद्धान्तिक | २ | ० | ४ | ० | ० | ० | ० | ० | ० | ० |
| २१. | डिभिजन सडक कार्यालय दमक | ३१ | ६५५३२ | ५ | ० | २६ | ६२० | ५८७२ | ५९०४० | ६५५३२ | ० | ० | ० |
| २२. | डिभिजन सहकारी कार्यालय | १३ | ३२७८ | ५ | ० | ८ | २ | ५५ | ३२२१ | ३२७८ | ० | ० | ० |
| २३. | नापी कार्यालय, चन्द्रगढी | ४ | २३३० | १ | ० | ३ | ० | ० | २३३० | २३३० | ० | ० | ० |
| २४. | नापी कार्यालय,दमक | ९ | सैद्धान्तिक | ८ | ० | १ | ० | ० | ० | ० | ० | ० | ० |
| २५. | पर्यटन कार्यालय | २१ | १५८४ | ७ | ० | १४ | २२ | ० | १५६२ | १५८४ | ० | ० | ० |
| २६. | नेपाल इन्टर मोडेल विकास समिति | २ | सैद्धान्तिक | ० | ० | २ | ० | ० | ० | ० | ० | ० | ० |
| २७. | पूर्बान्चल क्षेत्रीय सडक निर्देशनालय | १ | ४० | ० | ० | १ | ० | ० | ४० | ४० | ० | ० | ० |

| क.स. | कार्यालयको नाम | सूरु बेरुजू | | प्रतिक्रियावाट फछ्यौट तथा समायोजन | | बाँकी दफा र बेरुजू | | | | | असुली | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | दफा | रकम | दफा | रकम | दफा | असुल गर्नुपर्ने | अनियमित | पेश्की | जम्मा | ले.प.को कममा | प्रतिक्रिया बाट | जम्मा |
| २८. | व्यवसायिक तथा सिप विकास तालिम केन्द्र | २ | ६४ | ० | ० | २ | ० | ६४ | ० | ६४ | ० | ० | ० |
| २९. | मालपोत कार्यालय,चन्द्रगढी | ९ | २१४२ | १ | ० | ८ | २१४२ | ० | ० | २१४२ | ० | ० | ० |
| ३०. | मालपोत कार्यालय, दमक | ९ | २९६९ | ४ | ० | ५ | २४६९ | ५०० | ० | २९६९ | ० | ० | ० |
| ३१. | मेची अंचल अस्पताल | १५ | १३८२ | १ | ० | १४ | ० | १३८२ | ० | १३८२ | ० | ० | ० |
| ३२. | मेची बहुमुखी क्याम्पस | ९ | २५३४ | ० | ० | ९ | २३४ | १२२२ | १०७८ | २५३४ | ० | ० | ० |
| ३३. | मेची भंसार कार्यालय | २५ | १८८८५ | १ | ० | २४ | १८१६२ | ७२३ | ० | १८८८५ | ० | ० | ० |
| ३४. | यातायात व्यवस्था कार्यालय मेची अंचल | ९ | १३ | ५ | ० | ४ | १३ | ० | ० | १३ | ० | ० | ० |
| ३५. | राष्ट्रिय चिया तथा कफि विकास वोर्ड | ४ | सैद्धान्तिक | २ | ० | २ | ० | ० | ० | ० | ० | ० | ० |
| ३६. | स्थानिय विकास कोषको सचिवालय | ६ | २३७ | २ | ० | ४ | २३७ | ० | ० | २३७ | ० | ० | ० |
| ३७. | ग्रामीण विकास प्रशिक्षण केन्द्र | ४ | ४०७ | ० | ० | ४ | ४०७ | ० | ० | ४०७ | ० | ० | ० |
| ३८. | सशस्त्र प्रहरी बल पाथीभरा गण | ४ | सैद्धान्तिक | २ | ० | २ | ० | ० | ० | ० | ० | ० | ० |
| ३९. | सशस्त्र प्रहरी बल सीमा सुरक्षा कार्यालय | ५ | सैद्धान्तिक | ४ | ० | १ | ० | ० | ० | ० | ६९९ | ० | ६९९ |
| ४०. | सिंचाइ विकास डिभिजन | २१ | **२०७८७** | ७ | **०** | १४ | ५० | १६७ | २०५७० | २०७८७ | ६ | ० | ६ |
| | **जम्मा** | **५५३** | **४७०८०७** | **१६३** | **१५९८** | **३९०** | **८६३६९** | **२११४९४** | **१७१३४६** | **४६९२०९** | **७२५** | **०** | **७२५** |

द्रष्टव्य: ** बेरुजूको दफाअन्तर्गत सैद्धान्तिक र लगतीदुवैको जम्मा संख्या समावेश छ ।*

** प्रारम्भिक प्रतिबेदनमा उल्लेख भएको दफा संख्यामा प्रतिक्रियाबाट फछ्र्यौट एवं समायोजन गरी अनुसुचीमा बाँकी दफा कायम गरिएको छ ।*

# जिल्ला विकास समितिको एकीकृत आय-व्यय विवरण

| आय | | व्यय | |
|---|---|---|---|
| गत वर्षको | १३००२२२५६.४९ | जिविस आन्तरिक चालु/पूंजीगत | १२३३४२६६५.६८ |
| नेपाल सरकार (जिविस, गाविस) | १६०६२५३७०.०० | जिविस अनुदान चालु/पूंजीगत | ४३२७२३७०.०० |
| आन्तरिक स्रोत | ८०११४७२४.३७ | गाविस अनुदान चालु/पूंजीगत | ११७३५३०००.०० |
| रजिष्ट्रेशन शुल्क | २६२१६१०३.२५ | अन्य शिर्षकको खर्च | ७३६५९२७४.११ |
| धरौटी | ७९७५५६२७.३३ | धरौटी | ५४२९३८४०.९५ |
| अन्य | ४४२०३१६४.०९ | मौज्दात | १०९०१६०९४.७९ |
| जम्मा | ५२०९३७२४५.५३ | जम्मा | ५२०९३७२४५.५३ |

| आय | | रकम | व्यय शीर्षक | | रकम |
|---|---|---|---|---|---|
| गत वर्षको जिम्मेवारी | | १३००२२२५६.४९ | बजेट खर्च | | १२३३४२६६५.६८ |
| कोष खाता | २८५४६६७५.५० | ० | जिविस आन्तरिक पूंजीगत | १०५१८१८७७.५३ | |
| कर्मचारी कल्याण कोष | ३५७७४००.७१ | | जिविस आन्तरिक चालु | १८१६०७८८.१५ | ० |
| भारतीय दुताबासबाट संचालित खाता | १६४९४३४१.४० | | अन्य शिर्षकको खर्च | | ७३६५९२७४.११ |
| मानव संसाधन विकास कोष खाता | १६८०८३.०० | | जिविस अनुदान (चालु, पूंजीगत) | | ४३२७२३७०.०० |
| एक्सन एड् खाता | १०६०९९.०० | | गाविस अनुदान (चालु, पूंजीगत) | | ११७३५३०००.०० |
| वैकल्पिक ऊर्जा कार्यक्रम | २०७२८०.५० | | केन्द्रिय शिर्षक ( चालु, पूंजीगत) | | ८६४६७३६४८.०४ |
| वातावरण विकास कोष | २३१९७०.७० | | धरौटी खर्च | | ५४२९३८४०.९५ |
| महिला तथा बाल विकास कोष | ४७५०००.०० | | | | ० |
| स्थानीय विकास घुम्ती कोष | ३२५३४४१.०० | | | | ० |
| मर्मत सम्भार कोष | १०९७८०.०० | | | | ० |
| डाफ्टको मौज्दात (संस्कृति मन्त्रालय) | ०.०० | | ग्रामिण पुनःनिर्माण तथा पुनःस्थापना आयोजना | | १७२२४६५३.०० |
| धरौटी खाता | ४०८९८१७५.०४ | | अन्तिम बैंक मौज्दात | | १०९०१६०९४.७९ |
| प्रकोप व्यवस्थापन विशेष कोष | २६५७५०.०० | | कोष खाता | ११५३४८३७.४४ | ० |
| RAP-3 मौज्दात | ३५६८८२५९.६४ | | कर्मचारी कल्याण कोष | ३५३९९२६.२७ | ० |
| यो वर्षको आय | | १०२५२९९०१८.०४ | भारतीय दुताबासबाट संचालित खाता | ९६६०४९४.६० | ० |
| नेपाल सरकार | | ० | मानव संसाधन विकास कोष खाता | ३६८०८३.७५ | ० |
| जिविस अनुदान (चालु, पूंजीगत) | ४३२७२३७०.०० | | एक्सन एड् खाता | १०६०९९.०० | ० |
| गाविस अनुदान (चालु, पूंजीगत) | ११७३५३०००.०० | | वैकल्पिक ऊर्जा कार्यक्रम | ०.०० | ० |
| केन्द्रिय शिर्षक (चालु, पूंजीगत) *(अर्थ बजेट समेत)* | ८६४६७३६४८.०४ | | वातावरण विकास कोष | ५७७५६९.८० | ० |
| आन्तरिक स्रोत | | १०६३३०८२७.६२ | महिला तथा बाल विकास कोष | ४७५०००.०० | ० |
| कर, दस्तुर, सेवा शुल्क, भाडाबाट | ८०११४७२४.३७ | ० | स्थानीय विकास घुम्ती कोष | ३७३९४६८.०० | ० |
| राजश्व बांडफांडबाट | २६२१६१०३.२५ | | गरिवी निवारण तथा सामाजिक परिचालन | १०००००.०० | ० |
| सापटी फिर्ता प्राप्त | ०.०० | | मर्मत सम्भार कोष | ६५९८४९.७२ | ० |
| धरौटी | | ७९७५५६२७.३३ | डाफ्टको मौज्दात (संस्कृति मन्त्रालय) | ०.०० | ० |
| कर्मचारी कल्याण कोष | | ३२२५००१.०४ | धरौटी खाता | ६६३५९९६१.४२ | ० |
| भारतीय दुताबासको सहयोगमा संचालित कार्यक्रमको निकासा | | १००१६७५५.७० | प्रकोप व्यवस्थापन विशेष कोष | १८६८८९७.४४ | ० |
| मानव संसाधन विकास कोष खाता | | ३०००००.७५ | RAP-3 मौज्दात | १००२५९०७.३५ | ० |
| वातावरण व्यवस्थापन विषेश कोष | | ९४२६१६.६० | | | ० |
| स्थानीय विकास घुम्ती कोष | | ७८६७०००.०० | | | ० |
| गरिवी निवारण तथा सामाजिक परिचालन | | १०००००.०० | | | ० |
| सडक बोर्ड नेपाल | | १६०३५६३.०० | | | ० |
| मर्मत सम्भार कोष | | १११४८२२७.०० | | | ० |
| प्रकोप व्यवस्थापन विशेष कोष | | ९००००००.०० | | | ० |
| ग्रामिण पुनःनिर्माण तथा पुनःस्थापना आयोजना | | १७२२४६५३.०० | | | ० |
| **जम्मा** | | **१४०२८३५५४६.५७** | **जम्मा** | | **१४०२८३५५४६.५७** |

अनुसूची-४

# जिम्मेवार पदाधिकारीहरुको नामावली

| सि.नं. | कार्यालय | कार्यालय प्रमुख | लेखा प्रमुख |
|---|---|---|---|
| १ | आन्तरीक राजस्व कार्यालय | श्री निर्मल ढकाल | श्री विदुर प्रसाद मिश्र |
| २ | कंकाइ सिंचाइ विकास डिभिजन | श्री वीरेन्द्र कुमार यादव | श्री प्रमोद खतिवडा |
| ३ | खाध्य क्वारेन्टाइन प्रयोगशाला | श्री हेमन्त कुमार पराजुली | श्री खड्ग प्रसाद दाहाल |
| ४ | खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय | श्री चोक प्रसाद धिताल | श्री मायानाथ पौडेल |
| ५ | चन्द्रडांगी विऊ विजन तथादुग्ध विकास समिति | श्री टेक बहादुर पोखरेल | श्री वीरेन्द्र बस्नेत |
| ६ | जनताको तटबन्ध कार्यक्रम फिल्ड कार्यालय नं १ | श्री कैलाश श्रेष्ठ | श्री केदारजंग निरौला |
| ७ | जल उत्पन्न प्रकोप नियन्त्रण डिभिजन कार्यालय नं १ | श्री इश्वरमणि पोखरेल | श्री डिक बहादुर सोडारी |
| ८ | जिल्ला आयुर्वेद कार्यालय | श्री सकलदेव चौधरी | श्री याम प्रसाद लुइटेल |
| ९ | जिल्ला कारागार कार्यालय | श्री यज्ञराज निरौला | श्री खड्ग प्रसाद ओली |
| १० | जिल्ला कृषि विकास कार्यालय | श्री मेघनाथ तिमल्सेना | श्री बीरेन्द्र बस्नेत |
| ११ | जिल्ला प्राविधिक कार्यालय | श्री शुशिल श्रेष्ठ | श्री पिताम्बर खतिवडा |
| १२ | जिल्ला प्रशासन कार्यालय | श्री मदन भुजेल | श्री केशव प्रसाद भटटराइ |
| १३ | जिल्ला प्रहरी कार्यालय | श्री शैलेश थापा क्षेत्री | श्री सेमन्त जंग कार्की |
| १४ | जिल्ला पशु विकास कार्यालय | डा.श्री माधव प्रसाद दाहाल | श्री बिनोद कुमार रेग्मी |
| १५ | जिल्ला वन कार्यालय | श्री इन्द्रमणि अधिकारी | श्री कष्ण प्रसाद शर्मा |
| १६ | जिल्ला विकास समिति | श्री खेमराज ओझा | श्री विनिता पोखेल |
| १७ | जिल्ला भूसंरक्षण कार्यालय | श्री ह्रदय कुमार झा | श्री बाबुराम पोखरेल |
| १८ | जिल्ला जनस्वास्थ्य कार्यालय | श्री चन्द्रदेवव मेहता | श्री विष्णु प्रसाद नेपाल |
| १९ | जिल्ला शिक्षा कार्यालय | श्री डिल्लीराम लुइटेल | श्री नगेन्द्र दाहाल |
| २० | जिल्ला हुलाक कार्यालय | श्री रामहरि खतिवडा | श्री हिमाल शर्मा |
| २१ | डिभिजन सडक कार्यालय दमक | श्री राजेन्द्र प्रसाद साह | श्री गोवन्द त्रिपाठी |
| २२ | डिभिजन सहकारी कार्यालय | श्री माधव प्रसाद पोखरेल | श्री राम बहादुर खड्का |
| २३ | नापी कार्यालय, चन्द्रगढी | श्री डिल्लीराम भण्डारी | श्री ध्रुव प्रसाद श्रेष्ठ |
| २४ | नापी कार्यालय,दमक | श्री शेष बहादुर श्रेष्ठ | श्री ईश्वर कुमार पौडेल |
| २५ | पर्यटन कार्यालय | श्री गणेश प्रसाद तिमिल्सिना | श्री चोलाराज दंगाल |
| २६ | नेपाल इन्टर मोडेल विकास समिति | श्री निर्मल अधिकारी | श्री यादव राज पण्डित |
| २७ | पूर्वान्चल क्षेत्रीय सडक निर्देशनालय | श्री शिबहरि सापकोटा | श्री शैलेन्द्र कुमार खत्री |
| २८ | व्यवसायिक तथा  सिप विकास तालिम केन्द्र | श्री सुमेन्द्र मण्डल | श्री प्रमोद खतिवडा |
| २९ | मालपोत कार्यालय,चन्द्रगढी | श्री विजय पौडेल | श्रीमिन प्रसाद पौडेल |
| ३० | मालपोत कार्यालय, दमक | श्री देवी बहादुर भण्डारी | श्रीयुवराज पोखेल |
| ३१ | मेची अंचल अस्पताल | श्री पिताम्बर ठाकुर | श्रीविरेन्द्र बहादुर वस्नेत |
| ३२ | मेची बहुमुखी क्याम्पस | श्री उमानाथ वली | श्रीगोविन्द प्रसाद मिश्र |
| ३३ | मेची भंसार कार्यालय | श्री नारायण प्रसाद शर्मा | श्रीजगदिश दाहाल |
| ३४ | यातायात व्यवस्था कार्यालय मेची अंचल | श्री जनार्दन भटटराइ | श्री गणेश कुमार पोखरेल |
| ३५ | राष्ट्रिय चिया तथा कफि विकास वोर्ड | श्री इन्द्र कुमार अधिकारी | श्री देउ कुमार आगंयोयु |
| ३६ | स्थानिय विकास कोषको सचिवालय | श्री जय तिम्सिना | श्री वालकृष्ण नेपाल |
| ३७ | ग्रामीण विकास प्रशिक्षण केन्द्र | श्री कष्ण प्रसाद भटटराई | श्री सनिरा वस्ती |
| ३८ | सशस्त्र प्रहरी बल पाथीभरा गण | श्री भरतबाबु के. सी. | श्री प्रेम सिंह विष्ट |
| ३९ | सशस्त्र प्रहरी बल सीमा सुरक्षा कार्यालय | श्री शान्ति कुमार कार्की | श्री गजेन्द्र बहादुर लिम्वु |
| ४० | सिंचाइ विकास डिभिजन | श्री इश्वरी प्रसाद तिवारी | श्री लक्ष्मी प्रसाद दाहाल |

977-1-4258172, 4255707

info@oag.gov.np

Kathmandu, Nepal

977-1-4268309, 4262798

13328

www.oagnep.gov.np